सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१७ फागुन २०८२, आइतबार (1 March 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३११ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-




### काठमाडौं ७ मा तीन निवर्तमान सांसदको भिडन्त, कांग्रेसको पनि चुनौती



गणेश पराजुली रास्वपा | प्रमोदहरि गुरागाईं कांग्रेस | प्रकाश श्रेष्ठ एमाले | वसन्त मानन्धर नेकपा

### ललितपुर ३ मा तोसिमालाई साख जोगाउने चुनौती





सन्दन थापामगर एमाले | जितेन्द्रकुमार श्रेष्ठ कांग्रेस | राजकाजी महर्जन नेकपा

(विस्तृत पृष्ठ ३)

### चुनावी घोषणापत्रमा शैक्षिक रूपान्तरणको बहस



अग्रलेख

● किरण कोइराला

दलहरूको चुनावी घोषणापत्रमा शिक्षालाई सिपसँग जोड्ने र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने प्रतिबद्धता कमजोर देखिन्छ

(पृष्ठ ४)

### को हुन् अमेरिका-इजरायलले मुख्य निसाना बनाएका खामेनी ?



यसपटक अमेरिकी-इजरायली आक्रमणको लक्ष्य हेर्दा उनीहरूको उद्देश्य 'मुख्यतः अहिलेको इरानको मूल राजनीतिक नेतृत्वको समूल नष्ट गर्ने' देखिन्छ

(विस्तृत पृष्ठ ५)

### भारतबाट थप बिजुली ल्याउन प्राधिकरणलाई सकस



सय मेगावाट विद्युत् किन्न दुईपटक टेन्डर गर्दा परेन एउटै प्रस्ताव

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# तेल भूमिमा मिसाइलको वर्षा

अमेरिका-इजरायल र इरानबिचको युद्धसँगै मध्यपूर्वमा सल्केको आगोले विश्व राजनीतिमा नयाँ ध्रुवीकरण र शक्तिसंघर्ष चर्काएको छ। तेलको भूमि तथा प्रवासी कामदारको केन्द्रमा उत्पन्न सैन्य तनावले तेल आपूर्ति अवरुद्ध, वैदेशिक रोजगारी, हवाई सुरक्षा र विश्व व्यापारमा असन्तुलन पैदा गर्ने जोखिम बढेको छ।

■ आक्रमण जारी राख्ने अमेरिकी राष्ट्रपति ट्रम्पको भनाइ, कडा प्रतिकार गर्ने इरानको चेतावनी


■ अन्तर्राष्ट्रिय समुदायको चासो, संवादबाट निकास खोज्न आग्रह

## मध्यपूर्वका १६ देशका करिब २० लाख नेपालीको सुरक्षा र रोजगारीमाथि चिन्ता

मध्यपूर्वमा सल्केको युद्धको आगो बढ्दा प्रवासी नेपालीको जीवन र रोजगारीमा मात्र होइन रेमिट्यान्समा टिकेको नेपाली अर्थतन्त्रको मेरुदण्डमै असर गर्न सक्छ



अमेरिका-इजरायलको संयुक्त हवाई आक्रमणमा क्षतिग्रस्त इरानको मिनावस्थित विद्यालय। दुई इरानी विद्यालयमा मात्र ८० भन्दा बढी मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।




पर्शुराम काफ्ले, अजित अधिकारी

इरानको आणविक कार्यक्रमबारे वासिंटन र तेहरानबिच जेनेभा वार्ता जारी रहेकै वेला अमेरिका-इजरायलले संयुक्त रूपमा इरानमाथि आक्रमण गरेका छन्। प्रत्याक्रमणस्वरूप इरानले इजरायलका साथै खाडीका विभिन्न देशमा रहेका अमेरिकी सैन्य अखडा लक्षित गर्दै मिसाइल प्रहार गरेको छ। युद्धलाई लिएर विश्वमा ध्रुवीकरण सुरु भएको छ।

इजरायलले इरानमाथि हमला गरेको आठ महिनापछि इजरायल-अमेरिकाले शनिबार दोस्रोपटक भयानक हमला गरेका हुन्। शनिबार अचानक अमेरिका-इजरायलले संयुक्त हवाई आक्रमण गरेपछि प्रत्याक्रमणस्वरूप इरानले

» पृष्ठ २ मा क्रमशः

### ■ के गर्दै छ सरकार ?

● **परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्री भन्छन्–**



विकसित घटनाक्रमलाई नजिकबाट अनुगमन गरिरहेका छौं। मध्यपूर्वस्थित नेपाली दूतावास तथा महावाणिज्य दूतावासहरू त्यहाँ रहेका नेपाली समुदाय र सम्बन्धित मुलुकका आधिकारिक निकायसँग निरन्तर सम्पर्कमा छन्। यस संवेदनशील घडीमा नेपाली नागरिकको सुरक्षा नै हाम्रो सर्वोच्च प्राथमिकता हो र आवश्यक समन्वय जारी छ।

● **दुबईका महावाणिज्यदूत हरिप्रसाद ओडारी भन्छन्–**



हालसम्म युएईमा रहेका सबै नेपाली सुरक्षित छन्। परिस्थिति सामान्य देखिए पनि भविष्यबारे चिन्ता र त्रास भने कायम छ। परिस्थितिलाई नजिकबाट नियाल्दै यहाँका नेपाली समुदायसँग निरन्तर सम्पर्कमा छौं।

### परराष्ट्रको एडभाइजरी-

**उच्च सतर्कता अपनाउन् र सम्बन्धित देशका आधिकारिक निकायले जारी गरेका सुरक्षा निर्देशन तथा परामर्श कडाइका साथ पालना गर्नू**

### प्रभावकारी कदम चाल्न सरकारसँग शीर्ष नेताको आग्रह



## अनिश्चितकालका लागि मध्यपूर्वका उडान रद्द

खाडी मुलुक र खाडी हुँदै पश्चिमी देश जान त्रिभुवन विमानस्थल पुगेका हजारौं यात्रु रोकिए



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अलपत्र यात्रु। शनिबार मध्यपूर्वतर्फ तय भएका १५ उडान रद्द भएका थिए। तस्बिर : **दिपेन्द्र हुंगाना**/नयाँ पत्रिका

**कृष्ण रिजाल**/नयाँ पत्रिका

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमण र खाडी मुलुकका अमेरिकी सैन्य क्याम्पमा इरानले गरेको जवाफी हमलाका कारण नेपालको अन्तर्राष्ट्रिय उडान पनि प्रभावित भएको छ। नेपालबाट मध्यपूर्वका खाडी मुलुक र खाडी हुँदै पश्चिमी देश जाने उडान तथा उताबाट नेपाल आउने सबै उडान अनिश्चितकालका लागि रद्द गरिएका छन्। जसकारण शनिबार उडानका लागि त्रिभुवन विमानस्थल पुगेका हजारौं यात्रु रोकिए।

नेपालका दुई अन्तर्राष्ट्रिय एयरलाइन्स नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सका साथै एयर अरेबिया, फ्लाई दुबई, जजिरा एयरलाइन्स, कुवेत एयरलाइन्स, कतार एयरलाइन्स र टर्किस एयरलाइन्सका उडान रद्द भएका हुन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता सन्तुष्टकुमार

» पृष्ठ २ मा क्रमशः

पर्यवेक्षक संस्थाहरूको चिन्ता

## निर्वाचनमा बालबालिकाको प्रयोग रोकिएन, आचारसंहिता पालना फितलो भयो

नयाँ पत्रिका

निर्वाचन पर्यवेक्षक संस्थाहरूले दल तथा उम्मेदवारबाट भइरहेका निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग नरोकिएको निष्कर्ष निकालेका छन्। विभिन्न पर्यवेक्षक संस्थाहरूले शनिबार संयुक्त विज्ञप्ति जारी गर्दै निर्वाचन आचारसंहिताविपरीत बालबालिकालाई च्याली, पोस्टर वितरण वा उम्मेदवार फोटो सेसनका लागि प्रयोग गरिएको भन्दै चिन्ता व्यक्त गरेका हुन्।

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), गैरसरकारी संस्था (गैसस) महासंघ, आमनिर्वाचन पर्यवेक्षण समिति (जिओक) र निर्वाचन पर्यवेक्षण समिति (इओक)ले बालबालिकाको प्रयोग रोक्न थप निगरानी आवश्यक रहेको औंल्याएका छन्। निर्वाचन आयोगले नै बालबालिका प्रयोग नगर्न दल र उम्मेदवारलाई निर्देशन दिँदा र नागरिक समाज, पर्यवेक्षण संस्था तथा बाल अधिकार समूहहरूले पनि बारम्बार सचेत गराउँदा पनि बालबालिकाको प्रयोग नरोकिएको विज्ञप्तिमा उल्लेख छ।

नियोकका अध्यक्ष डा. गोपालकृष्ण शिवाकोटी, गैसस महासंघका अध्यक्ष अर्जुन भट्टराई, जिओकका महासचिव कृष्णमान प्रधान, इओकका उपाध्यक्ष बद्रीप्रसाद शिवाकोटीले हस्ताक्षर गरेको विज्ञप्तिमा निर्वाचन आचारसंहिता उल्लंघन, सञ्चारकर्मीको भूमिका, निर्वाचनको वातावरण र जनगुनासो, मतदाता नामावली र मतदानको व्यवस्था, मतदाता शिक्षा, निर्वाचन सुरक्षा चुनौती, चुनावी खर्च र प्रचारप्रसार, चुनावी घोषणापत्र र प्राथमिकताबारे उल्लेख गरिएको छ।

» पृष्ठ २ मा क्रमशः

निर्वाचनमा गलत सूचनाको बाढी

## ५४ प्रतिशत सूचना एआईनिर्मित 'डिपफेक' फोटो-भिडियो


**सुवास भट्ट**/नयाँ पत्रिका

निर्वाचनको मिति जति नजिकिँदै छ, हानिकारक (टक्सिक) सूचनाको प्रचारप्रसार उति नै बढ्दै छ। मतदातालाई प्रभावित पार्ने गरी हानिकारक सूचनाको प्रचारप्रसार बढेको निर्वाचन आयोगले नै जनाएको हो।

आयोगले यस्ता ६१२ सूचना पहिचान गरेको छ। आयोगले निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सञ्चालनमा ल्याएको सूचना सदाचार प्रवर्द्धन इकाइले हानिकारक सूचना पहिचान गर्छ। पहिचान भएका हानिकारक सूचनाउपर कारावाहीका लागि सम्बन्धित निकायमा पठाइएको आयोगले जनाएको छ। आयोगका अनुसार अधिकांश हानिकारक सूचना विद्युतीय कारोबारसम्बन्धीका छन्।

५४५ सूचनामा विद्युतीय कारोबार ऐन, २०६३ आकर्षित

» पृष्ठ २ मा क्रमशः



### आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई आयोगले तिरायो जरिवाना

### अहिलेसम्म २५४ हानिकारक सूचना फैलाउनेमाथि कारबाही भएको छ

● **नारायणप्रसाद भट्टराई**
प्रवक्ता, निर्वाचन आयोग



अहिले निर्वाचनको समयमा एआईसिर्जित डिपफेक सामग्रीको चुनौती देखिएको छ। यद्यपि, यसलाई आयोगले ट्र्याक गरिरहेको छ। हालसम्म ६१२ हानिकारक सूचना ट्र्याक गरिएको छ। त्यसमध्ये ५४५ सूचनामा विद्युतीय कारोबार ऐन, २०६३ आकर्षित हुन्छ। त्यसउपर कारबाहीका लागि नेपाल प्रहरीमा पठाइएको छ। त्यस्तै, निर्वाचन आचारसंहिता, २०८२ आकर्षित हुने १२१ सूचनालाई केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको छ। ७४ सूचनामा प्रेस काउन्सिल ऐन, २०४८ आकर्षित हुने देखिएपछि काउन्सिलमै पठाइएको छ भने एउटा सूचनालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार कारबाहीका लागि विज्ञापन बोर्डमा पठाइएको छ। हालसम्म प्रहरीले १३२, केन्द्रीय आचारसंहिता अनुगमन समितिले ९० र प्रेस काउन्सिलले ३२ हानिकारक सूचना फैलाउनेमाथि कारबाही गरेका छन्।

# उम्मेदवार पर्खिरहेका गाउँ

## हिमाली बस्तीमा पुगेन चुनावी चहलपहल, मतदाताले सुनाउन पाएनन् गुनासा

■ जुम्लाका खोप्री, सिप्टीमार्फान र हुरीमहरीदेखि ताप्लेजुङका ओलाङचुङगोला, घुन्सा र ग्याब्लासम्मका हिमाली बस्तीमा छैन चुनावी चहलपहल

जुम्लामा **मानदत्त रावल**
ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

आगामी २१ फागुनको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा दल र उम्मेदवार घरदैलो अभियानमा व्यस्त छन्।
तर, जुम्लाका खोप्री, सिप्टीमार्फान र हुरीमहरीदेखि ताप्लेजुङका ओलाङचुङगोला, घुन्सा र ग्याब्लासम्मका हिमाली बस्तीमा भने चुनावी चहलपहल पुगेको छैन।

हिमाली तथा उच्च पहाडी क्षेत्रका जिल्लामा सदरमुकाम गाउँबस्तीमा उम्मेदवार दोहोऱ्याइ-तेहेऱ्याइ पुग्दा दुर्गम बस्तीमा पुगेका छैनन्। सडक, स्वास्थ्य, खानेपानी र विद्युत्जस्ता आधारभूत समस्याले थिचिएका मतदाता आफ्ना गुनासा उम्मेदवारसमक्ष राख्न नपाइने हो कि भन्ने चिन्तामा छन्।

एउटा निर्वाचन क्षेत्र रहेको जुम्लामा कनकासुन्दरी गाउँपालिका- १, सिप्टीमार्फान गाउँ र पातारासी गाउँपालिका- ३, हुरीमहरीजस्ता विकट बस्तीका मतदाताले उम्मेदवारलाई गुनासा सुनाउन पाएका छैनन्। मार्फानमा रहेको कालिका आधारभूत विद्यालय मतदान केन्द्रमा १०५ तथा

» पृष्ठ २ मा क्रमशः



जुम्लाको तिला गाउँपालिका- ९ स्थित माथिल्लो खोप्री

जुम्लाकै विकटमध्येको तल्लो खोप्रीमा २१ र माथिल्लो खोप्रीमा ३५ घर छन्। सडक सञ्जालसँग नजोडिएको यी दुई गाउँमा जुम्लाका १० उम्मेदवारमध्ये राप्रपाका ज्ञानेन्द्र शाही, एमालेका शान्तिलाल महत र नेकपाका नरेश भण्डारी भने पुगेका छन्। जुम्लाका कनकासुन्दरी गाउँपालिका- १ को सिप्टीमार्फान गाउँ र पातारासी गाउँपालिका- ३ को हुरीमहरीजस्ता विकट बस्तीका मतदाताले भने उम्मेदवारलाई गुनासा सुनाउन पाएका छैनन्।



ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७ स्थित ओलाङचुङगोला

ओलाङचुङगोलासहित वडा नं. ६ को घुन्सा र ग्याब्लामा उम्मेदवार पुगेका छैनन्। ओलाङचुङगोलामा २९३, घुन्सामा १७३ र ग्याब्लामा ६९ मतदाता छन्। हिमाली भौगोलिक कठिनाइ, अत्यधिक चिसो र निकै हिँड्नुपर्ने भएकाले यी बस्ती चुनावी गतिविधिबाट टाढा छन्। एक निर्वाचन क्षेत्र रहेको ताप्लेजुङमा १३ उम्मेदवार छन्। उनीहरूले यी गाउँमा प्रतिनिधि र फोनमार्फत मत मागिरहेका छन्।

## जाँचबुझ आयोगका पदाधिकारीको नियुक्ति निष्पक्ष हुने गरी गर्नुपर्ने सर्वोच्चको आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले सार्वजनिक महत्त्वका विषयमा जाँचबुझ गराउँदा आयोगका पदाधिकारीको निष्पक्षतामा प्रश्न नउठ्ने गरी सरकारलाई नियुक्ति प्रक्रिया सुनिश्चित गर्न आदेश दिएको छ। यो आदेश जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगको निष्पक्षता र अध्यक्षको योग्यतामा प्रश्न गर्दै दायर रिटमाथि आएको हो।



रिट निवेदन खारेज भए पनि सरकारका नाममा सर्वोच्चले निर्देशनात्मक आदेश जारी गरेको हो। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी भएको हो। 'अब सार्वजनिक महत्त्वका विषयमा जाँचबुझ गराउने आयोगका पदाधिकारीको नियुक्ति गर्दा तटस्थता र निष्पक्षतामा प्रश्न नउठ्ने गरी र आयोगका कामप्रति सार्वजनिक विश्वास कायम हुने गरी मात्र नियुक्ति गर्नू' फैसलामा भनिएको छ।

सर्वोच्चले अध्यक्षको योग्यतामा कुनै कमी-कमजोरी नभएको उल्लेख गरेको छ। फैसलामा भनिएको छ, 'आयोगका अध्यक्ष गौरीबहादुर

» पृष्ठ २ मा क्रमशः

## निर्वाचनमा...

पृष्ठ १ बाट क्रमशः

'निर्वाचन प्रक्रियामा आचारसंहिता उल्लंघन, प्रचार खर्च सीमा उल्लंघन, उम्मेदवारका पक्षहरूबिच सम्भावित विवाद, डिजिटल माध्यम र सामाजिक सञ्जाल दुरुपयोग, सम्भावित झगडा र निर्वाचन प्रचार निषेध अवधिमा निर्वाचन आचारसंहिता उल्लंघनजस्तो सम्भावित समस्याको कडा र नियमित निगरानी गरिनु आवश्यक छ,' संयुक्त विज्ञप्तिमा भनिएको छ।

पर्यवेक्षक संस्थाहरूले मतदानको दिन नजिकिँदै गर्दा विभिन्न अनियमितता, उल्लंघन र कमजोरी देखिएको र यस्ता कतिपय गल्ती दोहोरिएको भन्दै आयोगको ध्यानाकर्षणसमेत गराएका छन्। आचारसंहिता लागू भएपछि यसको कडाइका साथ कार्यान्वयन नभएको, विद्यमान कानुनी प्रावधान पुरानो भएकाले डिजिटल उल्लंघनका घटनाको अनुसन्धान र नियमन प्रभावकारी हुन नसकेको उल्लेख छ। गल्ती तथा उजुरीहरूको समयमै सम्बोधन हुन नसक्दा गल्तीहरू दोहोरिँदा निर्वाचन प्रक्रियामै जोखिम थपिएको भनेर चिन्ता गरिएको छ।

आयोगले समयमै यस्ता सम्भावित घटनामा उच्च सतर्कता, निगरानी र तत्काल कारबाही गर्न सकेमा यसले निर्वाचनको सफलता, निष्पक्षता र विश्वसनीयतामा योगदान पुग्ने पर्यवेक्षक संस्थाहरूको सुझाव छ। 'हामी चारै निर्वाचन पर्यवेक्षक संस्थाहरूले देशभर आफ्ना पर्यवेक्षक परिचालन गरिसकेका छौँ। निर्वाचन प्रक्रियाको नजिकबाट अनुगमन गरिरहेका छौँ। निर्वाचन प्रक्रियामा देखिएका कमजोरी तथा सकारात्मक पक्षहरू सम्बन्धित निकायसमक्ष निरन्तर जानकारी गराइरहेका छौँ,' विज्ञप्तिमा भनिएको छ। स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन सबैको साझा जिम्मेवारी भएकाले सम्पूर्ण मतदाता, नागरिक, राजनीतिक दल, सुरक्षा निकाय, सरकारी निकाय तथा संयन्त्र, नागरिक समाजलगायत सबै सरोकारवालामा उत्साहका सहभागी हुन र आ-आफ्नोतर्फबाट आवश्यक सहयोगका लागि पनि अपिल गरेका छन्।

पर्यवेक्षक संस्थाहरूले सुरक्षा चुनौती पनि औँल्याएका छन्। 'सुरक्षा व्यवस्थामा ग्रामीण क्षेत्रमा चुनौती, मतदान केन्द्रमा पर्याप्त प्रहरी नपुग्ने, राजनीतिक तनावले हिंसात्मक घटना बढाउने, आकस्मिक योजनाको अभाव, सुरक्षामा विश्वास घट्ने, निगरानी प्रणाली कमजोर हुने, स्रोत र जनशक्ति कमी हुने र सुरक्षासम्बन्धी अन्य सरोकारवालाबाट हुन सक्ने थप जोखिम देखिएका छन्,' विज्ञप्तिमा भनिएको छ। त्यस्तै, चुनाव खर्चको निगरानी पनि फितलो भएको, अझै धेरै दल र उम्मेदवारले बैंक खाता नखोलेको, अप्रत्यक्ष प्रचार खर्च धेरै ठुलो रहेको, तर आयोगले त्यसलाई पूर्ण रूपमा नियन्त्रणमा लिन नसकेको भन्दै सचेत गराएका छन्।

पर्यवेक्षक संस्थाहरूले दलका घोषणापत्र मतदातालाई प्रलोभन पार्ने कागजका रूपमा आएको टिप्पणी गरेका छन्। 'घोषणापत्र नेपालको आर्थिक, सामाजिक रूपान्तरण, संविधानको कार्यान्वयन, पछिल्लो जेन-जी आन्दोलनको मागको सम्बोधनभन्दा पनि विकासको खेतीका रूपमा मतदातालाई प्रलोभनमा पार्ने कागजका रूपमा प्रयोग गर्ने दस्ताबेज बनाउन खोजिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'उम्मेदवारले अवास्तविक र असत्य वाचा गर्ने, कार्यान्वयन अभाव देखिने, निगरानी प्रणाली कमजोर हुने, नागरिक सहभागिता कमी हुने, पारदर्शिता अभाव देखिने, जनविश्वास घट्ने र थप अविश्वास बढ्न सक्ने जोखिम देखिएको छ।' उनीहरूले यी विषयहरूमा उच्च सतर्कता, निगरानी र तत्काल कारबाही गर्न निर्वाचन आयोग र सम्बन्धित सरोकारवाला निकायले ध्यानाकर्षण गराएका छन्।

## ५४ प्रतिशत...

पृष्ठ १ बाट क्रमशः

हुन्छ। त्यसउपर कारबाहीका लागि नेपाल प्रहरीमा पठाइएको छ। त्यस्तै, निर्वाचन आचारसंहिता, २०८२ आकर्षित हुने १२१ सूचनालाई केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको छ। ७४ सूचनामा प्रेस काउन्सिल ऐन, २०४८ आकर्षित हुने देखिएपछि काउन्सिलमै पठाइएको छ भने एउटा सूचनालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार कारबाहीका लागि विज्ञापन बोर्डमा पठाइएको आयोगले जनाएको छ।

आयोग प्रवक्ता नारायणप्रसाद भट्टराईले हानिकारक सूचनामाथि कारबाहीका लागि पठाएकामा निकायहरूले कारबाही पनि गरेको बताए। उनका अनुसार हालसम्म प्रहरीले १३२, केन्द्रीय आचारसंहिता अनुगमन समितिले ९० र प्रेस काउन्सिलले ३२ हानिकारक सूचना फैलाउनेमाथि कारबाही गरेका छन्।

अधिकांश हानिकारक सूचना कृत्रिम बौद्धिकता (एआई) बाट निर्मित डिपफेक देखिएका छन्। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले गरेको एक अध्ययनले निर्वाचनमा सम्प्रेषण गरिएका हानिकारक सूचनामध्ये ५४ प्रतिशत एआईनिर्मित डिपफेक फोटो र भिडियोबाट निर्मित डिपफेक चित्र तथा भिडियो रहेको देखाएको आयोगले जनाएको छ। 'अहिले निर्वाचनको समयमा एआईसिर्जित डिपफेक सामग्रीको चुनौती देखिएको छ,' आयोग प्रवक्ता भट्टराईले भने, 'यद्यपि, यसलाई आयोगले ट्र्याक गरिरहेको छ,' निर्वाचन आचारसंहिता उल्लंघन नगर्न उनले सबैलाई आग्रहसमेत गरे।

त्यस्तै, आयोगले आचारसंहिता उल्लंघनमा नेपाली कम्युनिस्ट पार्टीको जाजरकोट १ का उम्मेदवार शक्तिबहादुर बस्नेत, रुपन्देही २ का जनसेवा पार्टीका उम्मेदवार डा. कमल भुसाल (निकोलस भुसाल) र श्रम संस्कृति पार्टीलाई जनही २५-२५ हजार जरिवाना तिराउने निर्णय गरेको छ। त्यस्तै, रास्वपाका बाँके ३ का उम्मेदवार खगेन्द्र सुनारलाई निर्वाचन आचारसंहिता प्रतिकूल हुने गरी अभिव्यक्ति नदिन सचेत गराउने र भक्तपुर २ मा नेपाल जनसेवा पार्टीबाट उम्मेदवार रहेकी जानुका पाठक (शोभा)लाई जेन-जी आन्दोलनमा रगतले लतपतिएको आइकोनिक जुत्ता दुरुपयोग नगर्न सचेत गराउँदै अबउप्रान्त यस्तो कार्य गरेमा प्रचलित निर्वाचन कानुनबमोजिम कारबाही गर्ने निर्णय पनि गरेको छ।

## जाँचबुझ...

पृष्ठ १ बाट क्रमशः

कार्कीले सार्वजनिक रूपमा अभिव्यक्त गरेको धारणा भए तापनि उनी वा अन्य सदस्यलाई आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्त हुन कानुनले तोकेको योग्यता नभएको अवस्था देखिएन।'

न्यायाधीश मनोजकुमार सुवेदी, नहकुल सुवेदी र श्रीकान्त पौडेलको इजलासले अध्यक्षले सार्वजनिक रूपमा आफ्नो धारणा व्यक्त गरेको विषयले आयोगको निष्पक्षतामा प्रश्न उठ्न सक्ने भए पनि, निर्णय वा छानबिन सुरु हुनुअघि व्यक्त धारणा मात्र पदमुक्ति वा अयोग्य ठहरको आधार हुन नसक्ने ठहर गरेको छ। फैसलामा भनिएको छ, 'आयोगको अध्यक्षजस्तो सार्वजनिक जिम्मेवारी वहन गर्ने व्यक्तिले आफूले यसै विषयमा एउटा धारणा बनाई सार्वजनिक रूपमा धारणा अभिव्यक्त गरिसकेकाले सोही विषयमा जाँचबुझ गर्ने जिम्मेवारी स्वीकार गर्नु उचित हुन्छ वा हुँदैन भनी निज स्वयंले निर्धारण गर्नुपर्ने देखियो।'

रिट निवेदक विपिन ढकालको दाबीअनुसार अध्यक्ष कार्की र अन्य सदस्यहरूले आफ्नो सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा आन्दोलनसम्बन्धी अभिव्यक्ति दिएकाले आयोग निष्पक्ष हुन नसक्ने र प्रतिवेदनमाथि प्रश्न उठ्ने भएकाले उनीहरूको बर्खास्ती माग गरिएको थियो। उनले अध्यक्ष कार्की र सदस्य विज्ञानराज शर्मा तथा विश्वेश्वरप्रसाद भण्डारीलाई विपक्षी बनाएका थिए।


कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

**कालिन्चोक हाइड्रोपावर लिमिटेड**

**Kalinchock Hydropower Limited**

रजिष्टर्ड ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रानीवारी, काठमाण्डौ, नेपाल, फोन न. ०१-४९५८३३२
Email: kalinchwokhydro@gmail.com, Website: www.khpl.com.np

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना**

यस कम्पनीको कुल जारी पूँजी रु. ५५,००,००,०००/- को २५ प्रतिशत अर्थात रु. १३,७५,००,०००/- (अक्षरेपी तेह्र करोड पचहत्तर लाख रुपैयाँ) रकम बराबरको रु. १००/- अंकित दरका १३,७५,००० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १० प्रतिशत अर्थात रु. ५,५०,००,०००/- (अक्षरेपी पाँच करोड पचास लाख रुपैंया) रकम बराबरको रु. १०० अंकित दरका ५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १, २ र ३ का स्थानिय बासिन्दाहरुको लागि निष्काशन खुल्ला भैरहेको र बाँकी रु. ८,२५,००,०००/- (अक्षरेपी आठ करोड पचीस्स लाख रुपैंया) रकम बराबरको रु. १०० अंकित दरको ८,२५,००० कित्ताको १०% अर्थात ८२,५०० कित्ता साधारण शेयर (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई) साधारण शेयर मिति २०८२ फागुन १३ गतेदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ फागुन १७ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य आज मिति २०८२ फागुन १७ गते (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गर्दछौं।

**दरखास्त दिन पाउने न्यूनतम कित्ताः १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ४,००० कित्ता**

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य . १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको

**नेटवर्थ सम्बन्धी तालिका**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (Restated) | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व.२०८२/८३ पौष मसान्त | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.६३ | ९९.१४ | १०६.४९ | १०६.६५ | १०४.४२ | ११३.२९ | १२३.४३ |
| प्रति शेयर आम्दानी (रु.) | (०.७३) | ६.५१ | ७.०७ | १.४६ | ०.५३ | ८.८७ | १०.१३ |
| संचित नाफा/नोक्सान (रु.) | (१,६५,८६,३९४) | (११,३४,७९४) | २,१४,०६,६८३ | २,७४,४१,१८४ | २,४३,२३,८०५ | ७,३१,१२,२४४ | १२,८८,५१,४५४ |

**आयोजनाको नाम, कुल लागत, प्रति मेगावाट लागत, लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण**

| | |
|---|---|
| आयोजनाको नाम/ उत्पादन क्षमताः | साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा) |
| कुल लागत रकम : | १.२० अर्ब |
| प्रति मेगावाट लागतः | २४.१४ करोड |
| विद्युत उत्पादन अनुमति प्राप्त मितिः | २०७६/१०/०१ |
| अनुमति बहाल रहने अवधिः | २०७६/१०/०१ देखि २१११/०९/३० |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधीः | २९ वर्ष ५ महिना |
| साधारण लगानी फिर्ता हुने अवधिः | ९.१९ वर्ष |
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधीः | १५.३७ वर्ष |

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस कम्पनीलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले "[CARE-NP BB (Pronoucned CARE NP Issuer Rating Double B )" रेटिङ्ग सन् २०२४ जुलाई ०२ (मिति २०८१/०३/१८) मा प्रदान गरको छ। "[CARE-NP BB (Pronoucned CARE NP Issuer Rating Double B)" ले कम्पनीको वित्तिय दायित्व बहन गर्न क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA देखि CARE-NP D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA ले सकारात्मक आधार जनाउँछ भने CARE-NP D ले नकारात्मक आधारहरू जनाउँछ। यस सम्बन्धी विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ ४२ मा उल्लेख गरिएको छ। रेटिङ्ग प्रदान गरेको मितिः सन् २०२५ जुन १७ (मिति २०८२/०३/०३) र रेटिङ्ग बहाल रहने अवधि : सन् २०२६ जुलाई ०६ (मिति २०८३/०३/२२) सम्म।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरिएको विवरण-पत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति **२०८२/११/०१ गते**को **नागरिक दैनिक**मा प्रकाशित आह्वान-पत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.rbbmbl.com.np, निष्काशन कम्पनीको वेवसाइट www.khpl.com.np अथवा नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np मा रहेको **"विवरण पत्र"** हेर्नुहुन अनुरोध गर्दछौं।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५/५३४०९३२/५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np


## तेल भूमिमा...

पृष्ठ १ बाट क्रमशः

विभिन्न देशमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्तिलाई लक्षित गर्दै मिसाइल आक्रमण गरेको हो।

ओमानको मध्यस्थतामा जेनेभामा भएको उच्चस्तरीय अमेरिका-इरान आणविक वार्ता निष्कर्षविहीन टुंगिएको दुई दिनपछि युद्ध सुरु भएको हो। अमेरिका-इजरायलको संयुक्त आक्रमण तथा इरानको प्रत्याक्रमणले पश्चिम एसिया (मध्यपूर्व)मा ठुलो तनाव सुरु भएको छ।

इजरायलसहित बहराइन, साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स, जोर्डन र इराकमा मिसाइल तथा हवाई आक्रमण गरेर इरानले आफूमाथिको आक्रमणलाई क्षेत्रीय तनावमा रूपान्तरण गरेको छ। यसले क्षेत्रीय युद्ध दीर्घकालीन रूपमा फैलिन सक्ने जोखिम बढाएको छ। 'इरानी शासनबाट उत्पन्न खतरा समाप्त गर्न' हमला गरेको ट्रम्पको दाबी छ। तेहरानले यसलाई आफ्नो सार्वभौमसत्तामाथिको आक्रमण भन्दै कडा प्रतिक्रिया दिने चेतावनी दिएको छ।

इजरायल र अमेरिकाका सुरक्षा फौजले इरानका सर्वोच्च नेता अयोतुल्लाह खमेनी, राष्ट्रपति कार्यालयसहित इरानी रिभोल्युसनरी गार्डका व्यारेकीय भवनमा हमला गरेका थिए। अमेरिकी आक्रमणमा इरानमा ५७ जना विद्यार्थी (वालवालिका)को मृत्यु भएको इरानको सरकारी समाचार एजेन्सीले जनाएको छ। इरानका रक्षामन्त्री तथा रक्षा बलका प्रमुख मारिएको भनिए पनि इरानले यसबारे जानकारी सार्वजनिक गरेको छैन।

आक्रमण र प्रत्याक्रमणसँगै इजरायलसहित खाडीका धेरै देशले हवाई क्षेत्र बन्द गरेका छन्। क्षेत्रीय युद्ध फैलिने जोखिम बढेपछि कतार, बहराइन, कुवेत र यूएईले अस्थायी रूपमा आफ्नो हवाई क्षेत्र बन्द गरेका हुन्। अन्य देशले पनि अन्तर्राष्ट्रिय उडान स्थगित गरेका छन्। तनावले तेल बजार र विश्व अर्थतन्त्रमा असर पर्ने चिन्ता बढाएको छ।

तेहरानमा शीर्ष नेता तथा सैनिक तथा उच्च सरकारी अधिकारीहरूको कार्यालय क्षेत्रमा मिसाइल हमला भएको छ। अमेरिकी र इजरायली हमलामा इरानका उच्च अधिकारी र सैन्य कमाण्डर मारिएको अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाए पनि आधिकारिक पुष्टि हुन बाँकी छ।

अमेरिका-इजरायल र इरानले एक अर्कामाथि तनाव बढ्न सक्ने धम्कीपूर्ण अभिव्यक्ति दिएका छन्। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानबाट उत्पन्न 'अस्तित्वगत खतरा' अन्त्य गर्न आक्रमण गरिएको बताएका छन्। त्यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध 'ठूलो सैन्य अभियान' सुरु भएको घोषणा गरेका थिए।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजीसी) ले 'मध्यपूर्वमा रहेका सबै अमेरिकी र इजरायली सैन्य लक्ष्यहरूलाई शक्तिशाली मिसाइल प्रहार गरिएको' बताएको छ। साथै आइआरजीसी निर्णायक जित नआएसम्म अभियान जारी रहने चेतावनी दिएको छ। विश्लेषकहरूका अनुसार अमेरिका-इजरायलले पहिलो प्रहार गरेपछि इरानले 'अब कुनै रातो रेखा बाँकी नरहेको' संकेत दिएको छ।

इजरायली अधिकारीहरूका अनुसार उनीहरूको आक्रमण इरानका सैन्य तथा आणविक पूर्वाधारलाई लक्षित थियो। इजरायलमा आपतकाल घोषणा गरिएको छ। इरानले भने संयुक्त राष्ट्रसंघको घोषणापत्र उल्लंघन भएको आरोप लगाउँदै 'कडा प्रतिकार' गर्ने चेतावनी दिएको छ।

यूएईको राजधानी अबुधावीमा इरानबाट प्रक्षेपित केही मिसाइल अवरोध गरिए पनि कम्तीमा एक जनाको मृत्यु भएको सरकारी समाचार एजेन्सीले जनाएको छ। बहराइनले आफ्नो भूमिमा रहेको अमेरिकी नौसेनाको पाँचौं बेडाको मुख्यालयमा मिसाइल आक्रमण भएको जनाएको छ। उसले यसलाई 'सार्वभौमिकता र सुरक्षामाथिको खुला उल्लंघन' भनेको छ।

कुवेतको रक्षा मन्त्रालयका अनुसार अली अल-सलेम एयर बेसमा लक्षित गरी प्रहार गरिएका सबै ब्यालिस्टिक मिसाइल वायु रक्षा प्रणालीले खसालेको छ। कतारले पनि आफ्ना वायु रक्षा प्रणालीले सबै मिसाइल अवरोध गरेको दाबी गरेको छ। अल जजीराका संवाददाताहरूले कम्तीमा एक दर्जन विस्फोटको आवाज सुनिएको बताएका छन्।

उत्तरी इराकको एर्बिल अन्तर्राष्ट्रिय विमानस्थलमा पनि ड्रोन आक्रमणको प्रयास भएको र त्यसलाई रोकिएको जनाइएको छ। सिरियाको सुवैदा औद्योगिक क्षेत्रमा भएको विस्फोटमा चार जनाको मृत्यु र धेरै घाइते भएको राज्य सञ्चारमाध्यमले जनाएको छ। यद्यपि मिसाइलको स्रोत खुलाइएको छैन।

गल्फ को-अपरेसन काउन्सिल (जीसीसी)का सदस्यमध्ये ओमानमा भने अहिलेसम्म आक्रमण नभएको रिपोर्ट छ। ओमानले विगतदेखि इरान र अमेरिकाबिच मध्यस्थको भूमिका खेल्दै आएको छ। ओमानका विदेशमन्त्री बद्र अलबुसैदीले वार्ता 'शान्तिको नजिक' पुगेको बताएका थिए। तर, केही घण्टामै आक्रमण सुरु भएपछि वार्ता भंग भएको छ। उनले वासिङ्टनलाई 'यो तपाईंहरूको युद्ध होइन, थप नफस्नू' भन्दै संयमता अपनाउन आग्रह गरेका छन्।

राष्ट्रपति ट्रम्पले अमेरिकी सेनाको जारी अपरेसनले इरानको शासक परिवर्तन गर्ने र अमेरिकी राष्ट्रिय सुरक्षामा खतरा रोक्ने उद्देश्य राखेको बयान दिएका छन्। 'हामी उनीहरूको मिसाइल नष्ट गर्नेछौं, मिसाइल उद्योगलाई पूर्ण रूपमा ध्वस्त पार्नेछौं। त्यो फेरि पूर्ण रूपमा समाप्त हुनेछ' जारी भिडियो सन्देशमा ट्रम्पले भनेका छन्, 'हामी उनीहरूको नौसेना शक्तिलाई समाप्त गर्नेछौं। हामी सुनिश्चित गर्नेछौं कि यस क्षेत्रका आतंकवादी सहयोगी समूहहरूले अब क्षेत्र वा विश्वलाई अस्थिर पार्न नसकून्, हाम्रा सैनिकहरूलाई आक्रमण गर्न नसकून्, र उनीहरूले प्रयोग गर्ने बमहरूबाट हजारौं मानिसहरू घाइते वा मारिन नपरोस्।' ट्रम्पले एनले इस्लामिक रिभोलुसनरी गार्ड, सशस्त्र सेना तथा प्रहरीका सदस्यहरूलाई हतियार बिसाउन अनुरोध गरेका छन्।

इरानका विदेशमन्त्री अब्बास आराघचीले अधिकांश इरानी अधिकारीहरू सुरक्षित रहेको बताएका छन्। शनिबार एनबिसी न्यूसँग अन्तर्वार्तामा अराघचीले भने, 'लगभग सबै अधिकारीहरू सुरक्षित र जीवित छन्। हामीले एक-दुई कमाण्डर गुमाएका हुन सक्छौं। तर त्यो ठूलो क्षति होइन।'

इजरायलले ३० जेठमा इरानमा 'अपरेसन राइजिङ लायन'का नाममा गरेको हमला गरेको थियो भने इरानको प्रतिकारसँगै दोहोरो जबाफी युद्ध १२ दिनमा रोकिएको थियो।

### अन्तर्राष्ट्रिय प्रतिक्रिया

मध्यपूर्वको पछिल्लो तनावलाई लिएर अन्तराष्ट्रिय समुदायले चासो व्यक्त गरेका छन्। मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले सबैलाई संयमता अपनाउन, तनाब कम गर्न र वार्ताको टेबुलमा फर्किन सम्बद्ध सबैमा आह्वान गरेका छन्। उनले शनिवार भएका आक्रमण र जबाफी हमलाको निन्दा गरेका छन्। 'यस्तो युद्धमा सधैँ सर्वसाधारण नागरिकले नै सबैभन्दा ठूलो मुल्य चुकाउनुपर्छ' उनले भने।

युरोपियन युनियनकी प्रमुख कूटनीतिज्ञ काजा कलासले मध्यपूर्वमा विकसित घटनाक्रमलाई 'अत्यन्त जोखिमपूर्ण' भनेकी छन्। उनले इजरायल तथा अन्य क्षेत्रीय विदेश मन्त्रीहरूसँग कुरा गरेको पनि बताएकी छन्। उनले नागरिकको सुरक्षा र अन्तराष्ट्रिय मानवीय कानूनको पालना गर्न अनुरोध गरेकी छन्।

बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले घटनाक्रमप्रति चिन्ता जनाएका छन्। फ्रान्सका राष्ट्पति इम्यान्युएल म्याक्रोनले इरानको घटनाले अन्तराष्ट्रि शान्ति र सुरक्षामा गम्भीर परिणाम ल्याउने भन्दै जारी तनाब रोक्न सबैमा आह्वान गरेका छन्। इटलीकी प्रधानमन्त्री जिओर्जिया मेलोनीले पनि जारी तनाब कम गर्न साझेदार तथा क्षेत्रीय नेताहरूसँग छलफल गर्ने भनेकी छन्।

रुसले अमेरिका-इजरायल आक्रमणको निन्दा गर्दै यसलाई लापरवाहीपूर्ण कदम भनेको छ। वार्ता प्रक्रियामा रहेका बेला भएको आक्रमण निन्दनीय भएको रुसले जनाएको छ। चीनले तनाव थप नबढाउन सैन्य कारबाही तुरुन्त रोक्न आह्वान गरेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले शनिबार तनाव अझै चर्किन नदिन सैन्य कारबाही तत्काल रोक्न, संवाद र वार्ताको प्रक्रिया पुनः सुरु गर्न तथा मध्यपूर्व क्षेत्रमा शान्ति र स्थिरता कायम राख्न आह्वान गरेका छन्।

# मध्यपूर्वका १६ देशका करिब २० लाख नेपालीको सुरक्षा र रोजगारीमाथि चिन्ता

मध्यपूर्वमा अचानक चर्केको अमेरिका-इजरायल र इरान द्वन्द्वले मध्यपूर्वी देशहरूमा कार्यरत करिब २० लाख नेपालीको सुरक्षा र रोजगारीमाथि चिन्ता बढाएको छ। हालसम्म कुनै देशबाट कोही पनि नेपालीमाथि प्रत्यक्ष असर नपरे पनि क्षेत्रीय तनाव बढ्दै जाँदा जोखिम भने कायमै छ। सरकारले उनीहरूको सुरक्षा र सम्भावित उद्धारलगायतमा चासो राखेको छ।

गैरआवासीय नेपाली संघ (एनआरएन)का पूर्वअध्यक्ष आरके शर्माले मध्यपूर्वका १६ देशमा रोजगारी र व्यवसाय गरिरहेका नेपालीको संख्या २० लाखभन्दा बढी रहेको बताए। उनका अनुसार पछिल्लो क्षेत्रीय तनावले उनीहरूको सुरक्षा र रोजगारीमा चिन्ता बढाएको छ। मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डामा समेत नेपाली नागरिकले काम गर्ने गरेको, तर पछिल्लो तनावमा उनीहरू सुरक्षित रहेको शर्माले बताए। उनका अनुसार यस्ता आक्रमण जारी रहे नेपालीसमेत प्रभावित हुन सक्ने चिन्ता छ।

'मध्यपूर्वमा २० लाखभन्दा बढी नेपालीको नियमित रूपमा बसोबास भइरहेको छ। यसमध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीको संख्या उच्च छ र बिस्तारै व्यवसाय गरेर बस्ने पनि बढ्दै गएका छन्,' कुवेतमा व्यवसाय गर्दै आएका एनआरएन पूर्वअध्यक्ष शर्माले शनिबार राति नयाँ पत्रिकासँग भने, 'आक्रमणबारे पूर्वसूचना आउने भएकाले कामदार र सैनिक अधिकारीलाई सुरक्षित स्थानमा सारिन्छ। अहिलेसम्म नेपाली जोखिममा परेको खबर छैन। युद्ध लम्बिए असर पर्न सक्छ,' शर्माले भने।

वैदेशिक रोजगार विभागकी महानिर्देशक मिरा आचार्यले मध्यपूर्वीस्थित नेपाली कूटनीतिक नियोग र श्रम सहचारीसँग निरन्तर समन्वय भइरहेको बताइन्। 'दूतावासमार्फत सुरक्षित रहन अपिल गरिएको छ। कुन देशमा कति नेपाली कार्यरत छन् भन्ने यकिन विवरण पनि संकलन भइरहेको छ,' उनले भनिन्, 'रोजगारीको खोजीमा विदेश गएका नेपालीको सुरक्षा उच्च प्राथमिकतामा राखिएको छ।' आइतबारसम्म देशअनुसार अद्यावधिक तथ्यांक तयार गरी आवश्यक परे सुरक्षित स्थानमा सार्ने वा बसोबासस्थलमै सुरक्षा कडाइ गर्ने निर्णय नियोगमार्फत गरिने उनको भनाइ छ।

मध्यपूर्वका १६ देशमध्ये सबैभन्दा धेरै नेपाली संयुक्त अरब इमिरेट्स (युएई)मा कार्यरत छन्, जहाँ करिब सात लाख नेपाली छन्। मध्यपूर्वका देशमा रहेका नेपालीको सुरक्षामा अहिलेसम्म कुनै खतरा नरहेको नियोगमा कार्यरत अधिकारीहरूले बताएका छन्।

युएईका लागि नेपाली महावाणिज्यदूत हरिप्रसाद ओडारीका अनुसार दुबई क्षेत्र र आसपासमा मात्रै साढे चार लाख नेपाली छन् र हालसम्म सुरक्षाको प्रत्यक्ष खतरा देखिएको छैन। 'परिस्थिति सामान्य देखिए पनि भविष्यबारे चिन्ता छ। विमानस्थल बन्द भएकाले उडानबारे धेरै जिज्ञासा आएका छन्,' उनले भने, 'परिस्थितिलाई नजिकबाट नियालिरहेका छौँ र यहाँ रहेका नागरिकसँग सम्पर्कमा छौँ।'

इरानी आक्रमणमा परेका मध्यपूर्वका आठ देशमा मात्रै सात लाखभन्दा बढी नेपाली छन्। इरानले इजरायलसहित साउदी अरेबिया, कुवेत, कतार, संयुक्त अरब इमिरेट्स, बहराइन, जोर्डन र इराकमा रहेका अमेरिकी सैन्य अखडामा मिसाइल तथा हवाई आक्रमण गरेको छ।

वैदेशिक रोजगार विभागका अनुसार अढाई वर्षयता यी देशमा १७ लाख ५७ हजार २५० नेपाली श्रम स्वीकृति लिएर पुगेका छन्। विभागकी महानिर्देशक मिरा आचार्यले श्रम स्वीकृति लिएर गएकाको तथ्यांकलाई आधार मानेर त्यस देशमा रहेको संख्या अनुमान गरिएको बताइन्।

कुवेतमा रहेर व्यवसाय गर्दै आएका एनआरएनका पूर्वअध्यक्ष शर्माका अनुसार कुवेतमा करिब चार लाख नेपाली छन्। अढाई वर्षयता श्रम स्वीकृति लिएका श्रमिकको विवरण हेर्दा युएईमा सबैभन्दा बढी पाँच लाख ८२ हजार ९६३ जना पुगेका छन्। त्यस्तै, कतारमा तीन लाख ५९ हजार तीन सय, बहराइनमा २७ हजार ९०७, जोर्डनमा पाँच हजार ६५५, इजरायलमा तीन हजार ४९१ र इरानमा दुईजनाले स्वीकृति लिएका छन्।

मध्यपूर्वका १६ देशबाट रेमिट्यान्समा सबैभन्दा बढी अर्थात् कुल रेमिट्यान्सको ७० प्रतिशतसम्म योगदान हुने गरेको छ। त्यसैले यो क्षेत्रको श्रम गन्तव्य असुरक्षित हुँदा रेमिट्यान्ससमेत प्रभावित हुने जोखिम छ।

### इजरायल जान टिकट लिएका ५२ जना अन्योलमा

रोजगारीका लागि इजरायल जान टिकटसमेत लिएका ५२ जना अन्योलमा परेका छन्। वैदेशिक रोजगार विभागकी महानिर्देशक मिरा आचार्यले मध्यपूर्वको तनाव हेरेर उनीहरूलाई पठाउने-नपठाउनेबारे निर्णय लिइनेछ। उनीहरू 'जिटुजी'मार्फत रोजगारीका लागि इजरायल जान लागेका हुन्। त्यस्तै, थप १५२ को भिसा प्रमाणीकरण भएरसमेत आएको उनले बताइन्। त्यस्तै, आइतबारबाट मध्यपूर्वको श्रम स्वीकृति रोक्ने वा कायमै राख्नेबारे छलफल गरेर निर्णय लिइने उनले बताइन्।

## अनिश्चितकालका...

पृष्ठ १ बाट क्रमशः

बस्नेतले मध्यपूर्व र पश्चिमतर्फका सम्पूर्ण उडान अनिश्चितकालका लागि रद्द भएको बताए। उनका अनुसार चीन, भारत, हङकङ, मलेसिया, सिंगापुरलगायत देशका उडान भने भइरहेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मध्यपूर्वतर्फ शनिबारका लागि आठ अन्तर्राष्ट्रिय एयरलाइन्सका २२ उडान/अवतरणको कार्यतालिका थियो। त्यसमध्ये बिहानी समयका सातवटा मात्रै उडान/अवतरण हुन सके। बाँकी र ात्रिकालीन १५ उडान रद्द भए। हिमालय एयरलाइन्सको ९:४० मा कतारको दोहा जाने र १०:३० मा युएईको दुबई जाने उडानहरू रद्द भए। त्यस्तै, नेपाल एयरलाइन्सको ९:४५ मा दोहा जाने, ११:०० मा साउदी अरेबियाको दमाम जाने र ११:१५ मा दुबई जाने उडान रद्द भए। त्यस्तै, कुवेत एयरको १२:१५ मा कुवेत जाने, फ्लाई दुबईको १२:३० मा दुबई जाने उडान पनि रद्द भएका छन्। विभिन्न गन्तव्यमा जानका लागि विमानस्थल पुगेका यात्रु अलपत्र परेका छन्।

नेपाल वायुसेवा निगमले २८ फेब्रुअरी (शनिबार) र १ मार्च (आइतबार)का लागि तालिका रहेको काठमाडौं-दुबई-काठमाडौं र काठमाडौं-दोहा-काठमाडौंका उडान रद्द भएको घोषणा गरेको छ। त्यस्तै, हिमालय एयरलाइन्सले मध्यपूर्वी आकाश मार्गमा जारी परिस्थितिका कारण दुबई, दमाम र दोहा गन्तव्यका आफ्ना सबै उडान अर्को सूचना नभएसम्मका लागि रद्द गरेको जानकारी गराएको छ। एयरलाइन्सहरूले थप जानकारीका लागि आफ्ना सामाजिक सञ्जाल तथा वेबसाइट नियमित रूपमा अवलोकन गर्नसमेत आग्रह गरेका छन्।

कुवेत, युएई, कतार, इरान, इराक, जोर्डन, इजरायल, लेबनान र बहराइनलगायत देशले आफ्ना आकाशमा उडान रोकेका (एयर स्पेस बन्द गरेका) छन्। मध्यपूर्वको तनावले विश्वभरकै उडान प्रभावित भएको छ। मध्यपूर्वको आकाश हुँदै उड्ने जहाजहरूले अर्कै रुट प्रयोग गरिरहेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक करिब १५ हजार यात्रुले अन्तर्राष्ट्रिय हवाई सेवा लिने गरेका छन्। सबैभन्दा धेरै उडान संख्या रहेको मध्यपूर्वतर्फको हवाई सेवा अवरुद्ध हुँदा हजारौँ यात्रु अलपत्र परेका छन्। पछिल्लो एक महिना (१ जनवरीदेखि ३१ जनवरीसम्म) भित्रुवन अन्तर्राष्ट्रियय विमानस्थलमा कुल दुई हजार ९४९ अन्तर्राष्ट्रिय उडान तथा अवतरणबाट चार लाख ३० हजार २४८ यात्रुले हवाई यात्रा गरेका थिए। उक्त अवधिमा भएका एक हजार ४७५ अन्तर्राष्ट्रिय उडानबाट दुई लाख १० हजार ८८७ यात्रु विदेश उडेका थिए। त्यस्तै, एक हजार ४७४ अन्तर्राष्ट्रिय उडानबाट दुई लाख १९ हजार ३६१ यात्रु काठमाडौं अवतरण भएका थिए।

## उम्मेदवार...

पृष्ठ १ बाट क्रमशः

हुरीमहरीमा रहेको सरस्वती आधारभूत विद्यालय मतदान केन्द्रमा ३३५ मतदाता छन्।

तिला गाउँपालिका- ९, खोप्री जुम्लाकै विकटमध्येको बस्ती हो। यहाँ तल्लो खोप्रीमा २१ र माथिल्लो खोप्रीमा ३५ घर छन्। वडा नम्बर ९ मा रहेको तीनवटा मतदान केन्द्रमा भने एक हजार ११७ मतदाता छन्। ती दुई गाउँमा १० उम्मेदवारमध्ये नेकपाका नरेश भण्डारी, राप्रपाका ज्ञानेन्द्र शाही र एमालेका शान्तिलाल महत मात्र पुगेका छन्। यो गाउँ अझै सडक सञ्जालसँग जोडिएको छैन।

गाउँमा पुगेका उम्मेदवार भण्डारी, शाही र महतलाई स्थानीयले सडक, खानेपानी र बिजुली पुऱ्याइदिन आग्रह गरे। 'गाउँमा पुगेर आधारभूत विकासका समस्या समाधान गर्ने प्रतिबद्धता गरेका छौँ,' शाहीले भने, 'दुर्गम क्षेत्र भएको र प्रचारको अवधि कम भएकाले अन्य दुर्गम क्षेत्र जान सकेका छैनौँ, हामी सम्पर्कमै छौँ।'

नेकपा उम्मेदवार भण्डारीलाई त्यस त्यहाँका जनताले विकासे नेताको रुपमा हेरेको र त्यहाँका जनताका समस्याहरू खानेपानी, विजुली, सडकविस्तारमा जोड दिने बताए। एमाले उम्मेदवार महतले खोप्री गाउँलाई सडक सञ्जालमा जोड्ने प्रतिबद्धता जनाए। 'त्यहाँ बिजुली र खानेपानीको पनि समस्या छ। यसलाई पनि प्राथमिकतामा राखेर काम गर्नेछौँ,' उनले भने।

माथिल्लो खोप्रीमा रहेको नदैदेवी आधारभूत विद्यालयका शिक्षक छविलाल थापाले यसअघिका चुनावमा पनि उम्मेदवार देख्न नपाएको बताए। तिला गाउँपालिका- ९, राँसा मालापानी र तातोपानी गाउँपालिका- ७, कयरकोटसम्म सडक पुगेको छ। तर, त्यहाँबाट १० किलोमिटर सडक जोडेमा खोप्रीगाउँ सडक सञ्जालसँग जोडिने उनले बताए। 'यिनै दुई ठाउँमध्येबाट एक ठाउँबाट सडक गाउँमा पुऱ्याइदिन दलका नेता, जनप्रतिनिधिदेखि विकासे अड्डाका हाकिमलाई आग्रह गऱ्यौँ। तर, कसैले पनि सुनुवाइ गरेका छैनन्,' उनले भने। सडक पूर्वाधार नभएकाले पनि बिजुली, खानेपानीका योजना बन्न सकेका छैनन्। शिक्षा र स्वास्थ्यको समस्या पनि उस्तै छ। गाउँमा सामान्य स्वास्थ्य उपचारका लागि स्वास्थ्य इकाइ सञ्चालन छ। खोप्रीगाउँदेखि प्रसूतिगृह रहेको राँसा मालापानी स्वास्थ्य चौकी करिब नौ किलोमिटर दूरीमा छ।

माघ दोस्रो साता खोप्रीकी २७ वर्षीया रमिता थापालाई सुत्केरी गराउन बर्थिङ सेन्टरमा लैजाँदै गर्दा बाटोमै शिशु जन्मियो। आफन्तले बोकेर बर्थिङ सेन्टर लैजाँदै गर्दा चायापाटनको हिउँमै रमिताले छोरी जन्माइन्। बाटैमा सुत्करी भएपछि रमितालाई घर फर्काइएको थियो। बर्थिङ सेन्टर बोकेर लैजाने क्रममा ६ जनाभन्दा धेरै महिला बाटोमै सुत्केरी भएका थिए।

माथिल्लो खोप्रीगाउँमा १-८ कक्षासम्म पठनपाठन हुने नदैदेवी आधारभूत विद्यालय छ। विद्यालयमा ६० जना विद्यार्थी छन्। दुई अनुदान शिक्षक र तीन दरबन्दी गरी पाँचजना शिक्षकले अध्यापन गराउँदै आएको शिक्षक थापाले बताए। 'तल्लो खोप्रीगाउँमा पनि १-६ कक्षासम्म पठनपाठन हुने सामुदायिक विद्यालय छ। यहाँका विद्यालयका भौतिक संरचना पुराना र जीर्ण नै छन्। यो गाउँमा थुपै समस्या छन्,' शिक्षक थापाले भने, 'उम्मेदवार गाउँमा आएपछि यिनै समस्या समाधन गर्न माग राखौँला भन्ने हो।'

### ओलाङचुङगोला, घुन्सा र ग्याब्लामा पनि पुगेका छैनन् उम्मेदवार

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका- ७, ओलाङचुङगोला तथा वडा नम्बर ६ को घुन्सा र ग्याब्लामा उम्मेदवार पुगेका छैनन्। ओलाङचुङगोलामा २९३, घुन्सामा १७३ र ग्याब्लामा ६९ मतदाता छन्। हिमाली भौगोलिक कठिनाइ, अत्यधिक चिसो र निकै हिँड्नुपर्ने भएकाले यी बस्ती चुनावी गतिविधिबाट टाढा छन्। करिब ३१ सय मिटर उचाइमा रहेको घुन्सामा चिसोयाममा रोजगारी र दैनिकीका अवसर सीमित हुँदा आधाभन्दा बढी बासिन्दा हिउँदमा काठमाडौं, धरान र दार्जिलिङतिर पुग्छन्। 'काम नभएर बाहिरिएको भए पनि भोट हाल्न काठमाडौंबाट फर्किएका घुन्साका स्थानीय डन्डु शेर्पाले बताए।

ताप्लेजुङकै उच्च स्थानमा पर्ने, करिब ४२ सय मिटर उचाइको याङ्मामा भने बासिन्दा गाउँमै छन्। विगतमा हिउँदयाममा 'चेने' क्षेत्रमा झर्ने चलन रहे पनि पछिल्ला वर्षदेखि बस्तीमै बस्न थालेका छन्। मतदान व्यवस्थापनलाई केही सहज बनाउने स्थानीयको अपेक्षा रहे पनि उम्मेदवार पुगेका छैनन्। निर्वाचन कार्यालय ताप्लेजुङका प्रमुख धननाराण श्रेष्ठका अनुसार यसपटक जिल्लाभर ८० मतदानस्थल र १२७ मतदान केन्द्र छन्।

ओलाङचुङगोला तेन्जिङ्ला शेर्पाले आफूहरूको माग ओलाङचुङगोला जोड्ने तमोर करिडोर निर्माण रहेको बताए। 'तिपताला नाकासम्म ट्र्याक खुलेको छ, कालोपत्रे गर्नुपऱ्यो। तमोर नदीमा पुल पनि बनाउनुपर्नेछ,' उनले भने।

त्यस्तै, पर्यटकीय क्षेत्र घुन्सा जाने सडक पनि छैन। लेलपको सेकाथुमबाट जौबारीसम्म जाने बाटोमा हातखुट्टा (चारपाउ) टेकेर हिँड्नुपर्ने बाध्यता फक्ताङलुङ- ६, घुन्साका डन्डु शेर्पाले बताए। हिँड्ने बाटोसम्म नहुँदा दैनिक खाद्यान्न सामग्री ढुवानीमा समस्या रहेको उनले बताए। उम्मेदवार नआउँदा समस्यासमेत राख्न नपाएको उनले गुनासो पोखे।

एक निर्वाचन क्षेत्र रहेको ताप्लेजुङमा १३ उम्मेदवार छन्। कांग्रेस उम्मेदवार गजेन्द्रप्रसाद तुम्याङले भौगोलिक विकटताका कारण आफूहरू जान नसके पनि प्रतिनिधि पठाएको बताए। 'त्यहाँका जनतासँग प्रतिनिधिमार्फत निरन्तर संवाद भइरहेको छ,' उनले भने। रास्वपा उम्मेदवार इन्जिनियर वीरेन्द्र श्रेष्ठले पार्टीका नेताहरू गाउँमा खटिएको बताए। 'काठमाडौंमा बसोबास गर्ने र गाउँमा भएकासँग फोन संवाद भइरहेको छ,' उनले भने, 'त्यहाँका समस्या पहिचान भएका छन्। हामी सम्बोधन गर्छौं।'

नेकपाका उम्मेदवार खेलप्रसाद बुढाक्षेत्री परागले अत्यन्त दुर्गम भएकाले आफू पुग्न नसकेको बताए। उनका अनुसार त्यहाँ जान हेलिकोप्टर प्रयोग गर्नुपर्ने अवस्था सिर्जना हुने भएकाले प्रत्यक्ष रूपमा जान सम्भव नभएको हो। तथापि, प्रतिनिधिहरूले त्यहाँ भोट माग्ने र प्रचारप्रसारको काम गरिरहेको उनको भनाइ छ। ताप्लेजुङमा ८० मतदानस्थल र १२७ मतदान केन्द्र छन्। ९० हजार ३२७ मतदाता छन्।

# काठमाडौं ७ मा तीन निवर्तमान सांसदको भिडन्त, कांग्रेसको पनि चुनौती

शुरोजंग पाण्डे/नयाँ पत्रिका

बाह्य पर्यटकहरूको केन्द्र ठमेलसहितको क्षेत्र ओगट्ने काठमाडौं ७ मा तीनजना निवर्तमान सांसदहरूको प्रतिस्पर्धा रोचक बन्दै गएको छ। अघिल्लो निर्वाचनमा रास्वपाबाट प्रतिनिधिसभा सांसद जितेका गणेश पराजुली, प्रदेश सभा जितेर भौतिक पूर्वाधारमन्त्री बनेका एमालेका प्रकाश श्रेष्ठ र प्रदेश सभामै नेकपाका निवर्तमान सांसद वसन्त मानन्धर २१ फागुनको प्रतिनिधिसभा निर्वाचनको प्रतिस्पर्धामा रहेकाले पनि आपसी प्रतिस्पर्धा रोचक बन्दै गएको मतदाताहरूको भनाइ छ।

अघिल्लोपटक माओवादीलाई समर्थन गरेको कांग्रेसबाट यसपटक प्रमोदहरि गुरागाईं पनि बलियो उम्मेदवारका रूपमा प्रतिस्पर्धामा उत्रिएका छन्। त्यसैले यो क्षेत्रमा मुख्यतयाः चौपक्षीय प्रतिस्पर्धा रहेको चर्चा चलिरहेको छ।

देशभर माहोल देखिएकाले रास्वपाका पराजुली यसपटक पनि जनताले आफूलाई जिताउन सक्ने प्रक्षेपणमा छन्। एमालेले पनि यो क्षेत्रलाई परम्परागत गढ ठान्दै आएको छ। तर, प्रभावशाली मानिने पूर्वसांसद रामवीर मानन्धरको कांग्रेस प्रवेशबाट उसले राहत महसुस गरिरहँदा एमालेमाथि परम्परागत गढमा जित हासिल गर्न उम्मेदवार प्रकाश श्रेष्ठलाई चुनौती थपिएको छ। यद्यपि, एक्लाएक्लै प्रतिस्पर्धामा सहज जित हुने विश्वासमा एमाले छ। ०७४ को विरासत फर्काउने हो भने उसले कडा मिहिनेत गर्नुपर्ने अवस्था देखिएको छ।

नेकपाका वसन्त मानन्धर पनि जित दोहऱ्याउनैपर्ने दबाबमा छन्। सांसद पद छाडेर प्रतिस्पर्धामा उत्रिएका कारण पूर्वविद्यार्थी नेता मानन्धर सक्रियतापूर्वक लागेका छन्। यो क्षेत्रमा १७ जना दल र ११ जना स्वतन्त्र उम्मेदवार छन्। राप्रपाका लालकुमार लामा, राष्ट्रिय जनमोर्चाका दिल्लाकुमार श्रेष्ठ, नेकपा (संयुक्त)का गुणबहादुर बन्जारा क्षेत्री, नेमकिपाकी गणेशमाया डंगोल, जसपाका बाबुराम लामा, आम जनता पार्टीका प्रदीप भट्टराई, प्रगतिशील लोकतान्त्रिक पार्टीका अमिनरत्न ताम्राकार, राष्ट्रिय एकता दलका विनोदकुमार गुरुङ, जय मातृभूमि पार्टीका बैकुण्ठ फुयाँल उम्मेदवार छन्। श्रम संस्कृति पार्टीका मणिराम बहादुर प्रधान, नेकपा माओवादीका दीपक मानन्धर, उज्यालो नेपाल पार्टीका विमला लामा, राष्ट्रिय मुक्ति पार्टीका दिपिन पन्त उम्मेदवार बनेका छन्। स्वतन्त्र रूपमा रामशरण थपलिया, सविता गमाल, सुजिता श्रेष्ठ, अन्जला बज्राचार्य, पुष्प बानियाँ, शर्मिला फुयाँल, सुमन महर्जन, अमन श्रेष्ठ, बुद्धिप्रसाद रेग्मी, भरत पौडेल र प्रकाश कुँवर उम्मेदवार छन्।

काठमाडौं महानगरपालिकाका १६, १७, १८ र २५ नम्बर वडा, नागार्जुन नगरपालिकाका १, २ र ३ नम्बर वडा तथा तारकेश्वर नगरपालिकाका ३, ४ र ५ नम्बर वडा पर्छन्। जसभित्र काठमाडौंको ठमेलसहित म्हैपी, बालाजु, क्षेत्रपाटी, नयाँबजार, सोह्रखुट्टे, धोबीचौर, ठहिटी, भुरुङखेल, नरदेवी, ह्नयौखा, मच्छिन्द्र टोललगायतका क्षेत्र पर्दछन्। काठमाडौंको कोर सिटीदेखि पर्यटकीय केन्द्रसमेत पर्ने यो क्षेत्रमा अव्यवस्थित सडक, खानेपानी, शिक्षा, स्वास्थ्यकै मुख्य समस्या रहेको मतदाता बताउने गर्छन्। 'यस क्षेत्रको मुख्य समस्या भनेकै अव्यवस्थित सडक, खानेपानी, शिक्षा, स्वास्थ्य नै हो,' मतदातासमेत रहेका पत्रकार पुकार तिमल्सिनाले भने।

बागमती प्रदेश सभाबाट राजीनामा दिएर प्रतिनिधिसभामा उत्रेका प्रकाश र वसन्त दुवै बागमती प्रदेशका पूर्वमन्त्री हुन्। अहिलेको पदै त्यागेर प्रतिस्पर्धामा उत्रिएकाले एमाले विभाजनपूर्व एउटै दलमा रहेका सहयात्री दुवैजना जित्नैपर्ने दबाबमा छन्। मानन्धरले ०७८ मा खानेपानी र ऊर्जामन्त्रीको रूपमा १४ महिना काम गरे भने श्रेष्ठले ०८१ मा कृषि तथा पशुपन्छी विकासमन्त्रीको रूपमा एक वर्ष काम गरेका छन्। उता, रास्वपाका पराजुली एक कार्यकाल काम गरिसकेकाले क्षेत्रमा गरेको कामका आधारमा अनुमोदित हुने कि नहुने कडा चुनौतीबिच प्रतिस्पर्धामा छन्। राष्ट्रिय माहोल पार्टीको पक्षमा रहे पनि निवर्तमान सांसदका रूपमा पराजुलीले मतदाताबाट क्षेत्रमा काम गर्न नसकेको आरोप पनि खेप्नुपरेको छ।

पछिल्लो निर्वाचनमा आठ हजार ७४३ मत ल्याई पराजुली विजयी भएका थिए। निकटम प्रतिद्वन्द्वी एमालेका श्यामकुमार घिमिरेले ६ हजार आठ सय मत पाएका थिए भने तत्कालीन नेकपा (तत्कालीन माओवादी)की उम्मेदवार मानुषी यमी भट्टराईले ६ हजार ६३ मत पाएकी थिइन्। उनी कांग्रेस-माओवादीको गठबन्धनबाट साझा उम्मेदवार थिइन्। ०७० मा सोही क्षेत्रबाट मानुषीकी आमा हिसिला यमीले पनि चुनाव लडेकी थिइन्। ०७० र ०७४ मा भने एमालेका रामवीर मानन्धरले लगातार जित हासिल गरेका थिए। यसपटक कांग्रेसले नयाँ अनुहारका रूपमा प्रमोदहरि गुरागाईंलाई उभ्याएको छ।

**■ काठमाडौं ७**
मतदाता : ६७,४११
महिला : ३४,७३८
पुरुष : ३२,६७३
मतदानस्थल : २९
मतदान केन्द्र : ७८
उम्मेदवार : २७
महिला उम्मेदवार : ६

### समानुपातिकमा रास्वपा पहिलो, एमाले दोस्रो

०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ चुनाव जितेको रास्वपा नै समानुपातिक मतमा पनि पहिलो दल बनेको थियो। जसअनुसार उसले १० हजार ५८८ मत पाएको थियो। त्यस्तै, एमालेले ६ हजार २९९, कांग्रेसले ५ हजार ४० र माओवादीले एक हजार ६६८ र जसपा नेपालले एक हजार ४०७ मत पाएको थियो।

## ■ के भन्छन् उम्मेदवार, के छन् एजेन्डा ?

### मैले गरेका कामकै आधारमा मतदाताले पुनः विजयी बनाउनुहुनेछ


● **गणेश पराजुली**, रास्वपा



युवाहरूको रोजगारी, सिप विकास तथा तालिम, एकीकृत व्यवस्थित ठेगाना प्रणाली, प्राथमिक स्वास्थ्य केन्द्रहरूमा २४सै घन्टा सेवा, स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी, ज्येष्ठ नागरिकका लागि हेरचाह केन्द्रलगायतका एजेन्डा राखेको छु। मैले प्रतिबद्धतापत्रमै धैरै कुरा स्पष्ट पारेको छु र सबैतिर जनताको घरदैलोमा पुगिरहेको छु। मैले गरेका कामकै आधारमा यस क्षेत्रमा पुनः विजयी बनाउनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु।

### राजनीतिक एजेन्डासहित मतदातासँग मत मागिरहेको छु

● **प्रमोदहरि गुरागाईं**, कांग्रेस



'विवेकशील मतदाता : जवाफदेही नेतृत्व'को मुख्य राजनीतिक एजेन्डासहित मतदातासँग मत मागिरहेको छु। नेतृत्वमा पुगेपछि इमानदार भएर पूरा समय काम गर्नुपर्छ, बिचैमा भारी बिसाएर छोडेर अन्त लाग्नुहुँदैन भन्ने मेरो स्पष्ट मान्यता छ। निर्वाचनका वेला मुख रातो बनाउने काम गर्नुहुँदैन किनभने यो नै पहिलो र अन्तिम निर्वाचन होइन। मतविभाजन भए पनि मन विभाजन गर्नुहुँदैन।

### प्रदेश मन्त्रीका रूपमा गरेको कामलाई निरन्तरता दिने मेरो योजना छ

● **प्रकाश श्रेष्ठ**, एमाले



०७४ र ०७९ मा प्रदेश सभा जितेर पछिल्लोपटक प्रदेश मन्त्रीका रूपमा पनि गरेको कामलाई निरन्तरता दिने मेरो योजना छ। कृषि पर्यटनमार्फत रोजगारी सिर्जना, सामुदायिक विद्यालयबाट प्रविधिमैत्री शिक्षा, खानेपानी र पूर्वाधार विकास, पालिकास्तरीय अस्पताल निर्माण, एकीकृत सहरी विकासअन्तर्गत निर्माण भएको डिपिआर कार्यान्वयन गरी तीनवटा सहर निर्माण, भित्री सहरहरूलाई सांस्कृतिक नगरीका रूपमा विकास गर्ने, शुद्ध मासुका लागि आधुनिक वधशाला निर्माण, चोगाउँमा उपत्यकाकै अग्लो स्थानमा नमुना होमस्टे निर्माण, तारहरूको भूमिगत व्यवस्थापनलगातका एजेन्डा उठाएर मत मागिरहेको छु।

### जनताले सही मूल्यांकन गरेर जिताउने कुरामा विश्वस्त छु

● **वसन्त मानन्धर**, नेकपा



युवा पलायन रोक्ने, उनीहरूको सिप र इमानदारितालाई अवसरसँग जोड्ने, संघीय लोकतान्त्रीकणको सुदृढीकरण, सुशासन र समृद्धिका लागि संविधान संशोधनमा भूमिका खेल्ने, भ्रष्टाचार अन्त्यका लागि बलियो कानुन निर्माण, सहकारी पीडितको रकम फिर्ताका लागि पहल र कानुनी व्यवस्था, कला, संस्कृतिको संरक्षण, अव्यवस्थित सहरीकरणको समस्या समाधानलगायतका विषय उठान गरेर मत मागिरहेको छु। यस क्षेत्रका जनताको विश्वास जितेर अघिल्लोपटक पनि विजयी भएको र पूर्वमन्त्रीका रूपमा पनि काम गरेकाले जनताले सही मूल्यांकन गरेर जिताउने कुरामा विश्वस्त छु।

# ललितपुर ३ मा तोसिमालाई साख जोगाउने चुनौती

प्रेम गौतम/नयाँ पत्रिका

ललितपुर ३ रास्वपा नेतृ तोसिमा कार्कीका कारण चर्चामा छ। गत ०७९ को निर्वाचनमा कार्कीले सदर मतको करिब ५४ प्रतिशत मत ल्याएर जितेकी थिइन्। उनी सांसद मात्र होइन, स्वास्थ्य राज्यमन्त्रीसमेत बनिन्। कार्की ३१ हजार १३६ मत ल्याएर निर्वाचित हुँदा निकटप्रतिस्पर्धी एमालेका अमृत खड्काले १२ हजार ९६३ मत ल्याएका थिए। कांग्रेससहितको गठबन्धनबाट तत्कालीन माओवादीकी पम्फा भुसालले आठ हजार ७६९ मत ल्याएकी थिइन्।

यो निर्वाचनमा रास्वपाले कार्कीलाई दोहोऱ्याउँदा कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीले नयाँ अनुहार अघि सारेको छ। कार्कीले गत निर्वाचनमा पुराना दलको धेरै मत तानेकी थिइन्। योपटक पार्टीप्रति बढ्दो आकर्षणका कारण जित्नेमा उनी ढुक्क छिन्। ०७० को निर्वाचनमा विजयी भएको कांग्रेस योपटक इतिहास दोहोऱ्याउने दाउमा छ। कांग्रेसले जितेन्द्रकुमार श्रेष्ठलाई उम्मेदवार बनाएको छ। कांग्रेसका ललितपुर जिल्ला सभापतिसमेत रहेका श्रेष्ठ ०७९ को प्रदेश सभा निर्वाचनमा पराजित भएका थिए।

एमालेले ०५६ को निर्वाचनयता यो क्षेत्रमा जित्न सकेको छैन। विरासत फर्काउने रणनीतिमा एमाले उम्मेदवार सन्दन थापामगर छन्। एमालेको संगठन, विगतका कामको प्रभावका आधारमा अनुकूल नतिजा ल्याउने योजना उनको छ। ०६४ र ०७४ मा नेकपा (तत्कालीन माओवादी)ले जितेको थियो। विरासत फर्काउने रणनीतिमा नेकपाका उम्मेदवार राजकाजी महर्जन छन्। महर्जन ०६४ को पहिलो संविधानसभा निर्वाचनमा ललितपुर २ बाट निर्वाचित भएका थिए। ०७४ मा ललितपुर ३ (क)बाट प्रदेश सभामा निर्वाचित भएका महर्जन ०७९ मा प्रदेश सभामा पराजित भएका थिए।

**■ ललितपुर ३**
**मतदाता** : १,०२,४३७
**पुरुष** : ५३,०२६, महिला ४९,४११
**मतदानस्थल** : ३९
**मतदान केन्द्र** : ११४
१५ दल र पाँच स्वतन्त्र उम्मेदवार, जसमध्ये चार महिला

### २० उम्मेदवार चुनावी मैदानमा

ललितपुर ३ मा १५ दल र पाँच स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्। रास्वपाले कार्कीलाई दोहोऱ्याउँदा कांग्रेसले जितेन्द्रकुमार श्रेष्ठ, एमालेले सन्दन थापामगर र नेकपाले राजकाजी महर्जनलाई उम्मेदवार बनाएको छ। यस्तै, राप्रपाले सबिनकुमार खड्का, राष्ट्रिय जनमोर्चाले नीलगोविन्द महर्जन, नेकपा संयुक्तले यज्ञप्रसाद पन्त, नेमकिपाले रमिला महर्जन, मंगोल नेसनल अर्गनाइजेसनले दिलकुमार महर्जन, जसपा नेपालले कृष्णदेवी महर्जन, प्रलोपाले विष्णुराज खड्का, संयुक्त नागरिक पार्टीले श्यामबहादुर राई, श्रम संस्कृति पार्टीले ऋतुवर्तन राई, नेकपा (माओवादी)ले खगेन्द्र महर्जन र उज्यालो नेपाल पार्टीले विजय पन्तलाई उम्मेदवार बनाएका छन्। स्वतन्त्र पाँच उम्मेदवारमा रूपेश शाह, अञ्जु कारञ्जित (थापा), अशोजकुमार महर्जन, राधेश्याम खड्का र विमर्श मिश्र छन्। घना बस्ती भएका ललितपुर महानगरपालिकाका २० वटा वडा र गोदावरी नगरपालिकाको १२ र १४ वडा यो क्षेत्रमा पर्छन्। ललितपुर महानगरपालिकाका १, २, ३, ४, ५, १०, १३, १४, १५, १८, २० २१, २२, २३, २४, २५, २६, २७, २८, २९ वडा पर्छन्। यो क्षेत्रमा जम्मा मतदाता १ लाख दुई हजार ४३७ मतदाता छन्। मतदानस्थल ३९ र मतदान केन्द्र ११४ छन्।

### के भन्छन् प्रमुख दलका उम्मेदवार ?

● **डा. तोसिमा कार्की**, रास्वपा



अघिल्लोपटक गरेका धेरै वाचा पूरा गर्न बाँकी छ। कार्यकाल र वाचा पूरा गर्न आफ्नै सरकार बनाएर प्रदेश, स्थानीय तह र संघमा पनि हस्तक्षेप गरेर जनताको पक्षमा काम गर्ने हो। स्वास्थ्य नीतिमा सुधार गर्नुपर्नेछ। महिला उद्यमशीलता, महिला र युवा सशक्तीकरण, न्याय, सुशासन, भ्रष्टाचारविरुद्ध काम गर्नुपर्नेछ।

● **सन्दन थापामगर**, एमाले



अघिल्लो चुनावमा कांग्रेस र माओवादीको गठबन्धन थियो। गठबन्धनबाट माओवादीको उम्मेदवार भएकाले कांग्रेसको भोट रास्वपालाई गयो। नयाँ भएकाले टेस्ट गरौँ भनेर मतदान गर्नुभयो। आज उहाँ टेस्टेड पनि भइसक्नुभयो। म निरन्तर सामाजिक क्षेत्रमा खटिएको सामाजिक कार्यकर्ता हुँ। खेलकुदको विकास, रोजगारी सिर्जना, फोहोरमैला व्यवस्थापनलगायतका एजेन्डा छन्।

● **जितेन्द्रकुमार श्रेष्ठ**, कांग्रेस



विकास निर्माणका साथै सांस्कृति सम्पदाको संरक्षण र प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा काम गर्नेछु। सांसद एक्लैले मात्रै धेरै काम गर्न सक्दैन। त्यसका लागि स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँग समन्वय गरेर काम गर्नेछु। स्थानीय जनप्रतिनिधिहरूको सफल अनुभव र संगठनको बलियो जगमा निर्वाचन जितेर नमुना क्षेत्र बनाउनेछु।

● **राजकाजी महर्जन**, नेकपा



'स्मार्ट, व्यवस्थित र सांस्कृतिक रूपमा समृद्ध क्षेत्र' बनाउने योजना छ। सार्वजनिक सेवाप्रवाहलाई डिजिटल प्रणालीमार्फत छिटो, पारदर्शी र सहज बनाउनेछु। सहरी व्यवस्थापन सुधार, सम्पदा संरक्षण, युवा रोजगारीलाई प्राथमिकतामा राखेको छु। वर्षौंदेखि अव्यवस्थित सडक, ढल निकास र ट्राफिक व्यवस्थापनलाई दीर्घकालीन योजनामार्फत सुधार गर्नेछु। पाटन क्षेत्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै त्यसलाई पर्यटकीय आकर्षणका रूपमा विकास गर्नेछु।

### समानुपातिकमा पनि रास्वपा पहिलो

गत निर्वाचनमा समानुपातिकमा पनि रास्वपा पहिलो भएको थियो। रास्वपाले १६ हजार ६५० मत ल्याएको थियो भने एमालेले १२ हजार २९७ मत ल्याएको थियो। समानुपातिकमा तेस्रो भएको कांग्रेसको आठ हजार २४७, राप्रपाले आठ हजार ७८९, माओवादीले ६ हजार ५३१ मत ल्याएको थियो।

### स्थानीय तहको स्थिति

स्थानीय तह निर्वाचनमा ललितपुर महानगरपालिकाको मेयर कांग्रेस र उपमेयर एमालेले जितेका छन्। २२ वडामध्ये एमालेले ८, कांग्रेसले ७, माओवादीले ३ र एकीकृत समाजवादी र स्वतन्त्रले दुई-दुईवटा वडा जितेका छन्। गोदावरी नगरपालिकाका १२ र १४ नम्बर वडा र ललितपुर महानगरपालिकाका ४, १०, १४, २०, २८ नम्बर वडा कांग्रेसले जितेको छ। एमालेले ललितपुर महानगरको ५, १५, १८, २२, २३, २४, २५ र २९ नम्बर वडा जितेको छ। माओवादीले २१, २६ र २७ वडा जितेको छ। स्वतन्त्रले १ र १३, एकीकृत समाजवादीले २ र ३ नम्बर वडा जितेको छ।

# महँगो निर्वाचन प्रणाली हामीले चाहेका होइनौं : प्रचण्ड

**रोल्पा**/ नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले आफूहरूले जस्तो महँगो निर्वाचन नचाहेको बताएका छन्। शनिबार रोल्पाको सदरमुकाम लिबाङमा आयोजित चुनावी सभामा उनले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमार्फत आमनेपाली जनताको अभिमतलाई सम्मान गर्न चाहेको र त्यो गर्न बाँकी रहेको बताए।

प्रचण्डले प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको सुरुदेखि गर्दै आएको र अहिले पनि उक्त मुद्दाबाट पछि नहटेको स्पष्ट पारे। 'यो निर्वाचनपछि संसद्‌बाट जेन-जी युवाहरूले भनेको जस्तै भ्रष्टाचारविरुद्ध र संविधान संशोधन गरेर यसलाई परिमार्जन र विकसित गर्ने कुरामा हामी संकल्पबद्ध छौं,' उनले भने, 'उक्त कामका लागि देशमा दह्रो अडानको आवश्यकता छ। राष्ट्रलाई संकटबाट मुक्त गर्न यो अभियानलाई जसरी पनि सफल बनाउनुछ।'

देशलाई अप्ठ्यारोमा पार्न खोजिएको भन्दै त्यसबाट निकास दिनुपर्ने प्रचण्डले बताए। 'यो अप्ठ्यारोबाट देशलाई निकास दिन जनताको आवश्यकताअनुसार सुशासन, सामाजिक न्याय र समृद्धिको एउटा नयाँ यात्रामार्फत समाजवादतिर अगाडि बढ्न केन्द्रीय आधार इलाकाबाट नयाँ शिराबाट नयाँ अभियान चलाउनुपर्ने भएको छ। नेपालको स्वाधीनता र आत्मसम्मानमाथि प्रहार गर्न खोज्छन् भने तिनका विरुद्धमा अभियान छेड्न अपिल गर्न म रोल्पा आएको हुँ,' उनले भने। प्रचण्डले आफ्नो नेतृत्वमा तेस्रोपटक सरकार हुँदा भ्रष्टाचारविरुद्धको अभियान छेडेको बताए।

# ज्वरोले दुवै छोराको ज्यान गएपछि रित्तियो मानमतीको कोख

बैतडीमा **लोकेश साउद**

बैतडीको पुरचौंडी नगरपालिका- १० महरागाउँमा ज्वरोका कारण दुई बालकको ज्यान गएको छ। ज्वरोको लक्षण देखिएका १३ वर्षीय विनोद महरा र उनकै भाइ १० वर्षका विकास महराको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ। ३५ वर्षीया मानमती महराका दुई छोराको एक साताभित्रै ज्यान गएपछि उनको कोख रित्तिएको छ।

उच्च ज्वरो आउने, बान्ता हुने, जिउ तथा आँखा दुख्नेजस्ता लक्षणले दुवै बालकको मृत्यु भएको स्थानीय किशोर धामीले बताए। उनका अनुसार विनोदको गत सोमबार र विकासको शनिबार बिहान मृत्यु भएको हो। ज्वरोबाट सिकिस्त बनेका विकासलाई शनिबार अस्पताल लैजान गाउँलेहरूले गाडी मगाएका थिए। गाडी आइनपुग्दै बान्तापछि उनको मृत्यु भएको स्थानीय नरेश महराले बताए। उनका अनुसार विनोदलाई पनि गत सोमबार अस्पताल लैजान घरबाट १० मिनेट हिँडेर सडकमा पुऱ्याइएको थियो। गाडी चढ्नै लाग्दा बेहोस भएर ढलेपछि उनको मृत्यु भएको महराले बताए।

विनोद गलेश्वर मावि कक्षा ७ र विकास भौनेली आधारभूत विद्यालयमा तीन कक्षामा पढ्थे। एक साताभित्रै दुई छोरा गुमाएकी मानमतीको स्वास्थ्य अवस्था चिन्ताजनक रहेको स्थानीय किशोर धामीले बताए। मानमतीका श्रीमान् कैलाश कामको खोजीमा काठमाडौं गएका थिए। जेठो छोराको मृत्यु भएको खबर पाएपछि उनी तीन दिनअघि मात्रै घर आएका थिए। कान्छो छोराको पनि घर फर्किएको तेस्रो दिनमै मृत्यु भएपछि महरा परिवार विक्षिप्त बनेको छ।

पूरै गाउँभरि ज्वरोको लक्षण भएका दर्जनौँ बिरामी रहेको स्थानीयले बताएका छन्। 'एकै घरका दुई बालकको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ,' स्थानीय किशोर धामीले भने, 'गाउँभरि यस्तै ज्वरोका बिरामी छन्।'

पछिल्लो केही दिनयता हाट स्वास्थ्यचौकीमा दैनिक पाँच-सातजना ज्वरोका बिरामी आइराख्ने स्वास्थ्यचौकीका इन्चार्ज दीपेन्द्र धामीले बताए। उनले ज्वरो कारण मात्र यति छिटो ज्यान जान नसक्ने बताउँदै बिरामीको मृत्युको कारण परीक्षणपछि मात्र थाहा हुने बताए। गाउँमा ज्वरोका बिरामीको संख्या बढेको खबर पाएपछि जिल्ला अस्पताल बैतडीबाट डा. सिजन खड्कासहितको टोली घटनास्थल पुगेको छ। खड्काले बिरामीहरूको स्याम्पल लिएर आएको र धनगढी वा काठमाडौंमा परीक्षण गरेपछि थप विषय थाहा हुने बताए।

# बाँके २ मा मधेशी र मुस्लिमको मत निर्णायक

## विरासत फर्काउने दाउमा राप्रपा र एमाले, चुनौती दिँदै कांग्रेस र रास्वपा

बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

नेपालगन्ज उपमहानगरपालिकाको २१ वडा र डुडुवा गाउँपालिका समेटिएको बाँके २ मा चुनावी माहोल तातिएको छ। कुल २० जना उम्मेदवार प्रतिस्पर्धामा रहेको यो क्षेत्रमा एमालेका मोहम्मद इस्तियाक राई, कांग्रेसका सुधांशु कोइराला, नेकपाका दीपेन्द्र विष्ट, राष्ट्रिय स्वतन्त्र पार्टीका विवेककुमार श्रेष्ठ र राष्ट्रिय प्रजातन्त्र पार्टीका ऋषिराज देवकोटाबिच प्रतिस्पर्धा हुने आकलन गरिएको छ।

मधेशी र मुस्लिमको मत निर्णायक हुने भएकाले अधिकांश उम्मेदवार र राजनीतिक दलले यसतर्फ जोडबल गरेका छन्। अधिकांश उम्मेदवार र राजनीतिक दलहरू मधेशी र मुस्लिमको मत आफ्नो पोल्टामा पार्न विभिन्न उपाय अपनाउँदै आएका छन्। नयाँ दलका उम्मेदवारले कडा चुनौती दिने देखिएपछि आफ्नो साख जोगाउने दाउमा पुराना दल लागेका छन्। मधेशी र मुस्लिमको मत यताउता जान सक्ने भएकाले एमालेले आफ्नो शक्ति यसतर्फ लगाएको छ। एमालेका राई मधेशी र मुस्लिमको प्रतिनिधित्व गर्छन्। यसै क्षेत्रबाट विजयी भएर दुईपटक मन्त्री भइसकेका उनले यसपटकको निर्वाचनलाई प्रतिष्ठाको विषय बनाएका छन्। ०७० मा एमालेका दिनेशचन्द्र यादव र ०७९ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका धवलशमशेर राणासँग पराजित भए।

**■ बाँके २**
**मतदाता** : १,०८,२९०
**महिला** : ५१,१६७
**पुरुष** : ५७,११७
**अन्य** : ६
**मतदानस्थल** : ४३
**मतदान केन्द्र** : १२४
**उम्मेदवार** : २०

एमाले-राप्रपा गठबन्धनबाट उम्मेदवार बनेका राणाले राईलाई ६ हजार ५७ मतान्तरले पराजित गरेका थिए। राणाले २९ हजार ५७७ मत प्राप्त गर्दा जसपा उम्मेदवार राईले २३ हजार ५२० मत ल्याएका थिए। उनी अहिले एमालेबाट उम्मेदवार बनेका छन्। राई आफ्नो कार्यकालमा गरेका विकासका कामबाट आफ्नो निर्वाचन क्षेत्रमा स्थापित छन्। विकासको कामले जनताबाट अनुमोदित हुनेमा उनी ढुक्क छन्।

पहाडी, मधेशी र मुस्लिम समुदायको मिश्रित बसोवास रहेको क्षेत्रमा मतदाताको झुकाव कता जान्छ भन्ने विषयमा यकिन गर्न सकिने अवस्था छैन। यस क्षेत्रमा एक लाख पाँच हजार मतदाता छन्। कांग्रेस उम्मेदवार कोइराला पूर्वप्रधानमन्त्री स्व. सुशील कोइरालाका भतिजा हुन्। उनी कांग्रेस बाँकेका सचिवसमेत हुन्। राजनीतिक संस्कारमा हुर्किएका कोइराला पहिलोपटक संसदीय निर्वाचनमा होमिएका हुन्। ०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका उम्मेदवार सुदीपनरसिंह राणा एमाले-राप्रपाका उम्मेदवारसँग पराजित भए। उनले जमानतसमेत जोगाउन सकेनन्।

अघिल्लो निर्वाचनजस्तो यसपटक नहुने कांग्रेस उम्मेदवार सुधांशु कोइरालाले बताए। 'अहिले कांग्रेस एकढिक्का छ। चुनावी माहोल पनि एकदमै राम्रो छ,' उनले भने, 'मधेशी, मुस्लिम र हिन्दु धर्ममा आस्था राख्ने पहाडी मूलका मतदाताको भोट मलाई आउँछ।' रास्वपाका उम्मेदवार विवेककुमार श्रेष्ठ पनि बलियो देखिएका छन्। मतदाताले यसपटक नयाँ दललाई रोज्नेमा उनी विश्वस्त छन्। अघिल्लो निर्वाचनमा रास्वपाका विनोद अग्रहरीले एक हजार तीन सय मत पाएका थिए। यसपालि आफू जितनजिक पुगेको श्रेष्ठले दाबी गरे। 'पुराना दलप्रति जनताको वितृष्णा बढेकाले यसपटक जित निश्चित छ,' उनले भने।


राजासहितको प्रजातन्त्र र हिन्दु राज्यको नारा अघि सारेको राप्रपाले पनि निर्वाचन आफ्नो पक्षमा हुने दाबी गरेको छ। राप्रपाका उम्मेदवार ऋषिराज देवकोटाले जनता राजासहितको प्रजातन्त्र र हिन्दु राज्यको पक्षमा भएको बताए। उनले बाँके २ मा हिन्दुको बाहुल्य भएको बताउँदै मुस्लिम समुदायले समेत राजासहितको प्रजातन्त्र चाहेको बताए। नेकपाका उम्मेदवार दीपेन्द्र विष्ट पनि प्रतिस्पर्धामा देखिएका छन्। उनले पनि मतदाता आफ्नो पक्षमा रहेको दाबी गरेका छन्। पछिल्लो समय मतदाता नेकपाको पक्षमा देखिएको बताउँदै जित निश्चित भइसकेको बताए।

● **ऋषिराज देवकोटा**, राप्रपा उम्मेदवार



राप्रपाको पक्षमा जनलहर देखिएको छ। अघिल्लो निर्वाचनजस्तै यसपालि पनि राप्रपाले जित्ने निश्चित छ।

● **सुधांशु कोइराला**, कांग्रेस उम्मेदवार




अहिले कांग्रेस एकढिक्का छ। चुनावी माहोल पनि एकदमै राम्रो छ। मधेशी, मुस्लिम र हिन्दु धर्ममा आस्था राख्ने पहाडी मूलका मतदाताको भोट मलाई आउँछ।

● **मोहम्मद इस्तियाक राई**, एमाले उम्मेदवार




मन्त्री हुँदा मैले गरेका विकासका कामले जनताबाट अनुमोदित हुनेमा आशावादी छु।

● **विवेककुमार श्रेष्ठ**, रास्वपा उम्मेदवार




पुराना दलप्रति जनताको वितृष्णा बढेकाले यसपटक जित निश्चित छ।

● **दीपेन्द्र विष्ट**, नेकपा उम्मेदवार



जेन-जी आन्दोलनले युवा खोजेको छ। यसपटक मेरो जित निश्चित छ।

# संविधानसभा सदस्य पहाडी एमाले प्रवेश



**बुटवल**/ संविधानसभा सदस्य विनोद पहाडी एमाले प्रवेश गरेका छन्। उनलाई एमाले उपाध्यक्ष विष्णु पौडेल, सचिव छविलाल विश्वकर्मा, नेता लीला गिरीले शनिबार पार्टीमा स्वागत गरेका छन्। उनी राष्ट्रिय दलित पत्रकार महासंघका अध्यक्ष हुन्। पहाडीले कुनै लोभमा नभएर विचारका आधारमा एमाले रोजेको जनाए। उनीसँगै नेकपा रुपन्देही सदस्य सरोज गौतम, नगर सदस्य जनक गौतम एमाले प्रवेश गरेको सो पार्टीले जनाएको छ।


कामदार
चाहीयो
मासुकाट्न जानेको
अनुभबी ३ जना
कामदार चाहीयो।
हात्तीगौडा, काठमाडौं
फोन नं. ९८५१२४५९३०

UAE मा बैदेशिक रोजगार | १. कम्पनी : ARMED FORCE OFFICERS CLUB & HOTEL शहर : UAE

पूर्व स्वीकृत मिति : २०८०/०९/२८ चलानी नं. ६०२५२३३४ LT. No.: 338387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/ बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiterss | 0 | 10 | स. काममा दक्ष | 1200 | ४७,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ वर्ष |
| 2. | Waiter (General) | 30 | 0 | | 1200 | ४७,५४८ | | | | | | |
| 3. | Chamber Maids | 0 | 10 | | 1000 | ३८,६२३ | | | | | | |
| 4. | Chamberman | 50 | 0 | | 1000 | ३८,६२३ | | | | | | |
| 5. | Steward (Steward/ stewardess Restaurant) | 40 | 0 | | 1000 | ३८,६२३ | | | | | | |
| 6. | Steward (Steward/ stewardess Restaurant) | 0 | 10 | | 1000 | ३८,६२३ | | | | | | |
| 7. | Commis | 10 | 0 | | 1000 | ३८,६२३ | | | | | | |
| 8. | Office Boys/Girls (Utilities) | 20 | 0 | | 1000 | ३८,६२३ | | | | | | |
| 9. | Food Services supervisor | 0 | 5 | | 1500 | ५९,८३५ | | | | | | |
| 10. | Office Girs (Host) | 0 | 10 | | 1000 | ३८,६२३ | | | | | | |
| 11. | Food Service Supervisor | 5 | 0 | | 1500 | ५९,८३५ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८२ फागुन २४ गते (8 Mar. 2026) मा हुने छ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पिङ कति लाग्ने र कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १५००/- कामदारले तिर्ने | रु. १०००० |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफु काठमाडौमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्रै सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालको विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहबहलमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

# चुनावी घोषणापत्रमा शैक्षिक रूपान्तरणको बहस

## दलहरूको चुनावी घोषणापत्रमा शिक्षालाई सिपसँग जोड्ने र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने प्रतिबद्धता कमजोर देखिन्छ



● किरण कोइराला

अग्रलेख

सामाजिक रूपान्तरणका लागि सिप, संस्कार र प्रविधिको सम्मिश्रणयुक्त शिक्षा आवश्यक छ। तर, वर्तमान विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षा प्रणालीले बालबालिकाको खुलेआम मानसिक तथा भावनात्मक शैक्षिक व्यापार भइरहेको छ। यसतर्फ राजनीतिक दलहरूका घोषणापत्र मौन देखिन्छन्। घोकेर पास गर्नेभन्दा समालोचनात्मक सोचाइ, समस्या समाधान र समूहमा काम गर्ने क्षमताजस्ता २१औँ शताब्दीका सिपलाई मुख्य प्राथमिकता दिइनुपर्छ। तर, दलहरूका लागि भने नेपालको वर्तमान सामाजिक र आर्थिक रूपान्तरणका लागि देशको अर्थतन्त्रले धान्न सक्ने गरी शिक्षामा सन्तुलन मिलाउनु नै मुख्य चुनौती देखिएको छ। दलहरूले निःशुल्क र आधुनिक शिक्षा भनेर जतिसुकै ठुला सपना बाँडे पनि नेपालको अर्थतन्त्रको आकार र राजस्वको अवस्था हेर्दा यथार्थ फरक छ। देशको अर्थतन्त्रले चालू खर्चसमेत धान्न धौधौ भइरहेको अवस्थामा निःशुल्क र अनिवार्य शिक्षा गुणस्तरीय हुने आधार कमजोर देखिन्छ।

सामाजिक रूपान्तरणका लागि शिक्षा जीवनोपयोगी हुनुपर्छ भने आर्थिक दिगोपनका लागि शिक्षा उत्पादनमुखी हुनुपर्छ। नेपालका सन्दर्भमा सबै पक्ष समेट्ने उपयुक्त व्यावसायिक धारसहितको एकीकृत सार्वजनिक शिक्षा उत्तम विकल्प हुन्छ। अनुसन्धान र बजारसँग जोडिएको उत्पादनमूलक शिक्षा प्रणालीले मात्र राज्यलाई आर्थिक दायित्व कम गर्दै व्यावसायिक वातावरण सिर्जना गर्छ। उत्पादित जनशक्तिले तुरुन्तै अर्थतन्त्रमा योगदान दिन सक्छन्। निःशुल्क दिइने शिक्षाभन्दा सक्षम बनाउने नीतिले मात्र गुणस्तरीय शिक्षामा निरन्तरता हुनुपर्ने देखिन्छ।

मानव पुँजीमा लगानी गर्ने दक्षिण कोरिया र जापानको शिक्षा र विकासको मोडेल नेपालका लागि सान्दर्भिक देखिन्छ। जापान र दक्षिण कोरियासँग कोइला, पेट्रोलियम पदार्थ वा अन्य बहुमूल्य खनिजको भण्डार थिएन। उनीहरूले मानिसलाई दायित्व होइन, मानव पुँजीका रूपमा विकास गरी सिपमूलक शिक्षामा महत्त्व दिएर राष्ट्रको विकास गरेका छन्। जापान, कोरिया र चीनले विदेशमा पढेका आफ्ना नागरिकलाई उच्च सेवा-सुविधा दिएर देशमा फर्काए। नेपालले पनि रेमिट्यान्सको उपभोग मात्र नगरी तिनले विदेशमा सिकेको सिपलाई देश विकासमा लगाउने योजना बनाउनुपर्छ।

देशको विकास नागरिकको सिप र क्षमताको सहकार्य र समन्वयले हुन्छ। विकास र उपभोग गर्ने नागरिक नै हुन्। सामाजिक विभेदबाट कहिल्यै शैक्षिक विकास हुँदैन। त्यस्तो शिक्षाले साक्षरतालाई मात्र जोड दिन्छ। नागरिकको भावनात्मक सहकार्य, आत्मीय सहयोग र आपसी सम्बन्धको विश्वासमा विकास हुन्छ र दिगोपन रहन्छ। स्रोत-साधनलाई सीमित गरेर अंशबन्डा गरिएका अधिकार कार्यान्वयनको कानुनी डन्डाले सामाजिक न्याय हुन सक्दैन। न त त्यस्तो निष्क्रिय समाज रूपान्तरण नै हुन सक्छ। त्यसैले शिक्षालाई सक्षमतासँग जोड्ने र प्रतिस्पर्धी नागरिक तयार गर्ने लक्ष्य हुनुपर्छ। दलहरूको चुनावी घोषणापत्रमा शिक्षालाई सिपसँग जोड्ने र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने प्रतिबद्धता कमजोर देखिएको छ।

**प्रमुख दलहरूको चुनावी घोषणापत्रमा विद्यालय शिक्षा** : नेपाली कांग्रेसले आफ्नो प्रतिज्ञापत्रमा प्रत्येक स्थानीय तहमा कम्तीमा दुइटा नमुना विद्यालय विस्तार गर्ने, आर्थिक तथा सामाजिक रूपान्तरणका लागि प्रविधियुक्त शिक्षालाई प्राथमिकता दिने, पाठ्यक्रममा ४० प्रतिशत प्राविधिक सिप समावेश गर्ने, कुल बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने भनिएको छ। 'स्टिम' शिक्षामा प्रथमिकता, गरिब र विपन्न परिवारका विद्यार्थीलाई शिक्षामा पहुँच र क्षमता विकासका लागि भौचर प्रणालीमार्फत विपन्नलाई निजीसरहको शिक्षाको अवसर प्रदान गर्ने भनिएको छ। कांग्रेसले शिक्षामा उदारवादी र संरचनागत परिवर्तनको वकालत गरेको देखिन्छ।

एमालेको घोषणापत्रमा राष्ट्रप्रेम, उद्यमशीलता र प्राविधिक सन्तुलन कायम हुने गरी नवप्रवर्तनात्मक मानव पुँजीको विकास गर्न खोजिएको छ। शिक्षकको मर्यादाक्रम तोक्ने, १० कक्षासम्मका विद्यार्थीलाई दिवाखाजा, विज्ञान पार्क, प्रविधि पार्क, इन्क्युबेसन सेन्टर र नवप्रवर्तनशाला स्थापना गर्नेजस्ता योजना रहेको देखिन्छ। कम विद्यार्थी संख्या भएका विद्यालय गाभ्ने, आवासीय व्यवस्था र शिक्षक दरबन्दी मिलानजस्ता व्यवस्थापकीय पक्षलाई पनि महत्त्व दिइएको छ। परीक्षा र मूल्यांकन सम्बन्धमा परीक्षाकेन्द्रित नहुने भनियो, तर विकल्पको स्पष्ट खाका छैन। एमालेले टेक्नोक्र्याटिक (प्राविधिक) र राष्ट्रवादी शिक्षाको सम्मिश्रण गर्न खोजेको देखिन्छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को प्रतिबद्धतापत्रमा शिक्षाले महत्त्व पाएको देखिँदैन। एकीकृत बाल ऐन तथा एकीकृत दलित विकास ऐन तर्जुमा गरिनेछ उल्लेख गरी अधिकारमा आधारित अधिकारलक्षित कानुनी अंशलाई नै निरन्तरता दिइएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चुनावी वाचापत्रमा शिक्षामा राजनीतिक हस्तक्षेप अन्त्य गरिने, आधुनिक समावेशिताका लागि योग्यता प्रणालीलाई महत्त्व दिइने र नयाँ अवधारणाका रूपमा 'न्युरोडाइभर्सिटी' र विद्यालयभित्रै थेरापी सेवा प्रदान गर्नेजस्ता महत्त्वपूर्ण शैक्षिक योजना प्रस्तुत गरिएको छ। शैक्षिक संस्थामा दलीय संगठनको प्रतिबन्धजस्ता प्रावधानले शिक्षामा राजनीति अन्त्य गर्न खोजेको देखिन्छ। नेपाललाई एजुकेसन हब बनाउने, निजीलाई परिपूरक र सेवामुखी बनाउनेजस्ता शिक्षा क्षेत्रका सान्दर्भिक पक्ष उल्लेख गरेको पाइन्छ। रास्वपाले प्रगतिशील, आधुनिक समावेशी र विश्व बजारमुखी




शिक्षाको वकालत गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को चुनावी घोषणापत्रमा सनातन संस्कृति शिक्षालाई विकासको आधार मानेको छ। सबै प्रकारका ट्रेड युनियन खारेज, नैतिक शिक्षा र संस्कृत भाषाको अनिवार्य पठनपाठन उल्लेख छ।

उज्यालो नेपाल पार्टीको घोषणापत्र अन्य दलको तुलनामा महत्त्वाकांक्षी, स्रोत-केन्द्रित र आदर्श राज्यउन्मुख देखिन्छ। उसले विश्वविद्यालय तहसम्म पूर्ण निःशुल्क शिक्षा प्रस्ताव गरेको छ। बच्चा जन्मनेबित्तिकै १५ हजारको शिक्षा बचत कोष खडा गर्ने योजनाले दीर्घकालीन सोच राखेको देखिन्छ। पाठ्यक्रममा ५० प्रतिशत व्यावसायिक सिप अनिवार्य गर्ने भनिएको छ। शिक्षाको बजेटलाई सीधै जलविद्युत्को आम्दानीसँग जोड्ने मोडेल नितान्त फरक छ। तर, यी कार्यक्रम आकर्षक भए पनि कार्यान्वयन पक्ष भने निकै जटिल र दीर्घकालीन देखिन्छ। किनभने, जलविद्युत्बाट प्रतिफल आउन १०-१५ वर्ष लाग्छ तर सुविधा र अधिकार जनतालाई तत्कालै चाहिन्छ।

> दलहरूले निःशुल्क र आधुनिक शिक्षा भनेर जतिसुकै ठुला सपना बाँडे पनि नेपालको अर्थतन्त्रको आकार र राजस्वको अवस्था हेर्दा यथार्थ फरक छ। देशको अर्थतन्त्रले चालू खर्चसमेत धान्न धौधौ भइरहेको अवस्थामा निःशुल्क र अनिवार्य शिक्षाको आधार कमजोर देखिन्छ।

**वर्तमान विद्यालय शिक्षाका वास्तविकता** : विद्यार्थी नभएका विद्यालयमा पनि शिक्षकको तलब गइरहेको छ। कम विद्यार्थी भएका १० वटा कमजोर विद्यालय चलाउनुभन्दा तिनलाई गाभेर सुविधासम्पन्न बस सुविधासहितको एउटै ठुलो स्कुल बनाउनु अर्थतन्त्रले धान्न सक्ने उत्कृष्ट उपाय हो। यसले प्रशासनिक खर्च घटाउँछ र गुणस्तर बढाउँछ। सरकारले पर्याप्त स्रोतसाधन र तहगत शिक्षक दरबन्दी वर्षौंसम्म मिलान गर्न सकिरहेको छैन। एमालेको घोषणापत्रमा विद्यालय मर्ज, आवासीय विद्यालय र शिक्षक दरबन्दीसम्बन्धी विषयलाई प्राथमिकता दिएर शैक्षिक सुशासनलाई महत्त्व दिएको देखिन्छ। कांग्रेसले शिक्षकको सुविधा निजामती सेवासरह बनाउने प्रस्ताव गरेर शैक्षिक तथा पेसागत असमानतालाई स्विकारेको देखिन्छ। विद्यार्थी र नागरिक समाजले गुणस्तरीय शिक्षा प्राप्त गर्ने समग्रतामा वाचा गरिए पनि घोषणापत्रमा स्पष्ट प्रतिबद्धता कुनै पनि दलको देखिन्न।

साना बालबालिका झोलाभरि पाठ्यपुस्तकसँगै थिचिने गरी पुस्तक व्यापारको सिकार भइरहेका छन्। झोलाभरिको पाठ्यपुस्तक बोकेर हिँड्न नसक्दा गाडीको व्यापार पनि चलेको छ। ती सबै पाठ्यपुस्तक पढिसक्न बिहानदेखि बेलुकासम्म विद्यालयमा थुनिएर ट्युसन र कोचिङको सुगारटाइ चलिरहेको छ। जाडो महिनामा विद्यालयमा पोसाकको व्यापार पनि चलेकै छ। किशोरकिशोरी एसइईको डरमा बिहानदेखि बेलुकासम्म थुनिएर फेल हुने भयमा महँगो ट्युसन र होस्टेलको व्यापार चलिरहेको छ। 'गुणस्तरीय' शिक्षाका लागि सहरबजारमा महँगा विद्यालय चलिरहेका छन्। गुणस्तरीय शिक्षाको भ्रममा अभिभावकको श्रम र परिश्रमको महँगो लगानी भएको छ। बालकको कलिलो मानसिक क्षमताबाट सुरु हुने शैक्षिक व्यापारले सधैँका लागि ज्ञानको लिलाम भइरहेको छ। शिक्षा क्षेत्रका यति धेरै शैक्षिक व्यापारको बोझ विद्यार्थीले धान्न नसक्दा परीक्षामा अनियमितताले महत्त्व पाएको छ। अन्त्यमा कक्षा १२ पास गरिसकेपछि देशमा केही छैन भन्ने मानसिकताको शैक्षिक बोझले असन्तुलित दिमाग लिएर विदेश जाने लहरले निरन्तरता पाएको छ। सैद्धान्तिक र अव्यावहारिक शिक्षामा भइरहेको अभिभावकको अत्यधिक आर्थिक लगानी, विद्यार्थीको अनिश्चित सिकाइ प्रतिफल र राज्यको नवउदारवादी शैक्षिक नीतिले अभिभावक, विद्यार्थी र सरकार कसैलाई शैक्षिक फाइदा दिएको छैन। सरकारले सामुदायिक विद्यालयमा अनिवार्य र निःशुल्क शिक्षामा अत्यधिक लगानी गरिरहेको छ। अभिभावकले सुधारिएको शिक्षाका नाममा निजी तथा सामुदायिक विद्यालयमा अत्यधिक रकम खर्च गरिरहेका छन्।

**निष्कर्ष** : शिक्षा सम्बन्धमा चुनावी घोषणापत्रमा फरक-फरक दलले फरक-फरक शैक्षिक प्रणाली उल्लेख गरे पनि सबै दलको शैक्षिक निष्कर्ष गुणस्तरीय र उत्पादनमुखी शिक्षामा प्राथमिकता रहेको देखिन्छ। कांग्रेसको डिजिटलाइजेसन, एमालेको नवप्रवर्तन र उद्यमशीलता, रास्वपा र राप्रपाको दलीय राजनीति अन्त्य तथा उज्यालो नेपाल पार्टीको शिक्षाको बजेटलाई सीधै जलविद्युत्को आम्दानीसँग जोड्ने यी सबै पक्षलाई मिलाएर एकीकृत राष्ट्रिय शिक्षा प्रणालीको दीर्घकालीन रणनीति तय गरिनुपर्छ। शिक्षाले नागरिकलाई अधिकारको दास नभई क्षमता र योग्यताको विज्ञ र प्रतिस्पर्धाको मालिक बनाउनुपर्छ। नेपालको शैक्षिक प्रणाली वर्गीय असमानतामा रुमल्लिएको छ। अबको शैक्षिक प्रणाली कुनै निश्चित वर्ग, राजनीतिक पार्टी र सम्प्रदायको अधिकारको माध्यमभन्दा राष्ट्र विकासको साधन बन्नुपर्छ।

वर्तमान शैक्षिक प्रणालीको पाठ्यक्रम गहन र बोझिला सैद्धान्तिक पुस्तकीय ज्ञानमा आधारित छन्। वर्तमान पाठ्यक्रमका सिद्धान्तले विद्यार्थीलाई परिवार, समाज र राष्ट्रलाई भावनात्मक रूपमा बुझ्ने र व्यवहार गर्ने जीवनपर्यन्त सिपको विकास गर्न सक्ने देखिँदैन। शिक्षाले युवालाई विदेश धपाउने होइन। नेपालकै पर्यटन, कृषि, ऊर्जा, जडीबुटी चिन्न सक्ने बनाउनुपर्छ। शिक्षालाई जातीय र वर्गीय विभेद अन्त्य गर्ने माध्यम बनाइनुपर्छ। घोषणापत्रमा के गर्ने भन्ने कुरा राम्रा छन् तर कसरी भन्ने पक्ष कमजोर छ। अबको शिक्षा कालोपाटी र चकबाट माथि उठेर कृत्रिम बौद्धिकता (एआई) र जीवनसँग जोडिनुपर्छ। चुनावपश्चात् सबै पार्टीको शैक्षिक घोषणापत्रका महत्त्वपूर्ण पक्ष समावेश गरेर सबै दलको साझा शैक्षिक सहकार्य हुने गरी दीर्घकालीन शैक्षिक योजना बनाइनुपर्छ। शिक्षा सबैको हो। सबै राजनीतिक दलले सरकारमा रहे वा नरहे पनि यो शैक्षिक एजेन्डा मेरो हो भन्ने धारणा कायम रहिरहने गरी सबैको समन्वयात्मक सहकार्यमा शैक्षिक रूपान्तरणको दिर्घकालीन रणनीति तय गरिनुपर्छ। सरकार परिवर्तन हुँदा पनि शैक्षिक रणनीति निरन्तर रहिरहने दलीय प्रतिबद्धता रहनुपर्छ। अब शिक्षामा मैले भन्दा हामीले र मेरो पार्टीले भन्दा हामी सबै पार्टीको साझा रणानीति र कार्यक्रम हो भन्ने सकारात्मक चिन्तन र सहकार्यात्मक वातावरण तयार हुनुपर्छ। शिक्षक तथा अभिभावकमा मेरो पार्टीभन्दा शिक्षाको सन्दर्भमा सबै हाम्रा पार्टी हुन् भन्ने विद्यालय वातावरणको विकास हुनुपर्छ। तसर्थ, सबै दलले शिक्षालाई पहिलो प्राथमिकतामा राखी हामी र हाम्रा भावी पुस्ताको उज्ज्वल भविष्यको सुनौलो बिहानी हो भनी शिक्षालाई निरन्तर महत्त्व दिइनुपर्छ।

*(कोइराला शिक्षक महासंघ, गोलन्जोर गापा समिति, सिन्धुलीका अध्यक्ष हुन्)*

---

## ३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



**२१ फागुनको निर्वाचनको सन्दर्भमा दलहरूको मधेश हेर्ने नीति कस्तो देखिन्छ ?**

यसपालि राजनीतिक दलहरू मधेशबारे साबिकभन्दा अलि बढी गम्भीर देखिएका छन्। पहिले-पहिलेभन्दा उनीहरूले मधेशलाई केही बढी प्राथमिकता दिएको देखिन्छ। विगतमा ०६३ पछि मधेशमा उदाएका क्षेत्रीय शक्तिको बैसाखीविना राष्ट्रिय दलहरू उभिन कठिन देखिन्थ्यो। तर, अहिले क्षेत्रीय शक्तिहरू कमजोर भएको अवस्थामा मधेशको राजनीतिक मैदान खाली छ। बजार खाली भएको अवस्थामा त्यहाँका 'उपभोक्ता' (मतदाता)सित डिल गर्न विभिन्न प्याकेज लिएर अन्य शक्ति छिर्नु अन्यथा होइन। उनीहरू मधेशलाई उकास्न, मधेशका मुद्दा समाधान गर्न र मधेशी नागरिकका भावना सम्बोधन गर्न आएका हुन् कि होइनन् भन्ने विषयमा चाहिँ भविष्यमा उनीहरू सरकारमा गएको अवस्थामा परीक्षण हुनेछ।

**दलहरूले पहिले-पहिलेभन्दा यसपालि मधेशमा यस्तो चासो दिनुको कारण के होला ?**

मधेशको मैदान खाली भएको देखेर राष्ट्रियस्तरका राजनीतिक शक्ति मधेशी नागरिकसमिप आएका हुन्। देशका अन्य भूभागमा भन्दा मधेशमा लहर पैदा गर्न सजिलो छ। 'जो दिखेगा सो बिकेगा' भन्ने 'रिल पोलिटिक्स'मा देखाउने भनेकै त्यही 'लहर' हो। गगनजी, बालेनजीहरूले बोल्दा देखिएको लहरले पनि त्यसैलाई पुष्टि गरेको छ।

**दलहरूको यस्तो चासोले मधेशमा कस्तो प्रभाव पार्ला ?**

यसले दलहरूको घोषणापत्रमा मधेशबारे बोलिएका कुरा कार्यान्वयन हुने आशा गर्न सकिन्छ। यतिखेर मधेशमा क्षेत्रीय शक्तिमाथि भन्दा राष्ट्रिय शक्तिमाथि विश्वास गरेर एकपटक जुवा खेलिहेरौँ न त भन्ने मानसिकता बढेको देखिन्छ। आफूले विश्वास गरेका राष्ट्रिय शक्तिले भोलि मधेशलाई मूलधारमा जोड्न सकेनन् भने दलहरूले मधेशमा खेलिएको जुवा हार्नेछन्। जुवामा हारिसकेपछि महाभारत हुन्छ भन्नेचाहिँ उनीहरूले हेक्का राख्न जरुरी छ।

---

प्रेरक प्रसंग

## एक्लो प्रयास, एक्लो सफलता

सन् २००४ मा मार्क जुकरबर्ग एक सामान्य विद्यार्थी थिए। उनी अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिभर्सिटीमा पढ्दै थिए। हार्वर्ड बसाइकै क्रममा उनले एउटा हार्वर्ड कनेक्ट वेबसाइटबारे थाहा पाए। यो वेबसाइट क्यामरोन र टाइलर विंकलवस नामका दुई दाजुभाइले बनाएका थिए। यो वेबसाइट देखेपछि जुकरबर्गको मनमा यस्तै केही गर्न सके हुन्थ्यो भन्ने लाग्यो। धेरै सोचेपछि उनको मनमा फेसबुक बनाउने विचार फुर्‍यो।

फेसबुक त बनाउने, तर कसरी ? कोसित मिलेर वा कसको सहयोगमा बनाउने ? उनी बडो असमञ्जसमा परे। त्यतिखेर उनीसित दुइटा बाटा थिए। एउटा निकै सजिलो थियो। उनले तिनै विंकलवस दाजुभाइसित मिलेर बडो आरामसित बसीबसी फेसबुक बनाउन सक्थे। विंकलवस दाजुभाइले पनि उनको विचार पक्कै मन पराउने थिए। र, उनीहरू जुकरबर्गसित मिलेर काम गर्न पनि तयार हुने थिए। यसबाट जुकरबर्गले निकै कम समयमा फेसबुक बनाउन सक्ने थिए।



तर, जुकरबर्गले यस्तो केही गरेनन् र यो सजिलो बाटो हिँड्ने विचार त्यागिदिए। उनले त फेसबुक बनाउने कठिन बाटोको यात्रा रोजे। उनले यस योजनामा एक्लै काम गर्ने विचार गरे। किनकि, उनलाई राम्ररी थाहा थियो कि उसले सजिलो बाटोबाट काम गर्दा विंकलवस दाजुभाइसित निकै धेरै समस्या उत्पन्न हुनेछन् र आफ्नो योजनाअनुसार काम अघि बढ्न, सम्पन्न हुन र त्यसबाट मुनाफा आर्जन गर्न निकै कठिन हुनेछ। साँच्चै जुकरबर्गले दोस्रो कठिन बाटो हिँड्न छाडेर पहिलो सरल बाटो रोजेका थिए भने आज उनी यो स्थानमा हुने थिएनन्। आज, उनीसित फेसबुककै कारण ६० अर्ब डलरभन्दा बढी सम्पत्ति छ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### भाटभटेनीलाई शुभकामना !

२३ र २४ भदौको आन्दोलनका क्रममा ध्वस्त पारिएका भाटभटेनी सुपरमार्केटका कोटेश्वर र महाराजगन्ज ब्रान्च सञ्चालनमा आएको खबर सुन्दा खुसी लाग्यो। आन्दोलनका क्रममा आगजनी गरिँदा भाटभटेनीका ती र अन्य कैयौँ सुपरमार्केट ध्वस्त भएका थिए। तर, सञ्चालक मीनबहादुर गुरुङको उच्च मनोबल र तीव्र इच्छाशक्तिका कारण ती सुपरमार्केट क्रमशः सञ्चालनमा आएको खबर सुन्दा सबैलाई खुसी लाग्नु स्वाभाविक हो। आगामी दिनमा कुनै पनि नाममा हुने आन्दोलनका क्रममा यस्ता कुनै पनि व्यवसायीको व्यवसायमाथि कहिल्यै आक्रमण नहोस्। कसैले जीवनको सारा पुँजी र पसिना खर्चेर सुरु गरिएको व्यवसायमाथि फेरि कसैको आँखा नलागोस्। मीनबहादुर गुरुङजस्ता व्यवसायीले भविष्यमा कहिल्यै रुनुनपरोस्। भाटभटेनीलाई शुभकामना !

● **गौरव स्याङ्तान**, कालधारा, काठमाडौं

### सडक किन अस्तव्यस्त छन् ?

यतिखेर काठमाडौं उपत्यकाभित्रका मुख्यमुख्य चोकमा ट्राफिक प्रहरीको न्यून उपस्थितिका कारण ट्राफिक व्यवस्थापन अस्तव्यस्त भइरहेको देखिन्छ। अधिकांश ट्राफिक प्रहरी निर्वाचन सुरक्षामा खटिएका कारण यतिखेर संघीय राजधानीसमेत रहेको उपत्यकाका अत्यन्त व्यस्त चोकमा सवारीसाधन र यात्रुलाई निकै सास्ती भइरहेको देखिन्छ। सबैजसो चोकमा निर्वाचन प्रहरीको झिनो उपस्थिति देखिन्छ।

● **सुन्दर नेपाली**, चाबहिल, काठमाडौं

### 'ग्रे लिस्ट'बाट निस्कने कसरी ?

नेपाल सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा परेको लामो समय हुन लागिसक्यो। सरकारले यसबाट निस्केर देशको अवस्था सुधार्ने दिशामा के गर्दै छ, त्यसको कुनै अत्तोपत्तो छैन। सरकारले समयमै बुद्धि पुर्‍याएर ग्रे लिस्टबाट निस्कने उपायको खोजी गरेन र यसका लागि कुनै उपाय अपनाएन भने देश कुनै वेला कालोसूचीमै पर्न बेर छैन। त्यस्तो अवस्था आयो भने देश कहाँ पुग्ला ?

● **सरला पुडासैनी**, बनेपा, काभ्रेपलान्चोक

### कहिले सुरु हुन्छ बुढीगण्डकी ?

सरकारले राष्ट्रिय गौरवको १२ सय मेगावाटको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् परियोजनाबारे चर्चा चलाएको वर्षौं भइसक्यो। त्यसैका नाममा सरकारले सर्वसाधारणले उपभोग गर्ने पेट्रोलियम पदार्थमा लगाएको करबाटै हालसम्म सो आयोजनाका लागि एक खर्ब ७२ अर्ब उठाइसकेको रहेछ। तैपनि, सो आयोजना कहिले अघि बढ्ने हो, अत्तोपत्तो छैन।

जम्मा चार खर्ब ६ अर्ब लागत अनुमान गरिएको बुढीगण्डकीका लागि करबाट मात्र सरकारले हालसम्म झन्डै पौने दुई खर्ब उठाइसक्दा पनि काम अघि नबढाएर सरकार किन मौन बसिरहेको छ ? के लगानी सुनिश्चित नभएकाले नै राष्ट्रिय गौरवको यो आयोजना यसरी अलपत्र परेको हो ? सरकारले पूर्ण र भरपर्दो तयारीसाथ यो आयोजना सुरु गरेर सर्वसाधारणलाई सेयर निष्कासन गर्ने र माग गर्नेजति सबैलाई मागबमोजिम सेयर दिने हो भने आवश्यक सम्पूर्ण रकम जुटाउन कठिन छैन। त्यसैले, यो आयोजना निर्माण गर्ने कि नगर्ने ? सरकारले छिटो निर्णय गर्न सक्नुपर्छ। नबनाउने हो भने यसअघि वितरण गरिएको मुआब्जा त्यत्तिकै खेर जाने पक्का छ। बनाउने हो भने ढिलाइ किन गरिँदै छ ? के सरकार यो आयोजनालाई अलपत्रै छाडेर सधैँ आयोजनाको नाम मात्र भजाइरहन चाहन्छ हो ? अनि, निर्वाचनमा होमिएका राजनीतिक दलले पनि निर्वाचन घोषणापत्रमा बुढीगण्डकीको नाम समावेश गरे पनि सत्तामा पुगेपछि जहिल्यै मौन देखिने गरेका छन्।

● **कुमद शर्मा**, कुपन्डोल, ललितपुर

---

# मध्यपूर्वमा ट्रम्पको ठुलो जुवा

## इरानमा सुरु भएको सैन्य अप्रेसन कति लामो समय चल्छ र यसमा कति खर्च लाग्न सक्छ भन्ने कुनै टुंगो छैन



देश/विदेश

● केभिन लिपट्याक

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध 'विशाल र निरन्तर' सैन्य अभियानको घोषणा गरेका छन्। घोषणाका क्रममा ट्रम्पले इरानी नागरिकलाई त्यहाँको दमनकारी शासकलाई हटाउन आह्वानसमेत गरे। तर, यस गम्भीर भूराजनीतिक जोखिम निम्त्याउन सक्ने कदम चालेर ट्रम्पले आफ्नो दोस्रो कार्यकाललाई गहिरो अनिश्चिततातर्फ धकेलेका छन्।

इरानमाथिको आक्रमण पुष्टि गर्दै शनिबार आफ्नो ट्रुथ सोसल एकाउन्टमा आठ मिनेट लामो भिडियो रेकर्डिङ हाल्दै ट्रम्पले यस सैन्य अभियानमा अमेरिकीको पनि ज्यान जान सक्ने स्विकारेका छन्। सोही भिडियोमा इरानमाथिको अभियानको उद्देश्य स्पष्ट गर्ने क्रममा ट्रम्पले अमेरिकाले इरानको सत्ता सफलतापूर्वक परिवर्तन गरिछाड्ने बताएका छन्। उसो त हवाई आक्रमणले मात्र सत्ता ढलेको इतिहास खासै नभए पनि वर्तमान खामेनी शासन ढलिहाल्यो भने त्यसको स्थानमा कस्तो व्यवस्था हुनेछ भन्नेबारे ट्रम्पले केही खुलाएका छैनन्।

'उनीहरूले आफ्नो आणविक महत्त्वाकांक्षा त्याग्न दिइएको अवसरलाई अस्वीकार गरे। हामी थप सहन सक्दैनौँ,' ट्रम्पले यसअघि नै बताएका थिए। एक अमेरिकी अधिकारीका अनुसार ट्रम्पले मार-ए-लागोस्थित निजी निवासबाट आक्रमणबारे निरन्तर अपडेट लिइरहेको बताएका छन्। गत सातासम्म यो विषय सल्ट्याउन घनीभूत वार्ता चलिरहेको थियो। ट्रम्पले यस सम्बन्धमा खटाएका व्यक्तिगत दूतहरूले इरानलाई कूटनीतिक सम्झौतामा ल्याउने प्रयास गरेका थिए। तर, ती प्रयास असफल भएपछि राष्ट्रपति ट्रम्प सैन्य अभियानको निर्णयमा पुगे।

अमेरिकी सेनाले धेरै दिनदेखि आक्रमणको योजना बनाइरहेको थियो। र, अमेरिकी आक्रमणलगत्तै इरानले मध्यपूर्वभर छरिएका अमरिकी आधारमाथि मिसाइल प्रहारले तेहरान पनि तयारीमा रहेछ भन्ने बुझिन्छ। ट्रम्पले युद्ध यति छिट्टै हुन सक्ने कुनै संकेत सार्वजनिक गरेका थिएनन्। यहासम्म कि मंगलबार अमेरिकी राष्ट्रपतिले बर्सेनि संसद्को संयुक्त बैठकमा गर्ने 'स्टेट अफ द युनियन' सम्बोधनमा समेत उनी युद्धबारे बोलेनन्। हुन पनि ट्रम्पका समर्थक विदेशमा अमेरिकी युद्धको विरोध गर्छन्। उनले चुनावी अभियानमा अमेरिका संलग्न भइसकेका युद्धबाट समेत बाहिरिने वाचा गरेका थिए। तर, शनिबार ट्रम्पले आफ्नो आधारलाई निराश बनाउने गरी लामो चल्न सक्ने युद्ध सुरु गरेका छन्।

'इरानी शासक हत्यारा हो। साहसी अमेरिकी नायकले जीवन गुमाउन सक्छन् र हाम्रो पक्षमा पनि हताहत हुन सक्छ, जुन प्रायः युद्धमा हुने गर्छ। तर, हामीले यो अभियान वर्तमानलाई सोचेर होइन, भविष्यका लागि गरिरहेका छौँ। यो एक महान् अभियान हो,' ट्रम्पले भने। तथापि, आक्रमणअघि अमेरिकाले मध्यपूर्वमा तैनाथ अमेरिकी कर्मचारीमाथिको जोखिम कम गर्न सम्भावित सबै कदम चालेको पनि ट्रम्पले बताए।

ट्रम्पका निकट सहयोगीले इरानमाथिको सैन्य कारबाही लामो समयदेखि अपरिहार्य देखेका थिए। वर्षको सुरुमा इरानमा ठुलो प्रदर्शन उठेको समयमा ट्रम्पले त्यहाँका प्रदर्शनलाई सम्बोधन गर्दै आफू उनीहरूको सहयोगमा आउने बताएका थिए। त्यतिवेला पनि उनले 'अमेरिका इरानी शासकमाथि आक्रमण गर्न पूर्णतः तयार रहेको चेतावनी दिएका थिए। तर, पछि उनी आफ्नै वाचाबाट पछाडि हटे। 'पहिले हामी बमबारी गर्छौं। हाम्रो काम सकिसकेपछि तपाईंहरू आफ्नो सरकार आफ्नो हातमा लिनुहोस्। यो तपाईंहरूसामु पुस्तौँमा एकपटकमा आउने अवसर हुनेछ,' शनिबारको भिडियो सन्देशमा ट्रम्पले इरानी जनतालाई इंगित गर्दै भनेका थिए, 'धेरै वर्षदेखि, तपाईंले अमेरिकाको सहयोग खोज्नुभयो, तर कहिल्यै पाउनुभएन। म अहिले जे गर्दै छु, त्यस्तो कदम उठाउन कुनै राष्ट्रपति इच्छुक भएनन्। तपाईंलाई चाहेको कुरा मैले दिएको छु, अब हेरौँ तपाईंहरूले कसरी प्रतिक्रिया दिनुहुनेछ।'

ट्रम्प सत्तामा फर्किएपछिको यो इरानमाथिको दोस्रो आक्रमण हो। आक्रमणको कारणमा सुरुमा प्रदर्शनकारीको जीवनरक्षा भनिएको थियो। पछि इरानको आणविक महत्त्वाकांक्षालाई रोक्ने भनियो। अहिले इरानी सत्ता बदल्ने भनिएको छ। इरानको क्षेप्यास्त्र क्षमता र क्षेत्रीय प्रोक्सी समूहको सहयोग कटौतीलाई पनि उद्देश्यमा राखिएको छ। सैन्य अभियानमा अमेरिकालाई इजरायलको साथ छ।

पछिल्ला केही साताामा वासिंटनमा भएका बैठकमा, ट्रम्प र वरिष्ठ अधिकारी अझ विशेषतः शीर्ष सैन्य अधिकारीले सबै विकल्पमाथि विमर्श गरेका थिए। तथापि, तिनको सफलताको सम्भावना प्रायः अनिर्णीत थिए। त्यसबिच ट्रम्पले कूटनीति पनि अघि बढाए। तथापि, वार्तामा इरानी पक्ष आफ्नो अडानबाट हलचल नगरेको वरिष्ठ अधिकारीले बताएका थिए। ट्रम्पका कूटनीतिक दूत स्टिव विट्कफ र जेर्ड कुसनर (जो ट्रम्पका ज्वाइँ पनि हुन्) ले इरानी अधिकारीसँग तीन चरणको अप्रत्यक्ष वार्ता पनि गरे। तर, प्रगति नभएपछि अधीर बनेका ट्रम्पले हतारिएर आक्रमणको निर्णय लिए।


अहिलेको सैन्य अप्रेसनले राष्ट्रपति ट्रम्पको कार्यकालमाथि नै ठुलो राजनीतिक जोखिम खडा गर्छ। विशेषतः उनका मताधार रुष्ट हुनेछन्। उनको मुख्य मताधार विदेशी भूमिमा अमेरिकाले युद्ध गर्न हुँदैन भन्नेमा विश्वास गर्छ। त्यसमाथि यो सैन्य अप्रेसन कति लामो चल्छ र यसमा खर्च लाग्न सक्छ भन्ने कुनै टुंगो छैन। धेरै पैसा खर्च हुन सक्छ र धेरै मारिन सक्छन्। ट्रम्प आफैँले पनि शुक्रबार द्वन्द्व लामो हुन सक्ने जोखिम स्विकार्दै पत्रकारसँग भनेका थिए, 'युद्ध लम्बिने जोखिम सधैँ हुन्छ। तपाईंहरूलाई थाहै छ, जब युद्ध हुन्छ, चाहे त्यो राम्रो होस् वा नराम्रो, जोखिम धेरै प्रकारको हुन्छ।' यस हिसाबमा मध्यपूर्वमा ट्रम्पले ठुलो जुवा खेलेका छन्।

*(वरिष्ठ पत्रकार लिपट्याक अमेरिकाको विदेश तथा घरेलु नीतिबारे लेख्छन्)*

*सिएनएनबाट*

# को हुन् अमेरिका–इजरायलले मुख्य निसाना बनाएका खामेनी ?

यसपटक अमेरिकी-इजरायली आक्रमणको लक्ष्य हेर्दा उनीहरूको उद्देश्य 'मुख्यतः अहिलेको इरानको मूल राजनीतिक नेतृत्वको समूल नष्ट गर्ने' देखिन्छ



**इरानका सर्वोच्च नेता खामेनीले शासनकालमा निरन्तर पश्चिमको विरोधको सामना गर्नुपरेको छ। यसअन्तर्गत कठोर प्रतिबन्ध सामना गर्दा इरानको अर्थतन्त्र नराम्ररी प्रभावित भएको छ। खामेनी भने अमेरिकालाई इरानको 'नम्बर एक शत्रु' मान्छन् भने इजरायललाई दोस्रो।**

संयुक्त राज्य अमेरिका र इजरायलले शनिबार बिहानदेखि इरानमाथि नयाँ चरणको आक्रमण सुरु गरेका छन्। आक्रमणसँगै इरान र अमेरिकाबिच चलिरहेको आणविक कार्यक्रमसम्बन्धी वार्ता फेरि भाँडिएको छ। अमेरिका र इजरायलले यसपटक इरानका सुरक्षा मुख्यालय र मूल नेतृत्वलाई निसाना बनाएको देखिन्छ। इरानको राजधानी तेहरानमा शनिबार आक्रमणको निसानामा परेका क्षेत्रमध्ये देशका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीसँग सम्बन्धित स्थान पनि थिए। खामेनीलाई निसाना बनाउनुको कारण इस्लामिक गणतन्त्रको 'शिरच्छेदन गर्नु' रहेको अमेरिका र इजरायलले बताएका छन्। तर, तिनले किन मूल नेतृत्व नै हटाउन खोजिरहेका छन्, यहाँ चर्चा गरिएको छ ?

८६ वर्षीय इस्लामिक धार्मिक नेता खामेनी सन् १९८९ देखि इरानको सर्वोच्च नेता पदमा आसीन छन्। वर्तमान इस्लामिक गणतन्त्रका संस्थापक आयतोल्लाह रुहोल्लाह खामेनीको निधनपछि उनको उत्तराधिकारीका रूपमा अलि खामेनी आएका हुन्। सन् १९७९ मा रुहोल्लाह खामेनीको नेतृत्वमा भएको क्रान्तिले अमेरिकानजिक रहेका तत्कालीन राजा मोहम्मद रेजा पहलवीलाई अपदस्थ गरेको थियो। इरानको शासन संरचनाअनुसार सरकारका सबै शाखा, सेना र न्यायपालिकामाथि सर्वोच्च नेताको अधिकार रहन्छ। राजनीतिक अधिकारका अतिरिक्त सर्वोच्च नेता देशको आध्यात्मिक नेता पनि हुन्।

इस्लामिक गणतन्त्र स्थापनापछिको दोस्रो सर्वोच्च नेता रहेका खामेनीले आफ्नो शासनकालमा निरन्तर पश्चिमको विरोधको सामना गर्नुपरेको छ। यसअन्तर्गत इरानले कठोर प्रतिबन्ध सामना गर्दा उसको अर्थतन्त्र नराम्ररी प्रभावित भएको छ। खामेनीले भने अमेरिकालाई इरानको 'नम्बर एक शत्रु' मान्छन् भने इजरायललाई दोस्रो।

खामेनीलाई शक्तिशाली बनाइराख्न इरानमा दुई प्रमुख सुरक्षा संस्था खडा गरिएको छ। ती हुन्, इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) र बासिज अर्धसैनिक बल। लाखौँ स्वयंसेवक रहेका यी दुई सैन्य संगठनले देशका राष्ट्रपतिलाई समेत बाइपास गरेर सीधा खामेनीलाई रिपोर्ट गर्ने गर्छन्। खामेनीले लामो समयदेखि आफ्नो देशको आणविक अनुसन्धानको लक्ष्य आणविक हतियार बनाउने नरहेको बताउँदै आएका छन्। आणविक कार्यक्रम केवल नागरिक उद्देश्यका लागि प्रयोग हुने उनको जोड छ। र, अमेरिकी गुप्तचर संस्था र संयुक्त राष्ट्रसंघीय आणविक निगरानी संस्थाले पनि इरान आणविक हतियार बनाउने दिशामा रहेको कुनै प्रमाण फेला पारेको छैन। खासमा यो कुरा इजरायलले र पछिल्लो समय ट्रम्प प्रशासनले जोड दिँदै आएका छन्।

इजरायल र अमेरिका दुवै देशका अधिकारीले पटक-पटक खामेनीविरुद्ध धम्की दिने गरेको इतिहास छ। गत वर्ष जुनमा इरानमाथि अमेरिका-इजरायलले गरेका १२ दिने आक्रमण र बदलामा इरानी आक्रमणपछि, इजरायलका रक्षामन्त्री इजरायल काट्जले खामेनी 'बाँचिरहन नहुने' बताउँदै भनेका थिए, 'इजरायललाई नष्ट गर्ने भयानक लक्ष्य बोकेका खामेनीजस्तो तानाशाह इरानजस्तो राज्यको प्रमुखका रूपमा रहिरहन सक्दैनन्।' सोही महिना, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले पनि इजरायलले खामेनीको हत्या गर्ने प्रयास गरेको हो भन्ने प्रश्नलाई अस्वीकार गरेनन्। खामेनी मारिए अमेरिका र इरानबिचको लामो समयदेखिको द्वन्द्व 'समाप्त' हुने नेतन्याहुले त्यतिवेला बताएका थिए।

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि खामेनीलाई धम्की दिने खालको टिप्पणी गर्छन्। यसै महिनाको सुरुमा 'एबिसी न्युज' च्यानलसँगको एक अन्तर्वार्तामा ट्रम्पले इरानका सर्वोच्च नेतालाई 'अत्यन्त चिन्तित' भएर बच्न चेतावनी दिँदै अमेरिकाले उनलाई निसाना गरेर यस क्षेत्रमा सैन्य उपकरण जम्मा गरेको बताएका थिए। अर्को एक अवसरमा टिप्पणी गर्ने क्रममा उनले इरानको वर्तमान शासक परिवर्तन 'सबैभन्दा उत्तम विकल्प' रहेको बताउँदै परिवर्तनपछि नेतृत्व लिने नेता रहेको बताएका थिए। तथापि, उनको संकेत कोतर्फ थियो भन्ने उनले स्पष्ट पारेका थिएनन्।

गत वर्ष इरानका आणविक अनुसन्धान केन्द्रमाथि आक्रमणको आदेश दिने क्रममा ट्रम्पले अमेरिकाले चाहेमा खामेनी 'सहजै निसानामा' पर्ने दाबी गरेका थिए। 'हामीलाई थाहा छ कि तथाकथित 'सर्वोच्च नेता' कहाँ लुकेका छन् ? हामीले चाह्यौँ भने उनी एक सजिलो लक्ष्य हुन्। तर, अहिलेका लागि उनलाई मार्ने हाम्रो लक्ष्य नभएकाले उनी सुरक्षित छन्,' ट्रम्पले त्यतिवेला भनेका थिए।

आक्रमणपछि पहिलोपटक गरिएको टिप्पणीमा ट्रम्पले इरानको नौसेना र क्षेप्यास्त्र स्थलहरूलाई 'विनाश' गर्ने वाचा गरे। साथै, उनले इरानीलाई सरकारविरुद्ध अगाडि आएर सत्ता उल्ट्याउन आग्रह गरे। 'हामीले आफ्नो काम सम्पन्न गरिसकेपछि आफ्नो सरकारलाई कब्जा गर्नुहोस्,' ट्रम्पले इरानी जनतालाई सम्बोधन गर्दै भने, 'यो सम्भवतः एक युगमा एकपटक आउने अवसर हुनेछ।'

अमेरिका-इजरायली आक्रमणको निसाना हेर्दा पनि उनीहरूको उद्देश्य 'मुख्यतः अहिलेको मूल राजनीतिक नेतृत्वको समूल नष्ट गर्ने' देखिन्छ। तथापि, यो सुरुवाती आक्रमणमा यो कति सफल वा असफल भयो केही दिनपछि मात्र थाहा हुनेछ।

*- अलजजिराबाट*

### कहाँ छन् खामेनी ?

सर्वोच्च नेता अयातोल्लाह अली खामेनीको अवस्थाबारे केही स्पष्ट बताइएको छैन। तथापि, रोयटर्स समाचार एजेन्सीले एक स्रोतलाई उद्धृत गर्दै खामेनी तेहरानमा नभएको र सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताएको छ। उनको अवस्था अज्ञात छ। उनी बंकरभित्र लुकेको आशंका गरिएको छ।

इरानी मिडियाले अमेरिका-इजरायली आक्रमण देशभरका धेरै स्थानमा भएको रिपोर्ट गरेको छन्। प्रायः धेरै बमबारी भने देशको राजधानी तेहरानका रणनीतिक क्षेत्र रहेको विवरणहरूमा जनाइएको छ। इरानको अर्ध-सरकारी समाचार एजेन्सी तस्निमका अनुसार सातवटा मिसाइल तेहरानको उत्तरी भेग सेमिरनमा अवस्थित राष्ट्रपति दरबारनजिक र खामेनीको आवासनजिकै खसेका थिए। एसोसिएटेड प्रेसले तेहरानस्थित खामेनीको कार्यालयनजिकै पनि आक्रमण भएको बताएको छ।

## इतिहासमा आज

फेब्रुअरी २९



■ **सन् २०२०**

अफगानिस्तानमा १८ वर्षदेखि चलिरहेको अमेरिकी अतिक्रमण अन्त्य गर्ने विषयमा अमेरिका र अफगान विद्रोही फौज तालिबानबिच कतारको राजधानी दोहामा एक सम्झौता भयो।

● **सन् १८८०** : आठ वर्षअघि निर्माण सुरु भएको स्विट्जरल्यान्डको गोटहार्ड रेल सुरुङको निर्माण पूरा भयो। दुई वर्षपछि सञ्चालनमा आउँदा १५ किलोमिटर लामो यस सुरुङमार्गले विश्वको सबैभन्दा लामो सुरुङमार्गको रेकर्ड राखेको थियो।

● **सन् १९६४** : लिन्डन बी. जोनसनले उनको देशले गोप्य रूपमा उच्च गतिको उच्च उचाइमा उड्ने युद्धक विमान 'लोकहिद एसआर-७१ ब्ल्याकवर्ड' विकास गरिरहेको सार्वजनिक गरे।

● **सन् १९६८** : अमेरिकाले आणविक बमयुक्त विमानको नियमित उडान रोक्ने घोषणा गऱ्यो।

● **सन् १९८४** : पियरे ट्रुडोले (वर्तमान क्यानेडेली प्रधानमन्त्री जस्टिन ट्रुडोका पिता) १५ वर्ष लामो शासन अवधिपछि अर्को कार्यकालका लागि क्यानडाका प्रधानमन्त्रीमा नउठ्ने घोषणा गरे।

● **सन् १९८८** : सन् १९७२ देखि १९८१ बिच संयुक्त राष्ट्र संघका महासचिव रहेका तत्कालीन अस्ट्रियाली राष्ट्रपति कुर्त वाल्डहेइमलाई दोस्रो विश्वयुद्धको आसपास युद्ध-अपराधमा संलग्न देखाउने नाजी दस्ताबेज फेला पऱ्यो।

● **सन् १९९६** : सर्बियाली फौजले बोस्निया-हर्जगोभिनाको राजधानी साराजेभोमाथिको १४९५ दिन लामो घेराबन्दी अन्त्य गऱ्यो। यसलाई आधुनिक युद्धमा कुनै देशको राजधानीमाथिको सबैभन्दा लामो घेराबन्दी मानिन्छ।

● **सन् २००४** : जनआन्दोलनपछि हैटीका राष्ट्रपति जँ-बरट्रान्ड एरिस्टाइडले राजीनामा दिए।

## बम हमलाको धम्कीपछि अस्ट्रेलियाका प्रधानमन्त्रीलाई सारियो

**सिड्नी** / बम हमलाको धम्कीपछि अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजलाई उनको आधिकारिक निवासबाट बाहिर निकालिएको विवरण सार्वजनिक भएको छ। मंगलबार भएको उक्त घटनामा उनलाई केही घन्टासम्म छुट्टै स्थानमा लगिएको थियो। अस्ट्रेलियाली संघीय प्रहरीले (एएफपी) एक विज्ञप्तिमा भनेको छ, 'समुदाय वा सार्वजनिक सुरक्षाका लागि हाल कुनै खतरा छैन।'



अल्बानिजलाई साँझ ६ बजे उनको आधिकारिक क्यानबेरा निवास द लजबाट सारिएको थियो। त्यतिवेला अनुसन्धान भइरहेको थियो। निरीक्षण सकिएपछि उनलाई पछि राति ९ बजे साविककै स्थानमा सारिएको थियो। गार्जियन अस्ट्रेलियाको रिपोर्टअनुसार उनको आवासमा विस्फोट गर्ने धम्की दिइएको थियो। प्रधानमन्त्रीको कार्यालयले एबिसीलाई भनेको छ कि उनीहरू प्रहरीमाथि विश्वास गरेको उनीहरूको कामका लागि धन्यवाद दिएको छ।

अस्ट्रेलियाली संघीय प्रहरी (एएफपी) संघीय सांसद द लज र संसद भवनजस्ता केही राष्ट्रमण्डल भवनको सुरक्षाका लागि जिम्मेवार छ। यद्यपि, अस्ट्रेलियामा राजनीतिज्ञले जेसुकै अडान लिए पनि उनीहरूलाई धम्की दिने क्रम बढेको छ। गत वर्ष सांसदहरूविरुद्ध उत्पीडन, उपद्रव र आपत्तिजनक र धम्कीपूर्ण एक हजार रिपोर्ट आएका एएफपीले पुष्टि गऱ्यो। मंगलबारको घटनाअघि अल्बानिजले सरकारले पूर्वराजकुमार एन्ड्रुलाई शाही उत्तराधिकारको रेखाबाट हटाउन आफ्नो समर्थनबारे राष्ट्रमण्डल क्षेत्रलाई पत्र लेखिरहेको छ।

# बारुदी सुरुङ विस्फोटको चपेटामा सर्वसाधारण

विश्वभर बारुदी सुरुङ वा अन्य विस्फोटक पदार्थबाट घाइते हुने प्रत्येक दशजनामध्ये लगभग चारजनाको मृत्यु हुन्छ



**बारुदी सुरुङ र विस्फोटक पदार्थबाट हुने मृत्युमा अधिकांश पुरुष छन्, तर महिलामा चोटपटकबाट मृत्यु हुने सम्भावना उल्लेखनीय रूपमा बढी पाइयो**



● स्टेसी पिजिनो



● माइकल वालर

(पिजिनो द युनिभर्सिटी अफ क्विन्सल्यान्डकी लेक्चरर हुन् भने वालर क्विन्सल्यान्ड विश्वविद्यालयका वरिष्ठ व्याख्याता हुन्)

जब युद्ध समाप्त हुन्छ र शान्तिसम्झौतामा हस्ताक्षर हुन्छ, धेरैजसो मानिसले खतरा समाप्त भएको अनुमान गर्छन्। तर, विश्वभरका धेरै समुदायका लागि खतरा जमिनमै रहन्छ र जमिनले पर्खिरहेको हुन्छ। द्वन्द्वपछि छोडिएका बारुदी सुरुङ र अन्य विस्फोटक पदार्थ दशकौँसम्म सक्रिय रहन सक्छन्। यस्ता विस्फोटक पदार्थ विद्यालय जाने बाटोमा, अन्नबाली उत्पादन गरेर परिवारलाई खुवाउने खेतमा र बच्चा खेल्ने क्षेत्रमा गाडिएका हुन सक्छन्। लाओस र सोलोमन टापुजस्ता केही देशमा दशकौँअघिका द्वन्द्वमा फालिएका बमले अझै पनि सर्वसाधारण घाइते बनाउँछन् र निर्दोष मानिसको ज्यान लिन्छन्। यो मौन खतरा टाढाको समस्या होइन। आज कम्तीमा ५७ देश बारुदी सुरुङ, मोर्टार र ग्रेनेडसहित अन्य विस्फोटक पदार्थको चपेटामा छन्।

यसैबिच, केही सरकार ल्यान्डमाइन प्रतिबन्ध सन्धिबाट पछि हटिरहेका छन्, जुन द्वन्द्वमा बारुदी सुरुङ हटाउने उद्देश्यले गरिएको पहिलो व्यापक सन्धि हो। आज कतिपय देशका संसद्मा गरिएका निर्णयले आगामी वर्षमा पैतालामुनि खतरा निम्त्याउन सक्छन्। हाम्रो नयाँ अनुसन्धान ल्यान्डमाइनले निम्त्याउने जारी जोखिम बुझ्ने उद्देश्यले गरिएको छ। यो अध्ययन ल्यान्डमाइन र विस्फोटक हतियारबाट हुने हताहतबारे विश्वमा गरिएको ठुलो विश्लेषण हो। तथ्यांकले हामीलाई महत्त्वपूर्ण प्रश्नको जवाफ दिन्छ। जस्तै- यी हतियारबाट कसको मृत्यु हुन्छ र किन ?

### ■ तथ्यांकले के देखाउँछ ?

हाम्रो अध्ययनमा हामीले १७ द्वन्द्व-प्रभावित देशमा अप्रेसनल (सञ्चालन) डेटा प्रयोग गरेर एक लाख पाँच हजार नौ सयजनाको मृत्युको विश्लेषण गर्‍यौँ। यी राष्ट्रिय सुरुङ कार्य अधिकारीहरू, संयुक्त राष्ट्र संघ र अन्य मानवीय संस्थाद्वारा नियमित रूपमा संकलन गरिएका वास्तविक विश्व सञ्चालन रेकर्ड हुन्। यी रेकर्डले हामीलाई यी प्रायः विस्तारित सेवामा कुनै बोझ थप नगरी समुदायले के सामना गरिरहेका छन् भनेर मूल्यांकन गर्न सहयोग गर्छन्। सबै घटनाक्रममा केस मृत्युदर ३८.८ प्रतिशत थियो। सरल भाषामा भन्नुपर्दा विश्वभर बारुदी सुरुङ वा अन्य विस्फोटक पदार्थबाट घाइते हुने प्रत्येक दशजनामध्ये लगभग चारजनाको मृत्यु हुन्छ। यो असाधारण रूपमा उच्च हो।

तुलनाका लागि राम्रो स्रोतसाधन भएको ट्रमा सेन्टरमा उपचार गरिएका सैन्य कर्मचारी वा नागरिकमा विस्फोटको चोटपटकको मृत्युदर लगभग दुई प्रतिशत छ। यो अन्तरले शल्यक्रिया र ट्रमा केयर भएको वातावरणमा घाइते हुनेहरू र यस्तो सुविधा नपाएकाहरूबिचको क्रूर असमानतालाई प्रकाश पार्छ। सबै विस्फोटक खतरा पनि समान छैनन्। हाम्रो विश्लेषणमा सुधारिएको विस्फोटक उपकरण (आइइडिएस) सबैभन्दा घातक प्रकारका हतियार थिए। धेरै आधुनिक द्वन्द्वमा आइइडिएस बढ्दो रूपमा प्रयोग गरिन्छ र प्रायः ठुलो संख्यामा हताहत गराउन शत्रुपक्षलाई लक्षित गरेर टाढाबाट विस्फोट गराएको पाइन्छ। आइइडिएसजस्ता घातक हतियारको विस्फोटक शक्ति र अप्रत्याशिततासले विनाशकारी चोट निम्त्याउँछ, जुन धेरै स्थानीय स्वास्थ्य प्रणाली व्यवस्थापन गर्न सहज छैन।

### ■ सबैभन्दा प्रभावित को ?

बारुदी सुरुङ र विस्फोटक पदार्थबाट हुने मृत्युमा अधिकांश पुरुष छन्, तर महिलामा चोटपटकबाट मृत्यु हुने सम्भावना उल्लेखनीय रूपमा बढी पाइयो। यसले सम्भवतः स्वास्थ्य सेवामा असमान पहुँच, ढिलो उपचार र धेरै द्वन्द्व प्रभावित घटनामा गतिशीलता र निर्णय लिने सीमित गर्ने सामाजिक अवरोधलाई प्रतिबिम्बित गर्छ। बालबालिकाको जोखिम फरक हुन्छ, तिनीहरू कमजोर र लचिला दुवै हुन्छन्। बालबालिकाहरू विशेषगरी खेल्दा, सक्रिय द्वन्द्वमा फसेको वेला वा केवल दर्शकको रूपमा बारुदी सुरुङ विस्फोटको जोखिममा हुन्छन्।

कारण प्रायः दुःखद हुन्छ। बच्चाहरू समूहमा सँगै खेल्ने गर्छन्, जसको अर्थ जब एउटा बच्चाले विस्फोटक अवशेष खेलाउँछ, धेरैजना एकैचोटि घाइते हुन्छन्। तैपनि, समग्रमा हाम्रो तथ्यांकमा रहेका बच्चा वयस्कहरूको तुलनामा आफ्नो चोटबाट बच्ने सम्भावना बढी थियो, किनभने तिनीहरूमा फरक शैलीको चोट लाग्छ वा उनीहरूलाई चोट लाग्नेबित्तिकै वयस्कहरूले सहयोग गर्न हतारिँदै चाँडै स्वास्थ्यचौकी वा अस्पताल पुयाउँछन्, जबकि वयस्कमा यो कम लागू हुन्छ।

तर, बाँच्नु त सुरुवात मात्र हो। बच्चाहरूलाई धेरै शल्यक्रिया, हुकँदै जाँदा नयाँ कृत्रिम अंग, दीर्घकालीन पुनर्वास र जीवनभर अपांगता सहयोगको आवश्यकता पर्न सक्छ। यी आवश्यकता हुन्, जुन धेरै स्वास्थ्य प्रणालीले पूरा गर्न कठिनाइ हुन्छ। उमेरले पनि परिणामलाई आकार दिन्छ। ४५-६४ वर्षका वयस्कमा मृत्युको उच्चतम सम्भावना देखियो। वृद्ध व्यक्तिमा पहिले नै विद्यमान स्वास्थ्य समस्या हुन सक्छन् र चिकित्सा हेरचाहमा पुग्न ठुलो अवरोधको सामना गर्न सक्छन्, तर तिनीहरूको आवश्यकतालाई प्रायः बेवास्ता गरेको पाइन्छ।

### ■ विस्फोटको मानवीय मूल्य

बारुदी सुरुङ र विस्फोटक पदार्थको प्रभाव तत्काल हुने चोटपटकभन्दा धेरै गहिरो हुन्छ। यी चोटले मानिसहरूको दैनिक जीवनलाई यसरी बाधा पुऱ्याउँछन् कि समुदायलाई गरिबीमा फसाउन सक्छन्। उदाहरणका लागि, बारुदी सुरुङको खतराका कारण किसान आफ्नो जमिनमा सुरक्षित रूपमा खेती गर्न सक्दैनन्। पानी वा खाना संकलन गर्ने महिलाले पनि विस्फोटको सामना गरेका छन्। चोटपटक लाग्दा परिवारहरूले कमाउने व्यक्ति गुमाउँछन् र हेरचाह गर्ने भूमिका परिवर्तन हुन्छ, जसले गर्दा घरपरिवार गरिबीमा झन्-झन् गहिरो गरी धकेलिन्छ।

### ■ बाँचेकाको हेरचाह कसरी गर्ने ?

यद्यपि, बारुदी सुरुङ र विस्फोटक पदार्थको प्रभावलाई कम गर्ने तरिका छन्। यो एक रोकथाम गर्न सकिने जनस्वास्थ्य संकट हो। हाम्रा निष्कर्षले द्वन्द्व प्रभावित क्षेत्रमा रोकथाम गर्न सकिने मृत्युलाई कम गर्न आपत्कालीन, महत्त्वपूर्ण र शल्यक्रिया हेरचाहलाई बलियो बनाउनुपर्ने तत्काल आवश्यकतालाई प्रकाश पार्छ। भरपर्दो पूर्व-अस्पताल हेरचाह, यातायात र आधारभूत शल्यक्रिया हेरचाहले जीवन बचाउँछ। दीर्घकालीन पुनर्वास र अशक्तता समर्थनले पनि त्यस्तै गर्छ। विशेषगरी, दशकौँसम्म यी विस्फोटक हतियार र चोटपटकको परिणामसँगै बाँच्ने बालबालिकाका लागि यस्तो सहयोग गर्छ।

पुराना द्वन्द्व जारी रहँदा र नयाँ द्वन्द्व देखा पर्दै जाँदा विस्फोटक हतियारले मानिस बस्ने, खेल्ने, काम गर्ने र यात्रा गर्ने ठाउँलाई दूषित बनाइरहेका छन्। भविष्यमा हुने मृत्युलाई रोक्न र शान्ति आउँदा वास्तविक सुरक्षा प्रदान गर्ने कुरा सुनिश्चित गर्न कसको मृत्यु हुन्छ र किन मृत्यु हुन्छ भनेर बुझ्नु आवश्यक छ।

*- कन्भर्सेसनबाट*

# अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १७ फागुन ०८२


## सामाजिक सुरक्षा कोषमा २८ लाख ३३ हजार व्यक्ति आबद्ध, ८४ अर्ब मौज्दात

नयाँ पत्रिका



सामाजिक सुरक्षा कोषमा आबद्ध हुनेको संख्या २८ लाख नाघेको छ। कोषले सार्वजनिक गरेको १४ फागुनसम्मको तथ्यांकअनुसार २८ लाख ३३ हजार नौ सय आठ योगदानकर्ता कोषमा आबद्ध भएका छन्। यस अवधिमा औपचारिकतर्फबाट २३ हजार एक सय २८ रोजगारदाता र ६ लाख ८२ हजार एक सय ८२ जना योगदानकर्ता कोषमा आबद्ध भएका हुन्। त्यसैगरी, वैदेशिक रोजगारीअन्तर्गत २१ लाख ५४, अनौपचारिकतर्फ आठ सय ५५ र स्वरोजगारतर्फ आठ सय १७ जना योगदानकर्ता कोषमा आबद्ध भएका छन्।

तथ्यांकअनुसार कोषमा हालसम्म एक खर्ब तीन अर्ब ३० करोड रुपैयाँ जम्मा भएको छ। जसमा कोषले १९ अर्ब दाबी भुक्तानी गरिसकेको छ। यसरी हेर्दा कोषमा ८४ अर्ब रुपैयाँ मौज्दात देखिन्छ। कोषले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजनाअन्तर्गत दुई अर्ब ९६ करोड ३३ लाख रुपैयाँभन्दा बढी योगदान रकम संकलन गरेको छ। त्यस्तै, दुर्घटना तथा अशक्तता सुरक्षा एवं आश्रित परिवार सुरक्षा योजनामा ६ अर्ब ४८ करोड ८९ लाख रुपैयाँ, वृद्ध अवस्था सुरक्षा योजनामा ८३ अर्ब १४ करोड ६६ लाख कोषमा जम्मा भएको छ। साथै, अतिरिक्त योगदानअन्तर्गत एक अर्ब ८६ करोड ६१ लाख रुपैयाँ जम्मा भएको छ भने यसको प्रतिफलस्वरूप आठ अर्ब ८२ करोड ९३ लाख रुपैयाँ संकलन भएको कोषको तथ्यांक छ।

### दुई लाख ७१ हजारले गरे दाबी

यस अवधिमा कोषमा दुई लाख ७१ हजार तीन सय २५ जनाले दाबी गरेका छन्। दाबी गर्नेमा औषधि उपचारतर्फ एक लाख ३४ हजार पाँच सय पाँच, दुर्घटना तथा अशक्ततातर्फ सात हजार दुई सय ६६, आश्रित परिवारतर्फ आठ सय २९ र वृद्ध अवस्था सुरक्षा योजनातर्फ एक लाख २८ हजार सात सय २५ ले भुक्तानीका लागि दाबी गरेको कोषले जनाएको छ। कोषका अनुसार १० लाख ३३ हजार ६ सय ७८ हजारपटकको दाबीमा १९ अर्ब भुक्तानी गरिएको छ।

### कहाँबाट कति योगदानकर्ता ?


औपचारिक योगदान गर्नेमा सबैभन्दा बढी संख्या बागमती प्रदेशको छ। यस अवधिमा सो प्रदेशबाट पाँच लाख ६ हजार नौ सय ६७ योगदानकर्ता कोषमा जोडिएका छन्। सबैभन्दा कम कर्णालीबाट तीन हजार आठजना जोडिएको कोषले जनाएको छ। यसबाहेक कोशीबाट ७७ हजार एक सय ३२, मधेशबाट ३३ हजार दुई सय ३७, गण्डकीबाट २९ हजार सात सय सात, लुम्बिनीबाट २७ हजार पाँच सय ३१ र सुदूरपश्चिमबाट चार हजार ६ सयजना व्यक्ति कोषमा जोडिएका हुन्।

कोषमा आबद्ध हुने योगदानकर्तासँगै रोजगारदाता पनि बागमतीबाटै बढी छन्। बागमतीमा १५ हजार तीन सय आठ रोजगारदाता कोषमा जोडिँदा कोशीबाट दुई हजार पाँच सय ६१, मधेशबाट एक हजार दुई सय ८६, गण्डकीबाट एक हजार दुई सय ८६, लुम्बिनीबाट एक हजार नौ सय ९७, कर्णालीबाट तीन सय ११ र सुदूरपश्चिमबाट तीन सय ७९ गरी कुल २३ हजार एक सय २८ रोजगारदाता कोषमा आबद्ध छन्।

## भारतबाट थप बिजुली ल्याउन प्राधिकरणलाई सकस

### सय मेगावाट विद्युत् किन्न दुईपटक टेन्डर गर्दा परेन एउटै प्रस्ताव

मिलन विश्वकर्मा/नयाँ पत्रिका



नेपाल विद्युत् प्राधिकरणलाई भारतबाट गर्मीयामका लागि थप बिजुली ल्याउन सकस भएको छ। प्राधिकरणले भारतबाट थप १०० मेगावाट विद्युत् खरिद गर्न आह्वान गरेको दोस्रोपटकको टेन्डरमा पनि कुनै प्रस्ताव नपरेको हो।

प्राधिकरणले आगामी अप्रिल र मे (१८ चैतदेखि १७ जेठसम्म)मा भारतबाट थप १००-१०० मेगावाट विद्युत् खरिद गर्न दोस्रोपटक १ फागुनदेखि १० फागुनसम्मको म्याद राखेर टेन्डर आह्वान गरेको थियो। त्यस अवधिमा प्रस्ताव नपरेपछि पाँच दिन म्याद थप गरिएको थियो। तर, अन्तिम दिन शुक्रबारसम्म पनि कुनै पनि भारतीय विद्युत् व्यापार कम्पनीले प्रस्ताव पेस गरेनन्। योसँगै मार्चपछिको विद्युत् व्यवस्थापनमा चुनौती थपिने देखिएको छ। प्राधिकरणले म्याद थप पनि गरेको छैन।

प्राधिकरणले भारतबाट फेब्रुअरी, मार्च, अप्रिल र मेमा २४ घण्टा नै थप १००-१०० मेगावाट विद्युत् खरिद गर्न पहिलोपटक गत जनवरी १९ देखि २८ तारिख (४ माघदेखि १४ माघ)सम्मको म्याद राखेर टेन्डर आह्वान गरेको थियो। त्यसमा विद्युत्को खरिद दर अधिकतम ६.९० भारु तोकिएको थियो। तर, त्यसमा कुनै पनि प्रस्ताव परेन। त्यसपछि प्राधिकरणले सोही मूल्यमै अप्रिल र मे (१८ चैतदेखि १७ जेठसम्म)मा १००-१०० मेगावाट विद्युत् खरिद गर्न दोस्रोपटक टेन्डर आह्वान गरे पनि कुनै पनि भारतीय कम्पनी बिजुली दिन तयार भएनन्।

बर्खामा विद्युत् निर्यात गर्ने नेपालले सुक्खायाममा भने आयात गर्नुपर्छ। प्राधिरकणले अहिले इन्डियन इनर्जी एक्सचेन्जबाट ६ सय ६४ मेगावाटसम्म र पिटिसी इन्डियाबाट एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गरिरहेको छ। पिटिसीसँगको सम्झौताको म्याद मेसम्म भए पनि इन्डियन इनर्जी एक्सचेन्जबाट विद्युत् खरिद गर्न पाउने अनुमतिको अवधि भने १७ चैत (३१ मार्च)सम्म छ। त्यसपछि २४ घण्टा नै बिजुली पाउनेमा चुनौती छ। गर्मीका कारण मार्चपछि भारतमा पनि विद्युत्को माग धेरै हुन्छ। विगतमा भारतले यो समयमा पिक आवर वा रातिको समयमा विद्युत् दिने गरेको थिएन। यसपालि पनि सोही प्रवृत्ति दोहोरिन सक्ने भन्दै प्राधिकरणले 'ब्याकअप'मा थप १०० मेगावाट विद्युत् पिपिए नै गरेर २४ घण्टा नै आयात गर्न खोजेको थियो। तर, टेन्डरमा कुनै पनि भारतीय कम्पनीले प्रस्ताव पेस गरेनन्। यो अवस्थामा मार्चपछि पनि इनर्जी एक्सचेन्ज मार्केटबाट २४ घण्टा नै विद्युत् खरिद गर्न मिल्ने गरी त्यहाँको केन्द्रीय विद्युत् प्राधिकरणबाट स्वीकृति ल्याउनुपर्ने दबाब बढेको छ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले १०० मेगावाट खरिद गर्न आह्वान गरिएको टेन्डरमा प्रस्ताव नपरेको बताए। 'विद्युतको परिमाण र आपूर्ति हुने समय दुई महिना मात्रै भयो। थोरै समयका लागि थोरै परिमाण भयो। त्यसले गर्दा पनि भारतीय कम्पनीले टेन्डर प्रक्रियामा आएर झन्झट गर्न चाहेनन् होला,' उनले भने, 'यसैगरी, त्यो समयमा भारतमा पनि विद्युत्को माग धेरै हुन्छ। त्यसवेला उपलब्ध हुने बिजुली अहिले नै बुक भइसकेको छ। बाँकी रहेको बिजुली पनि त्यसवेला राम्रो मूल्यमा बिक्री गर्ने योजनामा छन्। त्यसले गर्दा पनि बिजुली पाउन सकिएन।'

यद्यपि, विद्युत् नपाएको अवस्थामा आपूर्ति धेरै प्रभावित नहुने उनले बताए। 'अहिले नयाँ परियोजना थपिने क्रम जारी छ। नेपाल-भारत इनर्जी एक्सचेन्ज (पिटिसी)सँगको बैठक पनि आगामी मार्चमा बस्दै छ, त्यहाँबाट पनि केही विकल्प आउँछ। इनर्जी एक्सचेन्ज मार्केटबाट पनि २४ घण्टा नै विद्युत् पाउने गरी पहल गर्छौं,' उनले भने, 'थप १०० मेगावाट विद्युत् नपाउँदैमा आपूर्तिमा ठुलो असर देखिँदैन।'

### अर्को सिजनमा २०० मेगावाट विद्युत् किन्न अहिले नै टेन्डर

प्राधिकरणले अहिले सहजै विद्युत् नपाएपछि अर्को वर्षमा हिउँदमा दुई सय मेगावाट विद्युत् किन्न अहिले नै टेन्डर आह्वान गरेको छ। यसमा मूल्यको सीमा तोकिएको छैन। ११ फागुनमा आह्वान गरिएको टेन्डरको म्याद आगामी २६ चैत (९ अप्रिल)सम्म छ। त्यसैगरी, बर्खामा पाँच सय मेगावाट विद्युत् बिक्री गर्ने प्रस्ताव पनि त्यससँगै मागिएको छ।

'आउँदो बर्खामा पाँच सय मेगावाट बिक्री र हिउँदमा दुई सय मेगावाट खरिद गर्ने गरी टेन्डर आह्वान गरेका छौं। पाँच वर्षका लागि विद्युत् खरिद-बिक्री सम्झौता गर्ने गरी टेन्डर आह्वान गरिएको छ,' उनले भने, 'यसले बर्खामा उत्पादन हुने विद्युत्को बजार व्यवस्थापन र हिउँदको आपूर्तिलाई सहज बनाउने अपेक्षा गरिएको छ।' यो टेन्डरमा भारतीय विद्युत् व्यापार कम्पनी सहभागी हुन सक्नेछन्।






## समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकका पदाधिकारीसँग स्पष्टीकरण माग

**काठमाडौं**/ नेपाल राष्ट्र बैंकले समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका अध्यक्षसहितका पदाधिकारीसँग स्पष्टीकरण माग गरेको छ। राष्ट्र बैंकले शनिबार सार्वजनिक सूचना जारी गर्दै बैंकका तत्कालीन सञ्चालक समितिका अध्यक्ष डा. ओमप्रकाश मिश्र तथा सदस्यहरू युवराज अधिकारी, उषाकुमारी भण्डारी, टंकबहादुर बस्नेत, निसार अहमद दर्जीसँग स्पष्टीकरण मागेको हो।

राष्ट्र बैंकले यसअघि गत २८ असोजमा पत्राचार गर्दै १५ दिनभित्र स्पष्टीकरण पेस गर्न भनेको थियो। तर, तोकिएको समयभित्र सञ्चालक समितिले कुनै जवाफ नपठाएपछि राष्ट्र बैंकले पुनः १० दिनको म्याद थप गरेर सञ्चालक पदबाट बर्खास्त गर्नुनपर्ने कारणसहित स्पष्टीकरण पेस गर्न भनेको छ। स्पष्टीकरण राष्ट्र बैंकको वित्तीय संस्था सुपरिवेक्षण विभाग, बालुवाटार काठमाडौंमा वा राष्ट्र बैंकको नेपालगन्ज कार्यालयका साथै व्यवस्थापन समूह, कर्णाली डेभलपमेन्टको केन्द्रीय कार्यालय, नेपालगन्ज बाँकेमा बुझाउन सूचनामा भनिएको छ।

## तीन दिन रेल सेवा बन्द

**जनकपुरधाम**/ नेपाल रेलवे कम्पनी लिमिटेडले आसन्न निर्वाचनलाई लक्षित गर्दै जनकपुर-जयनगर खण्डमा सञ्चालन हुँदै आएको रेल सेवा तीन दिन बन्द गर्ने भएको छ। निर्वाचनमा शान्ति-सुरक्षा प्रत्याभूति गर्ने उद्देश्यले १९ फागुनदेखि २१ फागुनसम्म भंगाहा-जनकपुर-जयनगर खण्डमा सञ्चालित रेल सेवा बन्द रहने कम्पनीले जनाएको छ।

यसैबिच जिल्ला प्रशासन कार्यालय धनुषाले निर्वाचनलाई लक्षित गर्दै १८ देखि २१ फागुन राति १२ बजेसम्म जिल्लाका सम्पूर्ण सीमानाका बन्द रहने जनाएको छ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

### तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/११/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना र कम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैँतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**पोखरा न्यूरोड शाखा, कास्की**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| १. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलू तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं १३२६६/०७४/०७५ अन्तर्गत मिति २०७०/०१/०४ मा दर्ता कायम भएको **आविष्कार इन्टरप्राइजेज** फर्म दर्ता ठेगाना : पोखरा म.न.पा -०५, कास्की<br>स्थायी लेखा नं. ६०११०८११४, मिति : २०७०/०१/०४<br>**प्रोप्राइटर : राजन बाबु घिमिरे**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट आवधिक फोर्स तथा सवारी साधन कर्जा** | **राजन बाबु घिमिरे**<br>ना.प्र.नं. ४१७३८, जारी मिति : २०५९/०४/१२<br>जि. प्र. का. लमजुङ<br>बाबुको नाम : केसव राज घिमिरे<br>बाजेको नाम : गृधार प्रसाद घिमिरे<br>स्थायी ठेगाना : इशानेश्वर -४, लमजुङ<br>हालको ठेगाना : पोखरा म.न.पा -०५, कास्की | **केसव राज घिमिरे**<br>ना.प्र.नं. १४५१४, जारी मिति : २०५०/०६/१२<br>जि. प्र. का. लमजुङ<br>बाबुको नाम : गृधार प्रसाद घिमिरे<br>बाजेको नाम : अग्नीधर घिमिरे<br>स्थायी ठेगाना : इशानेश्वर -४, लमजुङ<br>हालको ठेगाना : पोखरा म.न.पा -०५, कास्की |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| २. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलू तथा साना विकास समिति शाखा कार्यालय स्याङजामा प्रा.फ.र.नं १७६९/०७१/७२ अन्तर्गत मिति २०७१/०५/२७ मा दर्ता कायम भएको **कल्पना उड सप्लायर्स** फर्म दर्ता ठेगाना : पुतलीबजार न.पा -०१, स्याङजा<br>स्थायी लेखा नं. ३०१४४९७७५, मिति : २०६०/०४/२२<br>**प्रोप्राइटर : विकान्त कुमार श्रेष्ठ**<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा** | **विकान्त कुमार श्रेष्ठ**<br>ना.प्र.नं. ८०९३, जारी मिति : २०४९/०२/०४<br>जि. प्र. का. स्याङजा<br>बाबुको नाम : कृष्णमान श्रेष्ठ<br>बाजेको नाम : जुलुमान श्रेष्ठ<br>स्थायी ठेगाना : पुतलीबजार -६, स्याङजा<br>हालको ठेगाना : पुतलीबजार न.पा -०१, स्याङजा | **कल्पना श्रेष्ठ**<br>ना.प्र.नं. ६१५१३, जारी मिति : २०५७/०८/१९<br>जि. प्र. का. स्याङजा<br>बाबुको नाम : कृष्णप्रसाद श्रेष्ठ<br>पतिको नाम : विकान्त कुमार श्रेष्ठ<br>ससुराको नाम : कृष्णमान श्रेष्ठ<br>स्थायी ठेगाना : पुतलीबजार -१, स्याङजा<br>हालको ठेगाना : पुतलीबजार न.पा -०१, स्याङजा |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| ३. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलू तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलू तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश कास्कीमा प्रा.फ.र.नं १९८४६/०७७/०७८ अन्तर्गत मिति २०७७/०६/१८ मा दर्ता कायम भएको **शाक्य मेडिकल कन्सर्न** फर्म दर्ता ठेगाना : पोखरा -०९, कास्की<br>स्थायी लेखा नं. ३००४४८०३६, मिति : २०५०/०९/२९<br>**प्रोप्राइटर : रवि कुमार शाक्य**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा** | **रवि कुमार शाक्य**<br>ना.प्र.नं. ०६/२७८१, जारी मितिः २०३३/०३/२६<br>जि. प्र. का. सुनसरी, धरान<br>बाबुको नाम : मोहन बहादुर शाक्य<br>बाजेको नाम : दान बहादुर शाक्य<br>स्थायी ठेगाना : धरान -५, सुनसरी<br>हालको ठेगाना : पोखरा म.न.पा. -०९ कास्की | **पुजन राजभण्डारी**<br>ना.प्र.नं. ८३८, जारी मिति : २०४४/०८/०३<br>जि. प्र. का. बागलुङ<br>बाबुको नाम : रामकृष्ण राजभण्डारी<br>पतिको नाम : रवि कुमार शाक्य<br>ससुराको नाम : मोहन बहादुर शाक्य<br>स्थायी ठेगाना : कालिका-४, बाग्लुङ<br>हालको ठेगाना : पोखरा म.न.पा. -०९ कास्की |

**न्यूरोड शाखा, काठमाडौं**

| ऋणीको विवरण | |
|---|---|
| १. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल काठमाडौंमा प्रा.फ.र.नं १२०६७५/०७१/७२ अन्तर्गत मिति २०७१/१०/१८ मा दर्ता कायम भएको **शमिला ट्रेडर्स** फर्म दर्ता ठेगाना : काठमाडौं म.न.पा -२४, काठमाडौं<br>स्थायी लेखा नं. ३०४४९५५४२, मिति : २०६७/११/१२<br>**प्रोप्राइटर : अमृत बहादुर पाण्डे**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा** | २. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग बबरमहल काठमाडौंमा प्रा.फ.र.नं ९११४५/०६६/६७ अन्तर्गत मिति २०६६/०९/१२ मा दर्ता कायम भएको **सुरज ट्रेडर्स** फर्म दर्ता ठेगाना : काठमाडौं म.न.पा -२४, काठमाडौं<br>स्थायी लेखा नं. ३०१८१११४७, मिति : २०६२/०१/०१<br>**प्रोप्राइटर : शर्मिला पाण्डे (बुढाथोकी)**<br>**कर्जा शिर्षक : आवधिक तथा फोर्स कर्जा** |
| **व्यक्तिगत जमानत दिनेको विवरण** | | |
| **अमृत बहादुर पाण्डे**<br>ना.प्र.नं. ४५८०, जारी मिति : २०४१/०१/०७<br>जि. प्र. का. चितवन<br>बाबुको नाम : नारायण बहादुर पाण्डे<br>बाजेको नाम : भिम बहादुर पाण्डे<br>स्थायी ठेगाना : पदमपुर -२, चितवन | **शर्मिला पाण्डे (बुढाथोकी)**<br>ना.प्र.नं. १३८८/१५४४९, जारी मिति : २०४५/०२/३१<br>जि. प्र. का. काठमाडौं<br>बाबुको नाम : हरिभक्त बुढाथोकी<br>पतिको नाम : अमृत बहादुर पाण्डे<br>ससुराको नाम : नारायण बहादुर पाण्डे<br>स्थायी ठेगाना : का म.न.पा -०५, काठमाडौं | **सुरज पाण्डे**<br>ना.प्र.नं. २७१०६०/११७५८१<br>जारी मिति : २०७०/०४/०१, जि. प्र. का. काठमाडौं<br>बाबुको नाम : अमृत बहादुर पाण्डे<br>बाजेको नाम : नारायण बहादुर पाण्डे<br>स्थायी ठेगाना : का म.न.पा -२४, काठमाडौं |

**सिनामंगल शाखा, काठमाडौं**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **सन्त कुमार महतो**<br>ना.प्र.नं. २०९०/०४४, जारी मिति : २०५८/०७/२२, जि. प्र. का. चितवन<br>बाबुको नाम : मदरा महतो थारु<br>बाजेको नाम : चोकटा महतो थारु<br>स्थायी ठेगाना : बछौली-९, चितवन<br>हालको ठेगाना : टोखा न.पा. -०६, काठमाडौं<br>**कर्जा शिर्षक : घर कर्जा** | **कल्पना थनैत**<br>ना.प्र.नं.५७०३०, जारी मिति : २०६३/०८/१८, जि. प्र. का. नवलपरासी<br>बाबुको नाम : गोबिन्द सिंह थनैत<br>पतिको नाम : सन्त कुमार महतो<br>ससुराको नाम : मदरा महतो थारु<br>स्थायी ठेगाना : अग्यौली -७, नवलपरासी<br>हालको ठेगाना : टोखा न.पा. -०६, काठमाडौं |

**सुर्खेत शाखा, सुर्खेत**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **कृष्ण सापकोटा**<br>ना.प्र.नं. ६६६०१, जारी मिति : २०६१/०१/०७, जि. प्र. का. सुर्खेत<br>बाबुको नाम : हरीप्रसाद सापकोटा<br>बाजेको नाम : रविलाल सापकोटा<br>स्थायी ठेगाना : जर्बुटा-१, सुर्खेत<br>हालको ठेगाना : बिरेन्द्रनगर न.पा -११, सुर्खेत<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **प्रतिमा कँडेल**<br>ना.प्र.नं. २०९८३, जारी मिति : २०६२/०३/३०, जि. प्र. का. बर्दिया<br>बाबुको नाम : थाती प्रसाद कँडेल<br>पतिको नाम : कृष्ण सापकोटा<br>ससुराको नाम : हरीप्रसाद सापकोटा<br>स्थायी ठेगाना : नेउलापुर -६, बर्दिया<br>हालको ठेगाना : बिरेन्द्रनगर न.पा -११, सुर्खेत |

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००


## चुनावी एजेन्डामा सधैँ पर्ने, तर कहिल्यै पूरा नहुने दमक-चिसापानी सडक

### झापाको दमकदेखि इलामको पश्चिम-दक्षिणी गाउँपालिका माङ्सेबुङस्थित चिसापानी जोड्ने ३३ किलोमिटर सडक ०५६ यताका हरेक उम्मेदवारको घोषणापत्रमा पर्ने गर्छ

झापामा **चिरञ्जीवी घिमिरे**



अलपत्र दमक-चिसापानी सडक

कहिल्यै पूरा नहुने, तर सधैँ चुनावी एजेन्डामा पर्ने झापाको दमकदेखि इलामको पश्चिम-दक्षिणी गाउँपालिका माङ्सेबुङस्थित चिसापानी जोड्ने ३३ किलोमिटर सडक ०५६ सालयताका हरेक उम्मेदवारको घोषणापत्रमा पर्ने गरेको छ। झापा ५ देखि इलाम २ सम्म जोडिने यो सडक अढाई दशकदेखि चुनाव जित्ने हतियार बन्ने गरे पनि अझै पूरा भएको छैन। पछिल्लोपटक ०८१ मा भएको उपनिर्वाचनमा पनि उम्मेदवारको प्राथमिकतामा सडक स्तरोन्नति परेको थियो। तर, उपनिर्वाचन सकिएको २२ महिनासम्म काम भने शून्य छ। आसन्न निर्वाचनमा पनि झापा ५ का उम्मेदवार पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले पनि यो सडक निर्माणलाई प्राथमिकतामा राखेका छन्। त्यस्तै, इलाम २ का एमाले उम्मेदवार सुहाङ नेम्वाङ, कांग्रेसका भेषराज आचार्यले आफ्नो प्रतिबद्धतापत्रमा दमक-चिसापानी सडक निर्माण गर्ने प्रतिबद्धता जनाएका छन्।

दमकदेखि चिसोपानीसम्मको ३३ किलोमिटर सडक ट्र्याक खुलेको अढाई दशकसम्म पनि सहज यात्रा गर्न नसकेकोमा स्थानीय नागरिकमा भने निराशा र आक्रोश छ। पश्चिम-दक्षिणी इलाम र पाँचथरका नागरिकको लाइफलाइन मानिएको यो सडक नबन्दा हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने गरेको छ। पटक-पटक चुनावी नाराभै सीमित भएको यो सडकलाई यसपटक भने चुनावी मुद्दा नबनाउन मतदाताले आग्रह नै गरेको माङ्सेबुङ गाउँपालिका- ५ का धड्कन सम्बाहाम्फे बताउँछन्। 'धेरै लामो समयदेखि चुनावी नारा बनेको छ। तर, सडक बनेको छैन। यसपटक त हामीले बाटोको मुद्दा लिएर नआउँदा हुन्छ, हामीले बुझेका छौं भनेका छौं,' उनले भने, 'प्रत्येक चुनावमा मुख्य एजेन्डा बन्ने गरेको छ। नारा सुन्दा-सुन्दा दिक्क भइयो। अब विश्वास नै छैन।'

कहिल्यै पूरा नहुने यो सडक निर्माण हुनेमा स्थानीय नागरिकले आशा मारिसकेको माङ्सेबुङ-२, इभाङ्का शिशिर योङहाङ बताउँछन्। 'सुवास नेम्वाङले पनि यही मुद्दा उठाएर पटक-पटक चुनाव जितेका थिए। उनका छोरा सुहाङले पनि यही मुद्दा लिएर एकपटक चुनाव जिते। फेरि यही मुद्दा लिएर आएका छन्,' उनी भन्छन्, 'सधैँ चुनावी मुद्दा बन्छ। तर, बाटो बन्दैन। नागरिकले अब कसरी विश्वास गर्ने ? यही मुद्दामा आश्वासन दिएर नेताले कतिपटक भोट माग्ने ?'

इलाम २ बाट ०८१ को उपनिर्वाचनमा निर्वाचित सुहाङले यपिटक भने आफू निर्वाचित भएको १६ महिनामा सक्ने पहल गरेको दाबी गरे। 'मैले १६ महिनाको कार्यकालमा पहल गर्ने। चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा पनि राखियो। त्यसपछि जेन-जी आन्दोलन भयो। त्यसपछि बनेको सरकारको प्रधानमन्त्रीलाई पनि मैले भेटेर आग्रह गरेको छु,' उनी भन्छन्, 'मुद्दाका कारण ठेक्का प्रक्रिया सुरु भएको थिएन। अब ठेक्का प्रक्रिया अघि बढ्छ। पहिला पनि ठेक्का त लागेको हो। तर, हामी सबैले निगरानी गर्न नसक्दा निर्माण व्यवसायीले काम गरेनन्।'

इलाम २ मा कांग्रेसका उम्मेदवार भेषराज आचार्यले प्रतिबद्धतापत्रमा छुटे पनि आफ्नो पहिलो प्राथमिकता दमक-चिसापानी सडक भएको बताए। यो सडक इलाम २ को विकासको मेरुदण्ड रहेको उनको भनाइ छ।

'सडक हाम्रो पहिलो प्राथमिकता हो। यो यहाँको विकासको मेरुदण्ड नै हो,' उनले भने, 'यो सडकलाई कुनै पनि हालतमा छाडेर अरू विकासको काम अघि बढ्न सक्दैन।'

# नबिलको निःशुल्क शिविरमा ६५ बिरामीको जलन उपचार



**धनगढी**/ कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा तीनदिने 'नबिल निःशुल्क जलन उपचार शिविर' सम्पन्न भएको छ। १२ देखि १४ फागुनसम्म सञ्चालन भएको उक्त शिविरमार्फत ६५ जना जलनका बिरामीले निःशुल्क उपचार पाएको बैंकले जनाएको छ।

शिविरमा आएका २० जना बिरामीको सेती प्रादेशिक अस्पतालमै वरिष्ठ चिकित्सकले शल्यक्रिया गरेका थिए भने जटिल किसिमका १८ जना बिरामीलाई काठमाडौंको साँखुस्थित सुषमा कोइराला मेमोरियल अस्पतालमा रिफर गरिएको छ।

नबिल बैंक, सुषमा कोइराला मेमोरियल अस्पताल र सेती प्रादेशिक अस्पतालको संयुक्त आयोजनामा आयोजित उक्त शिविरमा सुदूरपश्चिम प्रदेशका विभिन्न ठाउँबाट बिरामी उपचारका लागि आएका थिए। लामो समयदेखि उचित उपचार तथा शल्यक्रियाको पर्खाइमा रहेका तथा विपन्न र आर्थिक अवस्था कमजोर भएका बिरामीले शिविरमा निःशुल्क उपचार पाएका थिए।

शिविरमा आएकी दुर्गा पाण्डेले शिविरमार्फत आफूले राम्रो सेवा पाएको बताइन्। उनले शिविरमा पाँच वर्षकी छोरीको घाँटीको शल्यक्रिया गराइन्। दुई वर्षअघि तेलले पोलेर घाँटीमा समस्या भएको थियो। 'विशेषज्ञ डाक्टरद्वारा तेलले जलेको घाउको सफलतापूर्वक शल्यक्रिया भयो। यस्तो सुविधा पाउँदा आयोजकलाई धन्यवाद दिन चाहन्छु,' उनले भनिन्।

सुषमा कोइराला मेमोरियल अस्पतालका प्राडा ईश्वर लोहनीको नेतृत्वमा विशेषज्ञ चिकित्सकको टोलीले शिविरमा सेवा प्रदान गरेका थिए। 'जटिल किसिमका बिरामी, जसलाई सघन उपचारको जरुरी थियो, हामीले उहाँहरूलाई काठमाडौंस्थित हाम्रो अस्पतालमा रिफर गरेका छौं,' प्राडा लोहनीले जानकारी दिए।

नेपालमा जलनका घटनासम्बन्धी समस्या ठुलो भएको उल्लेख गर्दै प्राडा लोहनीले पीडितले समयमा उपचार नपाउने, धामी-झाँक्रीकहाँ देखाउने आदिले गर्दा घाउ अझै बढ्ने र थप समस्या आउने बताए। शिविरले मानिसलाई उचित उपचारबारे सचेत गरेको र भविष्यमा यस्ता कार्यक्रमले विपन्न वर्गका मानिसलाई अझ लाभान्वित गर्ने उनको भनाइ थियो। आगो ताप्ने क्रममा दुवै हात जलेका ४२ वर्षीय भरत लुहारलाई थप उपचारका लागि काठमाडौं रिफर गरिएको छ।

# सिटिजन्स बैंक र मेदान्त हस्पिटलबिच छुट सम्झौता नवीकरण



**काठमाडौं**/ सिटिजन्स बैंक र भारतस्थित मेदान्त द मेडिसिटी अस्पतालबिच छुट सम्झौता नवीकरण गरिएको छ। सिटिजन्स बैंकका कार्डवाहक ग्राहकलाई अस्पतालको सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिनेसम्बन्धी समझदारीपत्रमा पुनः हस्ताक्षर भएको बैंकले जनाएको छ। समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले हस्ताक्षर गरेका हुन्।

यसअघि प्रदान गरिएको छुट सुविधा केवल मेदान्त, गुडगाउँमा मात्र लागू हुँदै आएको थियो। नयाँ सम्झौतापछि उक्त छुट सुविधा मेदान्तअन्तर्गतका मेदान्त नोएडा, मेदान्त सुपर स्पेसियालिटी अस्पताल, लखनउ, जय प्रभा मेदान्त सुपर स्पेसियालिटी अस्पताल, पटना, मेदान्त सुपर स्पेसियालिटी अस्पताल, इन्दौर, मेदान्त अब्दुर रज्जाक अन्सारी मेमोरियल विभर्स अस्पताल, राँची र मेदान्त अस्पताल, राँचीमा तथा पाँच मेडिक्लिनिकबाट समेत उपलब्ध हुने भएको छ।

आगामी दिनमा पनि ग्राहकलाई थप लाभान्वित गर्न बैंकले सहकार्यलाई पुनः निरन्तरता दिएको छ। सहकार्यले सिटिजन्स बैंक र मेदान्त द मेडिसिटी हस्पिटलबिचको सम्बन्ध अझ सशक्त भएको तथा भारतमा स्वास्थ्य उपचार गराउन जाने बैंकका ग्राहकलाई उपचारका क्रममा थप सहज सेवा प्राप्त हुने विश्वास बैंकले लिएको छ।

बैंकले देशैभरि ६१ जिल्लामा फैलिएका दुई सय शाखा, १६९ एटिएम, तीन विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ एकाइबाट आधुनिक सेवा प्रदान गर्दै आएको छ।

# बागमती विश्वविद्यालयमा बिमासम्बन्धी नयाँ कोर्स

**काठमाडौं**/ बागमती प्रदेश विश्वविद्यालयले नेपालमै पहिलोपटक बिमासम्बन्धी औपचारिक अध्यापन सुरु गर्ने भएको छ। बागमती प्रदेश विश्वविद्यालयले स्नातकोत्तर तहमा 'मास्टर अफ रिस्क एन्ड इन्स्योरेन्स म्यानेजमेन्ट' (एमआरआइएम) कार्यक्रम सुरु गरेको हो।

नेपालमा यसअघि त्रिभुवन विश्वविद्यालयले स्नातक तहमा बिमांकी अध्यापन सुरु गरे पनि बिमाको विषयमा छुट्टै शैक्षिक कार्यक्रम थिएनन्। हालै स्थापना भएको बागमती प्रदेश विश्वविद्यालय भने 'मास्टर अफ रिस्क एन्ड इन्स्योरेन्स म्यानेजमेन्ट' कार्यक्रम सुरु गरेको हो।

एमआरआइएम चार सेमेस्टरको स्नातकोत्तर कार्यक्रम हो। जोखिम व्यवस्थापन, बिमा, पुनर्बिमा, एक्चुरियल आधार, तथ्यांक विश्लेषण तथा नियामकीय संरचनाजस्ता विषयमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यसहित यो कार्यक्रम सुरु गरिएको विश्वविद्यालयका डिन गंगाराम विश्वकर्माले जानकारी दिए।

# आन्दोलनको क्षतिपछि पोखराको एनसेल सेन्टर पुनः सञ्चालनमा



**कास्की**/ पोखराको सिर्जना चोकमा रहेको एनसेल सेन्टर पुनः सञ्चालनमा आएको छ। जेन-जी आन्दोलनका क्रममा तोडफोडबाट क्षति पुगेपछि यो एनसेल सेन्टर बन्द थियो। मर्मत-सम्भारपश्चात् पुनः सञ्चालनमा ल्याइएको सेन्टरको बिहीबार एक कार्यक्रमबिच उद्घाटन गरिएको हो।

एनसेलकी ग्राहक सेवा प्रबन्धक ज्योति दाहाल र पोखरा नुडल्सका एचआर अफिसर यमप्रसाद गौतमले एनसेल सेन्टरको उद्घाटन गरेका हुन्। सेन्टरमा क्षति पुगेर बन्द भएपछि कम्पनीले अस्थायी रूपमा ग्राहक सेवा एक तलामाथि रहेको कार्यालयबाट प्रदान गर्दै आएको थियो।

कम्पनीले आफ्ना ग्राहकलाई एकै स्थानबाट विभिन्न सेवा प्रदान गर्दै विश्वस्तरीय सेवा-सुविधाको अनुभव प्रदान गर्ने उद्देश्यका साथ सेन्टर पुनः सञ्चालनमा ल्याएको जनाएको छ। यो सेन्टरबाट ग्राहकले सबै ग्राहक सेवा प्राप्त गर्न सक्नेछन्।

पोखरा एनसेल सेन्टरको पुनः सञ्चालनले ग्राहकलाई स्थानीय रूपमा विश्वस्तरीय सेवा प्रदान गर्न कम्पनी सधैं प्रतिबद्ध रहेको पुष्टि गर्ने एनसेलको दाबी छ। ग्राहक सेवालाई अझ सहज र गुणस्तरीय बनाउन एनसेलले देशका विभिन्न भागमा ३१ वटा एनसेल सेन्टर सञ्चालन गर्दै आएको छ।


**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
सधैं.....तपाईसँग
प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल।
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक।
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

**सिन्धु विकास बैंकको १६ औं वार्षिक साधारणसभा बस्ने बारे सूचना**
(प्रकाशित मिति २०८२/११/१७ गते)

आदरणीय शेयरधनी महानुभावहरु
यस विकास बैंकको मिति २०८२ फाल्गुन १५ गते शुक्रबारको दिन सम्पन्न हुने भनिएको १६ औं वार्षिक साधारण सभामा आवश्यक गणपुरक संख्या नपुगेर साधारणसभा स्थगित भएकोले स्थगित भएको उक्त १६ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा पुर्वनिर्धारित छलफलका विषयहरुमा छलफल गर्नेगरी राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गरी सोही साधारण सभा पुनः बोलाउने भनि यस विकास बैंकको सञ्चालक समितिको मिति २०८२ फाल्गुन १५ गते शुक्रवार बसेको ४७५ औं बैठकको निर्णय बमोजिम सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**
मिति : २०८२ साल फाल्गुन २९ गते शुक्रबार, (तदनुसार १३ मार्च, २०२६)
समय : बिहान १०:०० बजे
स्थान : अर्रानको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट:** वार्षिक साधारणसभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै: नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ९ बजे देखि सभा चालु रहुन्जेलसम्म साधारणसभा हुने हलको बाहिर पट्टी खुल्ला रहनेछ।



**बुद्धभूमी नेपाल हाईड्रोपावर कम्पनी लिमिटेड**
मुख्य कार्यालय: पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ०१-४५३०१५०, ईमेल: info@buddhabhumi.com
वेबसाईट : www.buddhabhuminepalhydro.com.np

**कम्पनीका संचालक लगायत आधारभूत शेयरधनीहरूलाई हकप्रद बापतको रकम जम्मा गर्ने समयावधि थप गरिएको बारे अत्यन्त जरूरी सूचना**

(प्रथम प्रकाशित मिति २०८२ फागुन २ गते)
(दोश्रो प्रकाशित मिति २०८२ फागुन १७ गते)

यस कम्पनीको हाल कायम चुक्ता पूँजी रु. ४०,००,००,०००/- (चालीस करोड) को १:१ को अनुपातमा रु. ४०,००, ००,०००/- बराबरको विद्यमान शेयरधनीहरूलाई हकप्रद शेयर निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त भएकोले सर्वसाधारण शेयरधनीहरूका लागि हकप्रद शेयर आवेदन खुल्ला गर्नु पुर्व धितोपत्र निष्काशन तथा बॉडफॉड निर्देशिका, २०७४ को निर्देशन नं. १२ (४) बमोजिम संचालक लगायत आधारभूत (चुक्ता पूँजीको १ प्रतिशत र सो भन्दा बढी शेयर धारण गर्ने) शेयरधनीहरूले आफुले लिनुपर्ने हकप्रद शेयर बापतको रकम बुझाउनु पर्ने व्यवस्था रहेको हुनाले आफ्नो हक हिस्सामा पर्न आउने हकप्रद शेयर बापतको प्रति शेयर रु. १००/- को दरले हुन आउने रकम मिति २०८२ फागुन २३ गते बैंकिङ्ग समयभित्र जम्मा गर्न समयावधि दिईएकोमा सो समयमा लामो सार्वजनिक विदा पर्न गएको हुनाले शेयरधनी महानुभावहरूको मागलाई मध्यनजर गरि हकप्रद शेयर बापतको रकम बुझाउने अन्तिम मिति २०८२ चैत्र २ गते बैंकिङ्ग समयभित्र जम्मा गरि दिनुहुन अनुरोध गरिन्छ। यदि कुनै सञ्चालक लगायत आधारभुत शेयरधनीहरूबाट हकप्रद शेयरको लागि आवेदन सहितको रकम प्राप्त नभएमा नियमानुसार हुने व्यहोरा समेत अनुरोध गर्दछौं।

| हकप्रद शेयर बापतको रकम दाखिला गर्ने बैंक खाताको विवरण | |
|---|---|
| बैंकको नाम | : NIC Asia Bank Ltd |
| खाताको नाम | : NIC ASIA CAPITAL-BUDDHABHUMI RIGHT SHARE |
| खाता नं. | : 0544454451025732 |
| खाता रहेको शाखा | : Thapathali |



**नबिल बैंक लिमिटेड, विराटनगर शाखा, मोरङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

(प्रकाशित मितिः २०८२/११/१७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिँदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/०१/३१ को आर्थिक राष्ट्रिय दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिँदिएको तपाँशल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा विराटनगर शाखा, मोरङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणीको नाम र ठेगानाको विवरण**<br>मान बहादुर पौडेलकी छोरी, गोवर्धन लामिछानेकी बुहारी, राजेश लामिछाने क्षेत्रीकी श्रीमती, मोरङ जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं ०३ स्थायी घर भई हाल मोरङ जिल्ला बिराटनगर म.न.पा वडा नं ०५ बस्ने, ना.प्र.नं. ८०७७१ (जारी मितिः २०६३/०८/०४, स्थान मोरङ) भएकी **लक्ष्मी लामिछाने**।<br>**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**<br>पुर्ण बहादुर लामिछानेको नाति, गोवर्धन लामिछानेको छोरा, मोरङ जिल्ला बिराटनगर न.पा वडा नं ०६ स्थायी घर भई हाल मोरङ जिल्ला बिराटनगर म.न.पा. वडा नं ०५ बस्ने, ना.प्र.नं. १४४७७ (जारी मितिः २०४५/१२/२७, स्थान मोरङ) भएको **राजेश लामिछाने क्षेत्री**। |
| २ | **ऋणी फर्म र फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण**<br>प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बिराटनगरमा मिति २०७८/०५/०४ मा प्रा.फ.र.नं. ३६०८३/०७८/७९, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **जय श्री शुभ लक्ष्मी स्टोर**।<br>ठेगानाः मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ०५।<br>**ऋणी फर्मका प्रोप्राइटरको विवरणः**<br>मान बहादुर पौडेलकी छोरी, गोवर्धन लामिछानेकी बुहारी, राजेश लामिछाने क्षेत्रीकी श्रीमती, मोरङ जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं ०३ स्थायी घर भई हाल मोरङ जिल्ला बिराटनगर म.न.पा वडा नं ०५ बस्ने, ना.प्र.नं. ८०७७१ (जारी मितिः २०६३/०८/०४, स्थान मोरङ) भएकी **लक्ष्मी लामिछाने**।<br>**ऋणी फर्मका व्यक्तिगत जमानतकर्ताको विवरण**<br>पुर्ण बहादुर लामिछानेको नाति, गोवर्धन लामिछानेको छोरा, मोरङ जिल्ला बिराटनगर न.पा वडा नं ०६ स्थायी घर भई हाल मोरङ जिल्ला बिराटनगर म.न.पा. वडा नं ०५ बस्ने, ना.प्र.नं. १४४७७ (जारी मितिः २०४५/१२/२७, स्थान मोरङ) भएको **राजेश लामिछाने क्षेत्री**।<br>**संयुक्त धितोको विवरण**<br>मोरङ जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं ०३ स्थायी घर भई हाल मोरङ जिल्ला बिराटनगर म.न.पा. वडा नं ०५ बस्ने **लक्ष्मी लामिछाने**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला बखरी गा.वि.स. वडा नं ०८ नक्सा सिट नं. ८ख मा अवस्थित कि.नं. २२६ र ५४७ क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-१-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा विराटनगर शाखा, मोरङ**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/०१ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा विराटनगर शाखा, मोरङ**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/०२ गते ३:०० बजे बैंकको **विराटनगर शाखा, मोरङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **विराटनगर शाखा,** मोरङमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



**Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital**
**Invitation for Bids**

**Date of First Publication: Sunday, 17th Falgun 2082 (1st March 2026)**

Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital invites electronic bids from eligible bidders for the below mentioned activities in Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital under National Competitive Bidding (SQ and NCB). Eligible Bidders may obtain further information at the office of Madan Bhandari Academy of Health Sciences or may visit PPMO website: *www.bolpatra.gov.np/egp*

| S. No. | Notice No. | Tender Description | Bid Document Fee | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1. | MBAHS/HH/ SQ/ PHYSIO/ 2082/083-006 | Procurement of Supply, Delivery and Installation of Physiotherapy Equipments for MBAHS, Hetauda Hospita | Rs.1000.00 | Rs.50,000.00 | (2082/12/02) 2026/03/16 (12:00 hours | (2082/12/02) 2026/03/16 13:00 hours |
| 2. | MBAHS/HH/ GOODS/ SURGICALITEMS/ NCB/ 1S1E/ 2082/83-22 | The Procurement of Supply and Delivery of Surgical Items for MBAHS, Hetauda Hospital | Rs.5000.00 | Minimum of NRs. 415,000, 185,000, 125,000, 440,000 and 225,000 for Package I-IV respectively | (2082/12/17) 2026/03/31 12:00 hours | (2082/12/17) 2026/03/31 13:00 hours |



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet

**Road Division Jumla**
**INVITATION FOR BIDS**

**Notice No. 082/83-06**

**First Date of Publication: 2082/11/17 (1st March, 2026)**

Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Jumla, Khalanga invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S.N. | Contract ID | Description and Location of work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Average Annual Construction Turnover (NRs.) | Bid Capacity (NRs.) | Bid Validity Period/ Bid Security Validity |
|---|---|---|---|---|---|---|---|
| 1. | RDJML/ 33701115/ 082/83-22 | **Road Improvement & Upgrading Works Including Structural Works Along Nagma (Ch:-0+000) To Dewar Gaun (Ch:-15+000) Section of Nagma - Gamgadhi Road (NH-60) Kalikot and Jumla.** | 20,000 | 2,00,00,000 | 488 million | 677 million | 120 days/ 150 days |
| **Activity** | | **Date** | | | | | **Time** |
| Submission of Bid | | 2082/12/17 (31th March, 2026) | | | | | 12:00 hours |
| Opening of Bid | | 2082/12/17 (31th March, 2026) | | | | | 13:00 hours |

Eligible Bidders may refer complete set of Bid Documents for further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division Jumla, or PPMO Website :- www.bolpatra.gov.np/egp

**Division Chief**

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०
आइतबार १७ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप

# श्रीलंकालाई हराए पनि पाकिस्तान विश्वकपबाट बाहिरियो

निर्णायक खेलमा श्रीलंकालाई १४७ रनभित्र रोक्नुपर्ने दबाबमा रहेको पाकिस्तान खेल जिते पनि विश्वकपबाट बाहिरियो, न्युजिल्यान्ड सेमिफाइनलमा



**एजेन्सी**

निर्णायक खेलमा सहआयोजक श्रीलंकालाई पाँच रनले पराजित गरे पनि पाकिस्तान आइसिसी टी-२० विश्वकपबाट बाहिरिएको छ। कोलम्बोमा पहिला ब्याटिङ गरेको पाकिस्तानले आठ विकेट गुमाउँदै दुई सय १३ रनको लक्ष्य दियो। प्रत्युत्तरमा श्रीलंकाले ६ विकेट गुमाउँदा मात्र दुई सय सात रन बनाउन सक्यो। पाकिस्तानले श्रीलंकालाई एक सय ४७ रन बनाउँदा रोकेको अवस्थामा मात्रै सेमिफाइनल प्रवेश गर्ने थियो।

शनिबार राति सुपर एटको समूह २ मा जित निकाले पनि पाकिस्तान न्युजिल्यान्डसँग नेट रन रेटमा पछि पऱ्यो। यो समूहबाट इंग्ल्यान्डसँगै न्युजिल्यान्ड सेमिफाइनलमा प्रवेश गरेका छन्। इंग्ल्यान्ड तीनमध्ये तीन खेलमै जित निकाल्न सफल भयो। समान तीन अंक भए पनि पाकिस्तानलाई पछि पार्दै न्युजिल्यान्ड दोस्रो स्थानमा रह्यो। श्रीलंका भने पुछारमा रह्यो। यसअघि नै समूह १ बाट दक्षिण अफ्रिका सेमिफाइनलमा प्रवेश गरिसकेको छ। अब, भारत र वेस्ट इन्डिजमध्ये एक टिम माथि बढ्नेछ।

श्रीलंकाको इनिङ्समा कप्तान दासुन सनकाले सर्वाधिक ७६ रन बनाएका थिए। उनले ३१ बलमा दुई चौका र ८ छक्का प्रहार गरेका थिए। सातौँ नम्बर क्रिजमा आएका दासुन चम्किएपछि पाकिस्तानको सपना पूरा हुन सकेन। पाभन रन्तायेकेले ३७ बलमा ५८ रन बनाए। पाकिस्तानका अबरार अहमेदले सर्वाधिक तीन विकेट लिएका थिए। साहिद साह अफ्रिदी, निसम शाह र मोहम्मद नावाजले समान एक विकेट लिएका थिए।

## साहिबजाद फरहानको दोस्रो शतक

पाकिस्तानको इनिङ्समा ओपनर साहिबजाद फरहानले दोस्रो शतक बनाए। उनी भारत र श्रीलंकामा चलिरहेको विश्वकपमा दुई शतक बनाउने एक्ला खेलाडी बनेका छन्। २९ वर्षीय दायाँहाते ब्याटरले श्रीलंकाविरुद्ध ६० बमाल एक सय रन बनाएका थिए। यसक्रममा उनले नौ चौका र पाँच छक्का हिर्काएका हुन्। उनले नामिबियाविरुद्ध पनि एक सय रन बनाएका थिए। यसअघि इंग्ल्यान्डविरुद्ध ६३ रन बनाएका हुन्।

साहिबजाद विश्वकपमा तीन सय ८३ रन बनाउँदै सर्वाधिक रनकर्ताको शीर्ष स्थानमा छन्। उनी एकै विश्वकपमा दुई शतक हान्ने पहिलो खेलाडीसमेत बने। यसअघि वेस्ट इन्डिजका क्रिस गेलले फरक विश्वकपमा दुई शतक बनाएका थिए। यस्तै, उनले विराट कोहलीले बनाएको ३१९ रनको कीर्तिमान पनि तोडेका छन्। पाकिस्तानको इनिङमा साहिबजादले फखर जमानसँग कीर्तिमानी एक सय ७८ रनको साझेदारी गरेका थिए। जमानले ४२ बलमा ८४ रनको योगदान गरेका थिए। तर, पहिलो साझेदारीपछि पाकिस्तानको ब्याटिङ चल्न सकेन। टिम डेथ ओभरमा रन बनाउन चुक्यो। बाँकी ३६ रन जोड्दा टिमले सात विकेट गुमाएको थियो।

श्रीलंकाका लागि डिल्सान मादुसांकाले सर्वाधिक तीन विकेट लिए। उनले चार ओभरमा ३३ रन खर्चिएका थिए। दासुन सनकाले पनि दुई विकेट लिएका थिए।

### सुपर ८ अंकतालिका

**समूह १**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| द. अफ्रिका | २ | २ | ० | ४ | २.८९ |
| वेस्ट इन्डिज | २ | १ | १ | २ | १.७९ |
| भारत | २ | १ | १ | २ | -०.१० |
| जिम्बावे | २ | ० | २ | ० | -४.४७ |

**समूह २**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| इंग्ल्यान्ड | ३ | ३ | ० | ६ | १.०९ |
| न्युजिल्यान्ड | ३ | १ | १ | ३ | १.३९ |
| पाकिस्तान | ३ | १ | १ | ३ | -०.१२ |
| श्रीलंका | ३ | ० | ३ | ० | -१.९५ |

### आजका खेल

| | | | | |
|---|---|---|---|---|
| जिम्बावे | दिउँसो ३:१५ बजे | द. अफ्रिका | | |
| भारत | राति ७:१५ बजे | वेस्ट इन्डिज | | |

# गर या मरको स्थितिमा भारत र वेस्ट इन्डिज



**एजेन्सी**/ 'गर या मर'को स्थितिबाट वेस्ट इन्डिज र भारत सेमिफाइनल प्रवेशका लागि आज प्रतिस्पर्धा गर्दै छन्। सुपर एटको समूह-१ को निर्णायक खेल कोलकाताको इडेन गार्डेनमा हुनेछ। यो खेलसँगै दुईमध्ये एक टिमले सेमिफाइनल स्थान सुरक्षित गर्नेछन्। हार्ने टिम सुपर एटबाटै बाहिरिनेछ। यो समूहबाट दक्षिण अफ्रिका लगातार जित निकाल्दै अन्तिम चारको स्थान सुरक्षित गरिसकेको छ।

समूहमा भारत र वेस्ट इन्डिज दुवैको समान दुई अंक छ। तालिकामा भारतभन्दा वेस्ट इन्डिजको नेट रनरेट बलियो रहेको छ। दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई पछिल्लो खेलमा नौ विकेटले हराएको थियो।

यो हारपछि वेस्ट इन्डिजले भारतसँगको खेल कुर्नुपरेको हो। यही जितपछि भारतको पनि सम्भावना खुलेको थियो। दक्षिण अफ्रिकाविरुद्ध जित निकालेको अवस्थामा वेस्ट इन्डिज पनि अन्तिम चारमा पुग्ने थियो। वेस्ट इन्डिजले १० वर्षअघि इडेन गार्डेनमा फाइनल जित्दै उपाधि उचालेको थियो। भारत सुपर एटको पहिलो खेलमा दक्षिण अफ्रिकासँग ७६ रनले पराजित भएपछि दबाबमा आएको थियो। दोस्रो खेलमा भने जिम्बावेलाई ७२ रनले हराउँदै सम्भावना बढायो। अभिषेक शर्माले पहिलो तथा हार्दिक पाण्ड्याले प्रतियोगिताकै दोस्रो अर्धशतक बनाएपछि भारत विश्वकपकै सबैभन्दा ठुलो स्कोर बनाउन सफल भएको थियो। भारत यही लय वेस्ट इन्डिजविरुद्ध देखाउन चाहन्छ। भारत यसअघि समूह 'ए'मा लगातार चार खेल जित्दै सुपर एटमा प्रवेश गरेको थियो। समूह विजेता बन्ने क्रममा अमेरिकालाई २९ रन, नामिबियालाई ९३ रन, पाकिस्तानलाई ६१ रन तथा नेदरल्यान्ड्सलाई १३७ रनले हराएको थियो। वेस्ट इन्डिज पनि समूह 'सी'को विजेता बन्दै सुपर एटमा प्रवेश गरेको थियो। पहिलो खेलमा स्कटल्यान्डलाई ३५ रन, दोस्रो खेलमा इंग्ल्यान्डलाई ३०, तेस्रो खेलमा नेपाललाई नौ विकेट तथा चौथो खेलमा इटालीलाई ४२ रनले पराजित गरेको थियो।

## बुमराह र हेटमेयरप्रति सबैको नजर

भारत र वेस्ट इन्डिजबिच खेल हुँदा स्टार खेलाडीहरू जसप्रित बुमराह र सिमरन हेटमेयर सबैको नजरमा पर्नेछन्। बुमराहले यो विश्वकपमा सात विकेट लिइसकेका छन्। उनले पाँच खेलमा १२.८५ औसतमा ५.६२ इकोनोमी राखेका छन्। प्रतियोगितामा वेस्ट इन्डिजका खेलाडीलाई रोक्न बुमराह तयार देखिन्छन्। वेस्ट इन्डिजका हरेक ब्याटर जुनसुकै बलरमाथि हाबी हुने क्षमता राख्छन्। उनीहरूले आफूलाई प्रमाणित पनि गरेका छन्। वेस्ट इन्डिजविरुद्ध भारतले मुख्य हतियार बुमराहलाई बनाउनेछ।

यता, हेटमायर आक्रामक ब्याटिङ गरिरहेका छन्। उनी हरेक खेलमा विपक्षीविरुद्ध आक्रामक देखिन्छन्। यस विश्वकपमा हेटमायरले दुई अर्धशतकसहित दुई सय २१ रन बनाएका छन्। उनको स्ट्राइक रेट १८२.६४ छ। उनले बनाएको सबै अर्धशतक कम बलमा छन्। त्यसैले पनि हेटमायर इडेन गार्डेनमा सबैको नजरमा पर्नेछन्। भारत र वेस्ट इन्डिज सन् २०१६ पछि पहिलोपटक विश्वकपमा प्रतिस्पर्धा गर्न लागेका हुन्। भारतका तिलक बर्मा भन्छन्, 'हामी वेस्ट इन्डिजविरुद्ध निडर भएर खेल्नेछौं।'

■ सुपर एटमा भारतको नतिजा

| विपक्षी | नतिजा |
|---|---|
| दक्षिण अफ्रिका | ७६ रनको हार |
| जिम्बावे | ७२ रनको जित |

■ सुपर एटमा वेस्ट इन्डिजको नतिजा

| विपक्षी | नतिजा |
|---|---|
| जिम्बावे | १०७ रनले विजयी |
| दक्षिण अफ्रिका | ९ विकेटको हार |

# सुजन राष्ट्रिय लिगमा ह्याट्रिक गर्ने पाँचौं खेलाडी



**नयाँ पत्रिका**

सुजन डंगोल राष्ट्रिय लिगमा ह्याट्रिक गर्ने पाँचौं खेलाडी बनेका छन्। शनिबार दशरथ रंगशालामा श्री भगवती क्लबका सुजन डंगोलले काँक्रेविहार क्लबविरुद्ध ह्याट्रिक गरेका हुन्। उनले तीनै गोल अन्तिम समयमा गरेका थिए। सुजनले ८७औं, ८९औं र इन्जुरी समयको चौथो मिनेटमा गोल गर्दै चौथो ह्याट्रिककर्ता बने यो लिगमा बनेको सबैभन्दा चाडो समयको ह्याट्रिक हो।

जुन खेलमा श्री भगवती ६-० को जित निकाल्न सफल भएको थियो। सुजनसँगै चर्च ब्वाइज युनाइटेडका मिलन राई, प्लानिङ ब्वाइज युनाइटेडका पापा इबोउ केबे, लालीगुँरास एसोसिएसनका अब्दुल युसुफ हाउले र संकटा क्लबका रिचर्डले शतक बनाएका छन्।

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा भइरहेको राष्ट्रिय लिग फुटबलमा कुल १७ टिम सहभागी छन्। जसमा १३ सहिद स्मारक ए डिभिजनका क्लब तथा एन्फा प्रेसिडेन्ट लिगबाट चार टिम छनोट भएका छन्। हिमालयन शेर्पा क्लब भने लिगमा सहभागी भएन। एन्फाले डिभिजन लिग आयोजना गर्न नसकेपछि राष्ट्रिय लिग आयोजना गरेको हो। लिगमा आधाभन्दा बढी खेल सम्पन्न हुँदा विभागीय टोली एपिएफ एफसी, लालीगुराँस एसोसिएसन र मच्छिन्द्र एफसी अपराजित छन्।

## ककसले गरे ह्याट्रिक

चर्च ब्वाइजका मिलन राई राष्ट्रिय लिगको पहिलो ह्याट्रिक गर्ने खेलाडी हुन्। उनले नव जनजागृति युवा क्लबविरुद्ध तीन गोल गरेका थिए। १६ माघमा एन्फा कम्प्लेक्समा भएको लिगको ३५औं खेलमा उनले २०औं, ४१औं र ६१औं मिनेटमा गोल गरेका थिए। जुन खेलमा चर्च ब्वाइजले ६-१ ले विजयी भएको थियो।

दोस्रो ह्याट्रिक प्लानिङ ब्वाइज युनाइटेडका पापा इबोउ केबेले गरे। फ्रेन्च फरवार्डले संकटाविरुद्ध ११ फागुनमा भएको खेलमा तीन गोल गरेका हुन्।

केबेले १९औं, ८२औं र ९०औं मिनेटमा गरी तीन गोल गरेका हुन्। केबे नेपालमा खेल्न आएकामध्ये सबैभन्दा सफल स्ट्राइकर मानिन्छन्।

लालीगुराँस एसोसिएसनका अब्दुल युसुफ हाउले ह्याट्रिक गर्ने तेस्रो खेलाडी हुन्। अब्दुल युसुफ हाउलेले काँक्रेबिहारविरुद्ध ३७औं ५५औं र ५६औं मिनेटमा गोल गरेका थिए। जुन खेलमा लालीगुराँस ४-१ ले विजयी भएको थियो। लिगको चौथो ह्याट्रिक संकटा क्लबका रिचर्ड ओन्यमाले गरे। उनले १५ फागुनमा एन्फा कम्प्लेक्समा चित्लाङ एफसीविरुद्ध एक मिनेट, पहिलो हाफको इन्जुरी समय र ७५औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेका थिए।

## खेल संक्षेप

### डायमन्ड अन्तिम चारमा

**कास्की**/ बाराही आवासीय माध्यमिक विद्यालय, चिल्ड्रेन लाइफ बोर्डिङ स्कुल, स्टेप बाई स्टेप सेकेन्डरी स्कुल र डायमन्ड सेकेन्डरी स्कुल पोखरामा जारी चौथो हिसान गण्डकी फुटसल प्रतियोगिताको अन्तिम चारमा प्रवेश गरेका छन्। शनिबारसम्पन्न प्लस-२ तर्फको क्वार्टरफाइनलको खेलमा बाराहीले न्यु ओएसिस एकेडेमीलाई ५-०, चिल्ड्रेन लाइफले प्रतिभा सेकेन्डरी स्कुललाई ६-०, स्टेप बाई स्टेपले फिस्टेल एकेडेमीलाई ८-३ र डायमन्डले बाल कल्याण माविलाई पेनाल्टी सुटआउटमा ५-४ ले हरायो। यसैगरी कलेजतर्फ इन्फरमेटिक्सले पोखरा लिंकन कलेजलाई २-१, लेकसिटीले गेन्स कलेजलाई १-०, इन्फोम्याक्सले पोखरा इन्जिनियरिङ कलेजलाई ६-३ र पिसिएमले सोच कलेज अफ आइटीलाई १-० ले पराजित गर्दै सेमीफाइनल प्रवेश गरेका हुन्।

### ब्रिटिस गोर्खाली क्रिकेट लिग हुने

**काठमाडौं**/ बेलायतमा प्रतिष्ठित नेपाली क्रिकेट प्रतियोगिता ब्रिटिस गोर्खाली क्रिकेट लिग (बिजिसिएल) आयोजक हुने भएको छ। त्यसका लागि मुख्य प्रायोजक शैक्षिक परामर्श संस्था 'ब्रिज इन्टरनेसनल' बनेको छ। प्रतियोगिताका लागि दुई संस्थाबिच यससम्बन्धी औपचारिक सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौता हस्ताक्षर समारोहमा बेलायती क्रिकेट जगत्का प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति थियो। कार्यक्रमका प्रमुख अतिथि तथा नेसनल एसियन क्रिकेट काउन्सिलका अध्यक्ष गुलफ्राज रियाज, ह्याम्पसायर क्रिकेट बोर्डका साइमन जोन्स र पूर्वइसिबी म्यानेजर पल बेडफोर्डले बेलायतमा नेपाली समुदायले क्रिकेटमार्फत पुऱ्याएको योगदानको प्रशंसा गरे।

### प्रियालाई उपाधि

**काठमाडौं**/ नेपाली अल्ट्रा धावक प्रिया राईले दोस्रोपटक एसिया ट्रेल मास्टर (एटिएम)को उपाधि जितेकी छिन्। हङकङमा भएको एसिया ट्रेल मास्टरमा प्रियाले महिला ७२ किमि नौ घन्टा ५७ मिनेटमा पूरा गर्दै स्वर्ण पदक जितेकी हुन्। हङकङकी मान यी चेउङ दोस्रो तथा सिंगापुरकी डेनिङ लो तेस्रो भए। प्रियाले लगातार दोस्रोपटक एसिया ट्रेल मास्टरको उपाधि जितेकी हुन्। उनले यसअघि सन् २०२४ मा पनि एसिया ट्रेल मास्टरको उपाधि जितेकी थिइन्। त्यसबेला नेपालबाट रशिला तामाङले तेस्रो हुँदै कांस्य जितेकी थिइन्। उनी दुईपटक एसिया ट्रेल मास्टर उपाधि जित्ने पहिलो नेपाली धाविका पनि हुन्।




**बुढीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कुल्देवमाण्डौं, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

**खुला बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/११/१७

1. Budhiganga Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the procurement of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Budhiganga Municipality, Office of The Municipal Executive, Kuldevmandu, Bajura, phone no. 9849904976 or, email: ito.budhigangamun7@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall not be held.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.

**Details of Works**

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) [Excluding VAT] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Bid Submission | Bid Opening |
| BM/ NCB/W/05/ 082-83 | Sigada school Building Construction Works | 3,000.00 | 3804501.77 | 95000.00 | Validity up to 120 days from the last date of bid submission | 2082/12/18 12:00 hrs | 2082/12/18 13:00 hrs |
| BM/ NCB/W/06/ 082-83 | Dhurlsain School Building Construction Works | | 3804501.77 | 95,000.00 | | | |

**Information to deposit the cost of bidding document & Bid Security (Cash) in Bank:**

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Name of the Bank | | Siddhartha Bank Limited, Falasain Branch, Bajura | |
| Name of the Office/Account Name | | Budhiganga Municipality, Bajura | |
| Office Code no: | | 801076903 | |
| Rajaswa Account no: | 03115263439 | Dharauti Account No. | 03115110332 |
| Rajaswa (revenue) Shirshak no: | 03115263439 | | |

5. The Budhiganga Municipality, Office of the Municipal Executive, Kuldevmandu, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**


# लिभरपुरको सहज जित



**एजेन्सी**/ लिभरपुरले शनिबार राति इंग्लिस प्रिमियर लिगमा सानदार जित निकालेको छ। घरेलु मैदान एनफिल्डमा लिभरपुलले वेस्ट हम युनाइटेडलाई ५-२ ले हरायो। लिभरपुलको जितमा हुगो एकिटिके, भर्जिल मान डाइक, एलिक्सेस म्याक एलिस्टर र कोडी गाक्पोले गोल गरे। वेस्ट हमका लागि तोमस सोचेक र भ्यालेन्टिन कास्टेलानोसले गोल गरे। वेस्ट हमका एक्सेल डिसासीले आत्मघाती गोल गरेका थिए। खेलको पहिलो हाफमा लिभरपुल ३-० ले अगाडि रहेको थियो।

यो जितपछि लिभरपुललाई शीर्ष चारको दूरी घटाएको छ। २८ मध्ये १४ खेल जित्दै टोली ४८ अंकसहित पाँचौं स्थानमा छ।

पराजित वेस्ट हमलाई भने रेलिगेसन तनाव बढेको छ। यो खेल जितेको भए पनि उसले रेलिगेसन क्षेत्र छाड्ने थियो। २८ खेलमा २५ अंक जोडेको वेस्ट इन्डिज २० टिम सहभागी लिगको १८औं स्थानमा छ। लिगमा ६१ अंकसहित आर्सनल शीर्ष स्थानमा छ।

म्यानचेस्टर सिटी, एस्टन भिल्ला र म्यानचेस्टर युनाइटेड शीर्ष चारभित्र छन्। त्यस्तै, अन्य खेलमा ब्रेन्टफर्डले बर्नलीलाई ४-३ ले हरायो। अर्को रोमाञ्चक खेलमा एभर्टनले न्यु क्यासल युनाइटेडलाई ३-२ ले हराएको थियो।